
# लेखापरीक्षण प्रतिवेदन

# उदयपुर

## २०७२।७३




## महालेखापरीक्षकको कार्यालय

### काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २. | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३. | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१. अस्पताल विकास समिति | ३ |
| | ३.२. कोष तथा लेखा नियन्त्रक कार्यालय | ३ |
| | ३.३. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ४ |
| | ३.४. गाईघाट-दिक्तेल सडक आयोजना | ७ |
| | ३.५. जिल्ला कृषि विकास कार्यालय | ११ |
| | ३.६. जिल्ला पशु सेवा कार्यालय | १३ |
| | ३.७. जिल्ला प्राविधिक कार्यालय | १६ |
| | ३.८. जिल्ला वन कार्यालय | १८ |
| | ३.९. जिल्ला विकास समितिको कार्यालय | २४ |
| | ३.१०. जिल्ला भू-संरक्षण कार्यालय | ३९ |
| | ३.११. जिल्ला शिक्षा कार्यालय | ४२ |
| | ३.१२. जिल्ला स्वास्थ्य कार्यालय | ४८ |
| | ३.१३. धरान चतरा गाईघाट कटारी सिन्धुली हेटौंडा सडक योजना | ५१ |
| | ३.१४. नापी कार्यालय | ५२ |
| | ३.१५. महिला तथा बालबालिका कार्यालय | ५३ |
| | ३.१६. यातायात व्यवस्था सेवा कार्यालय | ५३ |
| | ३.१७. शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय | ५४ |
| | ३.१८. सिंचाई विकास डिभिजन | ५९ |
| | ३.१९. स्थानीय विकास कोषको सचिवालय | ६२ |
| ४. | आन्तरिक लेखापरीक्षण | ६३ |
| अनुसूची १ : लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | | ६५ |
| अनुसूची २ : बेरुजूको स्थिति | | ६७ |
| अनुसूची ३ : जिम्मेवार पदाधिकारीको नामावली | | ६९ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था** : संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ। लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ। संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रबर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम २० कार्यलयको विस्तृत र २६ कार्यलयको आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएकोछ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण :** यस जिल्ला स्थित ४६ सरकारी कार्यालयको बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.४ अर्ब ६० करोड ६८ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गरिएका कार्यलय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ ।

२. **बेरुजू :** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ ।

यस वर्ष ३१ कार्यालयको प्रारम्भिक प्रतिवेदनवाट कूल दफा ३५७ र रु २५ करोड १५ लाख ७९ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धीत कार्यालयहरुलाई जानकारी गराइएको थियो । प्रतिवेदन अबधिसम्म १८ कार्यालयको प्रतिक्रियाबाट फछ्र्यौट र समायोजन भएका १०१ दफा र रु.९ लाख १७ हजार मिलान गरी ३० कार्यालयको दफा २५६ र रु.२५ करोड ६ लाख ६२ हजार बेरुजू बाँकी रहेको छ । लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिकृयाबाट फछ्र्यौट एवं समायोजन गरी बाँकी दफा कायम गरीएको छ । लेखापरीक्षणको क्रममा रु.२ लाख ९० हजार र प्रतिक्रियाबाट रु.१७ हजार समेत रु.३ लाख ७ हजार असुल भएको छ ।

बाँकी बेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.४३ लाख ९४ हजार, अनियमित रु.१९ करोड २४ लाख ६८ हजार र पेश्की रु.५ करोड ३८ लाख रहेको छ । यस सम्वन्धी विवरण अनुसूची २ मा उल्लेख छ ।

३. **सुझाव :** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो । प्राप्त अख्तियारी बमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुल उपर गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ । बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ३ मा दिइएको छ ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुल उपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुल उपर गरी फछ्र्यौट गर्नुपर्दछ ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १०० (३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ । तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाही सहित हानि नोक्सानी भएको रकम असुल उपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेश्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेश्कीको हकमा सम्झौता वा कबुलियतनामामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## अस्पताल विकास समिति

१. **आय-व्यय :** अस्पताल विकास समितिबाट प्राप्त आय-व्यय विवरण अनुसार गत वर्षको मौज्दात रु.३०,५०,०१०।– तथा यस वर्षको आम्दानी रु.१०,६५०,६४२।- समेत गरी जम्मा रु.१,३७,००,६५२।– आम्दानी मध्ये रु.१,१८,६०,९४९।- खर्च भई रु.१८,३९,७०३।– बाँकी देखिएको छ । गत वर्षको आय व्यय विवरणमा अन्तिम मौज्दात रु.८,१४,८७२।०८ देखाएकोमा यो वर्ष रु.२२,३५,१३८।- बढी हुनेगरी रु.३०,५०,०१०।०८ जिम्मेवारी सारेको छ । उक्त हिसावले समितिको आय-व्यय विवरणको यथार्थ चित्रण गरेको छैन ।

२. **सटर भाडा :** अस्पताल विकास समितिबाट प्राप्त विवरणअनुसार ५ सटर र १ चमेनागृह भाडामा रहेको देखिएको छ । सम्झौताबमोजिम ७ व्यक्तिले सटरको भाडा नबुझाएको र ढिलो बुझाएकोमा शर्त अनुसारको विलम्ब दस्तुर रु.२६,६६३।– असुल गरेको छैन ।

३. **अग्रिम कर :** आयकर ऐन, २०५८ बमोजिम थप पारिश्रमिक तथा भत्ता भुक्तानी गर्दा अग्रिमकर कट्टा गर्नुपर्ने व्यवस्था छ । अस्पतालले विभिन्न कर्मचारीलाई रु.२,५०,२५३।– भत्ता भुक्तानी गर्दा १ प्रतिशत सामाजिक सुरक्षा कर मात्र कट्टी गरी बाँकी रकम भुक्तानी दिएको छ । घटी देखिएको कर रकम समेत यकिन गरी असुल गर्नुपर्दछ ।

४. **सुरक्षित मातृत्व :** कार्यालयबाट प्राप्त विवरणअनुसार श्रावण, भाद्र र आश्विनको नमूना परीक्षण गर्दा यो वर्ष ४ पटकसम्म जाँच गरेको संख्या ९८० र सुत्केरी यातायात खर्च संख्या ७४५ मध्ये संस्थाको खातामा १०५९ नर्मल, अप्रेशन संख्या २८३ र जटिल (भ्याकुम) २०६ जनाको रु.३८,८७,५००।- जम्मा गरेको छ । नमूना परीक्षणमा सेवाग्राही र संस्थाको लाभग्राही संख्यामा फरक देखिएकोले संस्थाले पाउने भन्दा बढी निकासा दिएको रु.३,१८,०००।– फिर्ता गर्नुपर्दछ ।

५. **असुली :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(३) मा आन्तरिक लेखापरीक्षणबाट देखिएको वेरुजूको प्रमाण जुटाई अन्तिम लेखापरीक्षण हुनु अगाडिनै नियमित गराई वा प्रमाण पेश गरी वा असुल उपर गरी वेरुजू लगतकट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले २०७२।७३ को आन्तरिक लेखापरीक्षणबाट औंल्याएको वेरुजू लेखारीक्षणको अवधिमा रु.२,९०,६५०।- असुल गरी दाखिला गरेको छ

६. **असम्बन्धीत खर्च :** यो वर्ष समितिलाई प्राप्त अख्तियारीमा स्थानीय भत्ता समेतको अख्तियारी प्राप्त भएकोमा उदयपुर जिल्ला स्थानीय भत्ता नपाउने जिल्ला भएकोले उक्त रकम खर्च नगरी स्वत फ्रिज गराउनु पर्नेमा समितिले सो रकमलाई रकमान्तर समेत नगराई विभिन्न भत्ता भुक्तानीमा रु.५,४४,३३२।– खर्च गरेको छ । नियमानुसार रकमान्तर गराएर मात्र खर्च गर्नुपर्दछ ।

## कोष तथा लेखा नियन्त्रक कार्यालय

१. **तलवी प्रतिवेदन** : निजामति सेवा ऐनमा जिल्ला स्थित सरकारी कार्यालयहरुले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस वर्ष ४२ कार्यालयको तलवी प्रतिवेदन पारित गरेको पाइयो । २०७२ श्रावण महिनामा कुनै कार्यालयको तलवी प्रतिवेदन पारित भएको देखिएन । ऐन नियममा भएका व्यवस्था को पालना गराएर मात्र तलव भत्ता निकासा दिने तथा खर्च गर्ने गराउने व्यवस्था गर्नुपर्दछ ।

२. **वर्षान्तको खर्च :** नेपाल सरकारले वजेट खर्च र कारोवार सम्बन्धमा एकिकृत कोष प्रणाली लागू गरेको छ । एकिकृत कोष प्रणालीबाट कारोवार संचालन भईसकेकोमा कार्यालयहरुले मासिक तथा चौमासिक रुपमा खर्च प्रक्षेपण सहित कोष तथा लेखा नियन्त्रक कार्यालयमा अनुमानित खर्चको सिलिङ समेत पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष जिल्ला स्थित विभिन्न ४८ कार्यालयहरुको नाममा विनियोजन र अन्य कारोवार तर्फ रु.३,५३,७७,१२,०००।– निकासा दिई

खर्च गराएको छ । खर्च मध्ये २०७३ आषाढ महिनामा चालुतर्फ रु.४३,८३,७८,०००।– र पूँजीगत तर्फ रु.२८,८०,२६,०००।– निकासा दिई खर्च गराएको छ । उक्त रकम कुल खर्चको १५.०६ प्रतिशत देखियो । स्वीकृत कार्यक्रम र चौमासिक विभाजनका आधारमा निकासा र खर्च कारोवार गर्न लगाई आषाढ र वर्षान्तमा हुने आत्यधिक खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

३. **अर्थ वजेट निकासा** : अर्थ बजेटबाट निकासा गर्दा कर्मचारीहरुको नियुक्ति र अवकाश मिति खुलाई राख्ने व्यवस्था भएतापनि लेखापरीक्षणलाई प्राप्त विवरणअनुसार यस वर्ष कार्यालयले विभिन्न कर्मचारीहरुको औषधि उपचारमा रु.२,९९,९५,०००।– सञ्चित विदामा रु.१,९४,८३,०००।– र उपदानमा रु.२९,९१,०००।– अर्थ बजेटबाट निकासा दिएकोमा कर्मचारीको नियुक्ति र अवकाशको मिति खुलाई विवरण नराखेकोले विवरण तयार गरी निकासा दिनुपर्दछ ।

४. **कार्यान्वयन योजना** : कार्यालयवाट आन्तरिक लेखापरीक्षण गर्दा कार्यान्वयन योजना वनाउनु पर्ने व्यवस्था छ । लेखापरीक्षणमा प्राप्त विवरण अुनसार तीन चौमासिकमा बाँडफाँड गरी प्रथम चौमासिक मंसिर मसान्त द्वितीय चौमासिक चैत्र मसान्त र तृतीय चौमासिक श्रावण मसान्त कायम गरी कोष नियन्त्रकहरुको नेतृत्वमा टोली खडा गरी कार्य योजना स्वीकृत गरेको देखिन्छ । स्वीकृत कार्य योजना अनुसार कार्य सम्पन्न भए नभएको अभिलेख राख्नुपर्दछ ।

५. **प्रतिवेदन कार्यान्वयन** : आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम आन्तरिक लेखापरीक्षणबाट कायम भएको वेरुजू सम्बन्धीत कार्यालयले अन्तिम लेखापरीक्षण अगावै असुल फछ्र्यौट तथा नियमित गराउनु पर्ने व्यवस्था छ । यस कार्यालयबाट औंल्याएको मध्ये फछ्र्यौट भएको र हुन बाँकी वेरुजू अभिलेख अध्यावधिक गरेको नपाइएकोले सो सम्बन्धमा यकिन गर्न सकिएन ।

६. **लेखापरीक्षण** : कार्यालयबाट पेश भएको आर्थिक विवरण अनुसार विविध तर्फ आम्दानी खर्च गरेको रु.१,५०,००० को स्रेस्ता सक्कलै पेफा सचिवालयमा पठाएको जानकारी प्राप्त भएकोले उक्त कारोवारको लेखापरीक्षण भएको छैन ।

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय

१. **भत्ता** : पत्रकारहरुसंग २०७२/१०/११ मा आन्तरक्रिया गोष्ठी संचालन गरी एक कर्मचारीको नाममा भत्ता वितरण गरी खर्च लेखेकोमा बुझ्नेको भरपाई संलग्न गरेको नदेखिएको रु.४,२५०।– असुल गर्नु पर्दछ ।

२. **पाईप जडान** : खानेपानी विभागले योजनाको नाममा खरिद गरिएका पाइप सम्बन्धीत योजनामा लैजादा वा निकासी गर्दा खपतको विवरण प्राप्त भएपछि जिन्सी मौज्दात कट्टा गर्नुपर्ने गरी तोकिएको छ । यस वर्ष कार्यालयले २३ योजनामा पठाएको रु.४८,९५,७२१।– मूल्यका पाइप सम्बन्धीत योजनाका नापी किताबमा खपत र जडान गरेको विवरण बेगर नै जिन्सीबाट मौज्दात घटाएको देखिएकोले खपत भएको प्रमाण तथा नापी किताब पेश हुनुपर्दछ ।

३. **फिटिङ्स खरिद** : कार्यालयले यो वर्ष विभिन्न योजनाहरुको लागि फिटिङ्स खरिद गर्दा विनियोजित रकमबाट पटक पटक गरी सिलबन्दी दरभाउपत्र र सोझै खरिदको माध्यम अपनाई खरिद गरेको पाइयो । कार्यालयमा २२ योजनाको नाममा रु.३६,३८,६१६।- बराबरका फिटिङ्स सामान मौज्दात रहेकोमा यस वर्ष ती योजना तथा थप अन्य योजनाको लागि समेत रु.३८,८९,२८८।– का फिटिङ्स खरिद गरेको छ । योजनामा जडान तथा खपतको कार्य गराएको भने तापनि वर्षान्तसम्म जम्मा रु.७५,२७,९०३।– का फिटिङ्स मौज्दात रहेको छ । वार्षिक खपत गर्न सक्ने अवस्थाको विश्लेषण गरी आवश्यक फिटिङ्स खरिद गर्नुपर्ने देखिन्छ ।

४. **उपभोक्ता समितिको कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम रु.६० लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने व्यवस्था छ । कार्यालयले यो वर्ष ४२ खानेपानी योजना क्रमागत रुपमा सञ्चालन

गरी ती योजनाको नाममा पाइप फिटिङ्स खरिद तथा निर्माण कार्य गराउँदै भुक्तानी गरेको छ। उक्त योजना मध्ये ३ योजनाको लागत अनुमान रु.६० लाख भित्र रहेको छ । अन्य योजनाको लागत अनुमान घटीमा रु.६३ लाख ६६ हजार देखि रु.१० करोड ६ लाख ३६ हजारसम्म रहेको छ । तोकिएको सीमासम्मका लागत अनुमानको कार्य मात्र उपभोक्ता समिति मार्फत गराउनुपर्दछ।

५. **उपभोक्तालाई दिएको कामको अवस्था** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने व्यवस्था गरी सो काम सव कन्ट्राक्टरबाट गराउन नपाउने व्यवस्था रहेको छ । कार्यालय अन्तर्गत संचालित खैराहाफ्भोडा खानेपानी याजनामा सम्पवेल निर्माण लगायतको कार्य गर्न उपभोक्ता समितिसँग रु.१३,९१,९००।- को सम्झौता गरेकोमा उपभोक्ता समितिको २०७२/३/१४ को बैठक प्रस्ताव नं. २ मा उक्त निर्माण कार्य वर्षान्तको कारण देखाउदै ठेकेदार पक्ष वाहिरिसकेको कारण यो वर्ष निर्माण कार्य सम्पन्न नहुने देखिएकोले रकम फ्रिज हुन नदिन खर्च भई बाँकी रहेको रकम उचित विकल्प निकाली रकमको सहि सदुपयोग गराउन कार्यालयमा अनुरोध गर्ने निर्णय सहितको माइन्युट २०७३।३।१५मा कार्यालयमा दर्ता भएको छ । यो वर्ष उक्त योजनाको सम्पवेल निर्माण कार्यको दोश्रो रनिङ विल तयार गरी रु.५,६२,९००।- भुक्तानी गरेको पाइयो । कार्यालयले उक्त योजनामा के कसरी काम भएको हो भनी छानविन गराउँदा उपभोक्ता समितिले नै काम गरीरहेको तर समितिका सदस्य विच कामको बाँडफाँड गरेको, निजी ठेकेदारबाट काम नगरेको व्यहोराको पत्र प्राप्त भएको छ । उपभोक्ता समितिको खर्च सार्वजनिक गराई सव कन्ट्राक्टका सम्वन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।

६. **लागत अनुमान** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(२) मा लागत अनुमान अद्यावधिक नगरी सिलबन्दी दरभाउपत्र वा वोलपत्र आह्वान गर्न नपाउने व्यवस्था छ । जलजले खानेपानी योजनाको लागत अनुमानमा इलेक्ट्रो मेकानिकल कार्यको लागत रु.९६१४००।- रहेको देखिन्छ। योजनाको इलेक्ट्रो मेकानिकल कार्यको लागि रु.१३,८१,३९३।– को लागत अनुमान स्वीकृत गरी सिलबन्दी दरभाउपत्र आह्वान गरी एक निर्माण सेवाको रु.१३७९०७७।- को मालसामान तथा मेशिन औजार र फिटिङ सप्लाई सम्बन्धी कार्य र अन्य कार्य समेतको कूल रु.१५५८३५७।- भुक्तानी गरेको छ। नियमानुसार लागत अनुमान शंसोधन र स्वीकृति वेगर योजनामा भएको आइटमवाइज लागतभन्दा बढी लागतको कार्य गराई रु.५,९६,९५७।– खर्च गरेको छ। शंसोधित लागत अनुमान स्वीकृत गराएर मात्र खरिद र निर्माण कार्य गराउनु पर्दछ ।

७. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० ले निर्माण कार्यको लागत अनुमानमा ५ प्रतिशत थप रकम कन्टिन्जेन्सी वापत स्वीकृत गर्ने व्यवस्था छ । अर्थ मन्त्रालयको २०७०।१।२२ को परिपत्रबाट कन्टिन्जेन्सी रकमबाट मन्त्रालयको पूर्व स्वीकृतिमा पूँजीगत सम्पत्ति खरिद गर्नु पर्ने गरी व्यवस्था भएको छ। कार्यालयले यस वर्ष कन्टिन्जेन्सी रकम मध्येबाट विभिन्न योजनाको लागत अनुमानमा समावेश भएको रकम मध्ये रु.१४,९९,६००।– खानेपानी विभागमा पठाएको छ । विभाग पठाएको रकम बाहेकको कन्टिन्जेन्सी रकम इन्धन, गाडी मर्मत, स्टेशनरी तथा छपाई, सूचना प्रकाशन, दैनिक तथा भ्रमण भत्ता र अन्यमा कार्यमा खर्च गरेको छ । कन्टिन्जेन्सी रकमबाट खर्च गरिएका कार्यहरुमा कार्यालयलाई चालू खर्च तर्फबाट समेत बजेट व्यवस्था भएको छ । निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धीत कार्यमा मात्र खर्च गर्नुपर्ने गरी व्यवस्था भएको कन्टेन्जेन्सीबाट चालू खर्चमा खर्च गरेकोले सुधार हुनुपर्दछ।

८. **जिल्लागत खानेपानी** : नेपाल सरकारको खानेपानी नीति अनुरुप सन् २०१७ सम्म सबैलाई स्वच्छ खानेपानी उपलब्ध गराउने उदेश्य रहेको छ । लेखापरीक्षणमा प्राप्त विवरण अनुसार जिल्लाको जनसंख्या ३१७५३२ रहेको र सो मध्ये २०७२।७३ सम्म २२४६१० (८३.८९ प्रतिशत) लाई स्वच्छ खानेपानीको सुबिधा प्राप्त भएको देखिएको छ। स्वच्छ खानेपानी ८३.८९ प्रतिशतमा पुगेको उल्लेख

भएतापनि पाइप प्रणाली वाहेक ८४९६३ (२६.७५) जनसंख्याले वर्षातको पानी, मूल र इनारको पानी प्रयोग गर्ने गरेको उल्लेख छ। पाइप प्रणाली र गुणस्तरयुक्त पानीको सुविधा प्राप्त नभएको अवस्थामा ८३.८९ प्रतिशतलाई स्वच्छ खानेपानी पुगेको व्यहोरा भरपर्दो आधार देखिएन।

९. **आयोजना सञ्चालन** : खानेपानी तथा सरसफाई नीतिले खानेपानी योजनाहरुको निर्माण र सञ्चालन सम्बन्धी व्यवस्था गरी उपभोक्ता समूहको प्रत्यक्ष संलग्नता र श्रमदान समेत जुटाई खानेपानीको मुहान यकीन गरी वितरण प्रणालीमा उपभोक्ताको लागत सहभागिता समेत हुने व्यवस्था गरेको छ। कार्यालय अन्तर्गत ४४ क्रमागत योजना र ३ मध्यम तथा उच्च योजना समेत ४७ योजना रहेका मध्ये ९ योजनामा २०६८।६९ देखि हालसम्म रु.८ करोड ४४ लाख ६६ हजार खर्च भए पनि निर्माण कार्य अधुरो अवस्थामा रहेको छ। अधुरा रहेका योजना मध्ये ७ योजनाको हालसम्मको प्रगति ५० प्रतिशत भन्दा घटी र २ योजनाको ८ प्रतिशतभन्दा घटी रहेको देखिएको छ। बाँकी कार्य पूरा गराई समय मै सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ।

१०. **खर्च वृद्धि** : सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९७ अनुसार योजना सम्पन्न भएपछि उक्त योजनाको संचालन र मर्मतको कार्य उपभोक्ता समितिले नै गर्ने व्यवस्था छ। मतिगडा खानेपानी योजनाको थप विजुली महशुल वापतको रु.८०,७८०।- समेत पूँजीगत खर्च शीर्षकबाट भुक्तानी गरेको पाइयो। सम्झौताको शर्तअनुसार बाँकी कार्य पुरागरी योजना हस्तान्तरण गर्नुपर्दछ।

११. **लागत अनुमान संशोधन** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा काम शुरु गरिसकेपछि प्राविधिक कारणले कामको परिमाण थप घट भएमा र तोकिएको प्रतिशत सम्मको कार्यको तोकिएका पदाधिकारीले भेरियसन स्वीकृत गराएर मात्र खर्च गर्नुपर्ने व्यवस्था छ। मोतीगडा खानेपानी योजनाको स्वीकृत लागत अनुमान रु.२,२६,६५,०००।- भित्र चौकिदार क्वाटर, इलेक्ट्रिफिकेशन र फर्निचर फर्निसिङको आइटम समावेश भएको देखिदैन। लागत अनुमान संशोधन नगराई यो वर्ष उक्त कार्यमा रु.६,५७,६६०।- को थप आइटमको कार्य गराई भुक्तानी गरेको छ। शंसोधित लागत अनुमान स्वीकृति गराएर मात्र खर्च गर्नुपर्दछ।

१२. **थप काम** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा निर्माण कार्य सम्पन्न भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। ज्यामीरे खानेपानी योजनामा ओभरहेड टंकीको बाँकी कार्यका लागि उपभोक्ता समितिसँग सम्झौता गरी रु.२,५४,९००।- भुक्तानी गरेको छ। ओभरहेड टंकीको ठेक्का तर्फको काममा उल्लिखित कार्यहरु छुट भएको आधार समेत स्पष्ट नगरी भुक्तानी गरेको छ। सम्पन्न कामको कार्य सम्पन्न प्रतिवेदन तयार गरी स्वीकृति गराउनुपर्दछ।

१३. **लागत अनुमान स्वीकृति** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५ मा स्वीकृत भएको लागत अनुमान बमोजिम प्रत्येक वर्ष सिलबन्दी दरभाउ पत्र र वोलपत्र आहवाह्न गर्न सक्ने व्यवस्था छ। कार्यालय अन्तर्गत संचालित पंचमी खानेपानी योजनामा यो वर्ष इलेक्ट्रो मेकानिकल तर्फ रु.११,७५,७०९।- लागत अनुमान स्वीकृत गरी उक्त कार्य सिलबन्दी दरभाउपत्रबाट गराएको छ। कार्यालयले इलेक्ट्रो मेकानिकलको कार्य गराउन खडा गरेको विल अफ क्वान्टीटीमा मालसामान सप्लाई कार्य मात्र राखी सामान सप्लाई गरिसकेपछि पुनः विद्युतलाईन विस्तार, ट्रान्सफर्मर जडान सम्बन्धी छुट्टै कार्यको लागत अनुमान तयार गरी ठेक्का पट्टाबाट गराई रु.४,७३,०४०।- समेतको कार्यको भुक्तानी गरेको पाइयो। लागत अनुमान २०७३।९।२५ मा मात्र स्वीकृत भएकोमा सो अवधि अगावै छुट्टा छुट्टै प्याकेज तयार गरी कार्य गराएको छ। मितव्ययी र प्रतिस्पर्धात्मक आधारबाट कार्य गराउनुपर्दछ।

१४. **थप डिजाइन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५ ले स्वीकृत लागत अनुमान अनुसार कार्य नभएमा लागत अनुमान अद्यावधिक गराउनुपर्ने व्यवस्था छ। योजनाको लागि रु.१३,४८,६३,०००।- को संशोधित लागत अनुमान खडा गरेको आधारमा यो वर्ष कार्यालय भवन र सम्पवेल तथा ओभरहेड टंकीको निर्माण कार्य उपभोक्ता समिति र ठेक्कापट्टाबाट कार्य गरेको

पाइयो । योजनामा साविक डिजाइन बमोजिम २ वटा डिप ट्युवेल रहेको र सोही आधारबाट डिप वोरीङ्गको कार्य गराउन ठेक्कापट्टा भै कार्य गराउँदा वोरीङ्ग असफल भई २०७२।३।२० मा ठेक्का फाइनल भएको छ । योजनाको डिजाइन डिप ट्युवेल सिष्टमबाट स्वीकृत भएकोमा वोरिङ फेल भई यो वर्ष पुन ओभरहेड टंकीको समेत ठेक्कापट्टा भएको छ । यसै वर्ष उपभोक्ता समितिबाट समेत कार्यालय भवन, अपरेटर हाउस समेतको कार्य गराउन रु.३२,६२,५०३।- को सम्झौता गरी कार्य गराएको छ । संशोधित लागत अनुमान स्वीकृत गराएर मात्र योजनाको कार्य गराउनुपर्दछ ।

१५. **पेश्की** : आर्थिक वर्षको अन्यसम्म एक निर्माण व्यवसायीको नाममा बाँकी मोविलाइजेशन पेश्की रु.२६,००,०००।–असुल फछ्र्यौट गराउनुपर्दछ ।

१६. **कार्य सम्पन्न** : सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार पाँच योजनाको कार्य उपभोक्ता समिति मार्फत गराई यस वर्षको कामको रु.३९,०१,१५८।– भुक्तानी गरेकोमा कार्य सम्पन्न अभिलेख खडा गरेको नपाइएकोले सम्पन्न भएको कामको नियमानुसार कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

## गाईघाट-दिक्तेल सडक आयोजना

१. **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावलीको नियम, २० मा ठेक्कापट्टा स्वीकृत कार्य प्रथम चौमासिक अवधिमा समाप्त गरीनु पर्ने व्यवस्था छ । यो वर्ष कार्यालय अर्न्तगत ८ ठेक्का वन्दोवस्त गरेको मध्ये प्रथम चौमासिकमा २, दोश्रो चौमासिकमा १ र तेश्रोमा ५ ठेक्का वन्दोवस्त गरेको छ । आषाढ महिनामा सवै भन्दा वढी लागतको १ ठेक्का वन्दोवस्त गरेको छ । यस वर्षको ठेक्का कार्य मध्ये १ ठेक्काको मात्र कार्य सम्पन्न गरेको र बांकी ठेक्काहरु आगामी वर्षको लागि सारेको छ । तोकिएको अवधिभित्र कार्य सम्पन्न गराउनुपर्दछ ।

२. **खरिद योजना** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ ले वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयवाट प्राप्त खरिद कार्यक्रम सञ्चालन र खर्च सम्बन्धी विवरणको परीक्षण गर्दा यो वर्ष रु.८ करोड ३३ लाख ९१ हजारको कार्य वोलपत्र, सिलवन्दी दरभाउपत्र, सोझै र अमानत समेतवाट गराएको छ । प्रथम चौमासिकमा रु.८७,००,०००।–, दोश्रोमा रु.१,२९,९८,०००।–, तेस्रोमा रु.६,२३,९४,०००।– र आषाढमा रु.३,१५,१३,०००।– खर्च गरेको छ ।

२.१. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८(६) मा तालुक कार्यालयले खरिद कारवाही निर्धारित समयमा भए नभएको अनुगमन गर्नु पर्ने व्यवस्था भएतापनि खरिद योजना स्वीकृत नगराई कार्य गर्नाले नियमको पालना नहुनाको साथै वर्षको अन्त्यमा अधिक खर्च (७४.५५ प्रतिशत) गरेको मध्ये आषाढ महिनामा दिएको पेश्कीको अंश रु.७७,००,०००।- रहेको छ । खरिद कार्य गर्दा स्वीकृत खरिद योजनाको परिधिमा रहेर गर्नुपर्दछ ।

३. **प्रतिस्पर्धा** : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२(च) मा वोलपत्रदाताहरु विच खरिद सम्बन्धी काम वांडफांड गर्ने वा अन्य कुनै तरिकाले सार्वजनिक निकायलाई खुल्ला तथा स्वतन्त्र प्रतिस्पर्धाको लाभवाट वन्चित गर्ने उद्देश्यले वोलपत्र पेश गर्नु भन्दा अघि वा पछि मिलेमतो गर्न नहुने व्यवस्था रहेको छ । आयोजनाले यो वर्ष खरिद कार्य सन्चालन गर्न ८ ठेक्कापट्टाको प्याकेज तयार गरी वोलपत्र/दरभाउपत्रको माध्यमवाट खरिद कार्य गराउन सूचना आव्हान गर्दा ५२ वोलपत्र विक्री भएको मध्ये २८ वोलपत्र दाखिला (५३.८४ प्रतिशत) भएको छ । एउटा ठेक्कामा वोलपत्र विक्री संख्या १५ रहेकोमा र ३ वोलपत्र दाखिला भई मूल्यांकन गर्दा लागत अनुमानको तुलनामा १ प्रतिशत घटीमा ठेक्का स्वीकृत भएको छ । आयोजना अर्न्तगत यो वर्षका ठेक्का मध्ये सवैभन्दा घटी कवोल गर्नेको अंक लागत अनुमानको तुलनामा ६७.९८ प्रतिशत घटी रहेको र उक्त ठेक्कामा

७ थान बोलपत्र विक्री भएको मध्ये ४ थान दाखिला भएको छ । खरिद कार्य प्रतिस्पर्धात्मक हुने गरी गर्नुपर्दछ ।

४. **म्याद थप** : आयोजना अर्न्तगत १२ ठेक्का सञ्चालनमा रहेको मध्ये ६ ठेक्काको म्याद शुरु अवधिको तुलनामा ५० प्रतिशत तथा २ ठेक्काको अवधि १०० प्रतिशतसम्म थप भएको र १ ठेक्काको समयावधि शत प्रतिशत भन्दा वढी थप भइ सकेकोमा समेत निर्माण व्यवसायीसंग भएको खरिद सम्झौताको शर्त अनुसार संशोधित कार्य तालिका माग गर्ने र सो अनुसार नभएमा सम्झौताका अन्य शर्त अनुसारका थप कारवाही प्रक्रिया पुरा गरेको देखिएन । सम्झौता अनुसारको अवधिमा निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण प्रणाली** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ (१) मा कार्यालयले आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणली तयार गरी लागू गर्नु पर्ने व्यवस्था छ । कार्यालयले पूँजीगत बजेट रु.८,३६,९२,०००।- मध्ये रु.६,२३,९४,०००।- (७४.५५ प्रतिशत) तेस्रो चौमासिकमा गरेको र सो मध्ये रु.३,१५,१३,०००।- (३७.६५ प्रतिशत) आषाढमा खर्च गरेको, खरिदको गुरुयोजना र संशोधित खरिद योजना तयार नगरेको, जिन्सी आम्दानी नबाँधिएका जिन्सी मालसामान, जिन्सी मालसामानको संरक्षण र सम्भारको अवस्था, जिन्सी मालसामानको हानी नोक्सानीको अवस्था, एकै किसिमका मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरिएको परिमाणको तुलनात्मक विवरण लगायतका व्यहोराहरु तयार नगरेको, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार मोटरसाइकल लगायतका मालसामान मर्मत हुन नसकी लिलाम गर्नु पर्ने उल्लेख भएकोमा लिलाम विक्री सम्बन्धी कारवाही नगरेको, प्रत्येक निजामती पदको कार्य विवरण बनाई लागू गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुरुप कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको, नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यन्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकोमा त्यस्तो संयन्त्र तर्जुमा नगरेको आदि अवस्था देखिएकोले ऐन, नियममा भएका व्यवस्थाको पूर्ण पालना गरिनु पर्दछ ।

६. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची-१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र अन्य सानातिना खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ । यो वर्ष योजनाले मेशिनरी औजार, फर्निचर, सुपरभाईजर ज्याला, कार्यालय सामान, सूचना प्रकाशन, गाडी मर्मत, इन्धन, अनुगमन तथा भ्रमण, अन्य र तालुक विभाग/मन्त्रालय पठाएको समेत रु.४८,५२,३६४।– कन्टिन्जेन्सी खर्च लेखेको पाईयो । उक्त खर्च यस वर्षको विनियोजनको ३.४ प्रतिशत र यस वर्षको कुल सार्वजनिक निर्माण खर्चको ५.७९ प्रतिशत हुन आउछ । योजनागत कन्टिन्जेन्सीको अभिलेख राखी खर्च नगरेकोले सम्बन्धीत योजनाको कुल लागत अनुमानसँग कन्टेन्जेन्सी खर्चको तुलना गर्न सकिएन ।

६.१. कन्टिन्जेन्सी खर्च गर्ने सम्वन्धमा वर्कचार्ट स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्वन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन साथै यस सम्वन्धमा सम्वन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन । अतः कन्टिन्जेन्सीबाट निर्माणसंग सम्वन्धित प्रत्यक्ष कार्यमा मात्र खर्च गर्नुपर्दछ ।

६.२. विभिन्न खर्च संकेत नं. बाट खर्च लेखांकन गर्नुपर्ने रकमहरु जस्तै दैनिक भ्रमण भत्ता, इन्धन खर्च, गाडी, मोटरसाईकल मर्मत, स्टेशनरी छपाई, सूचना प्रकाशन, चिया खाजा खर्च जस्ता कार्यमा खर्च गरेको रु.५,११,१४०।- समेत खर्च संकेत नं. २९६११ (सार्वजनिक निर्माण) शीर्षकबाट खर्च लेखेको देखिएको छ । जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिदैन ।

कार्यालय संचालनसंग सम्वन्धित खर्चहरुको लागि चालु खर्च मा बजेट व्यवस्था भएको देखिन्छ। त्यस्ता कार्यको लागि बजेट नपुग भएमा सोही उपशीर्षकमा थप गरी खर्च गर्नुपर्नेमा सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको नियमा संगत देखिएन।

६.३. कन्टिन्जेन्सीबाट मष्टरोल मार्फत रु.१०,८८,७८०।- ज्याला खर्च लेखेको छ। निर्माणाधीन सडक खण्ड र पुलहरुमा सुपरभाइजर काममा लगाई निजहरुलाई पारिश्रमिक वापत उक्त खर्च लेखेको देखिन्छ। स्पष्ट मापदण्ड तथा आधार वेगर नै सुपरभाईजर नियुक्ति गरेको र निजहरुले सम्पादन गरेको कामको सम्वन्धमा मासिक रुपमा कि.मी. खुलाई रेखदेख गरेको आधारमा खर्च हुने गरेको छ। यसबाट उक्त खर्चको उपादेयतामा विश्वस्त हुने आधार रहेन।

६.४. कन्टिन्जेन्सी रकमबाट पत्रपत्रिकामा सूचना प्रकाशित गर्दा सार्वजनिक खरिद ऐन, नियम बमोजिम प्रक्रिया नपुऱ्याई सोझै खरिद विधि अन्तर्गत रु.६,१०,९९०।- को सूचना प्रकाशन गरेको समेत देखिएको छ।

७. **भेरिएसन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता वमोजिम कार्य शुरु गरेपछि प्राविधिक कारणवाट त्यस्तो कामको परिमाणमा थपघट गर्न आवश्यक देखिएमा पदाधिकारीले तोकिएको प्रतिशतको दरमा प्राविधिक पुष्ट्याई तयार गरी भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ। नेपाल सरकार सचिवस्तरीय २०७३/३/२४ को निर्णयबाट शुरु लागत अंक र विलअफ क्वान्टीटी भन्दा बढीको भुक्तानी गर्नु अगाडी अनिवार्य रुपमा भेरिएसन आदेश तथा संशोधित लागत अनुमान स्वीकृत गराएर मात्र भुक्तानी गर्नेव्यवस्था छ। कार्यालयले यस वर्ष १ ठेक्काका निर्माण व्यवसायीलाई सम्झौता परिमाणभन्दा बढी परिमाणको कार्यको रु.५,७२,२४९।– भुक्तानी गरेकोमा उल्लिखित व्यवस्था अनुसार भेरिएसन आदेश स्वीकृत नगराई थप कामको भुक्तानी दिएको नियमित मान्न सकिएन।

८. **मूल्य समायोजन** : सार्वजनिक खरिद नियमावलीको नियम ११९ ले मूल्य समायोजनको व्यवस्था गरी मूल्य समायोजन गरिने व्यवस्था खरिद सम्झौतामा गर्नु पर्ने र सम्झौता गर्दा उल्लेख गर्नु पर्ने कुराहरु समेत तोकि दिएको छ। वरुवाखोला पुल निर्माण गर्ने निर्माण व्यवसायीलाई खरिद सम्झौता भन्दा फरक हुने गरी यो वर्ष रु.१३०८८९५।- मूल्य समायोजन रकम भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ।

९. **थप म्याद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ ले सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा अपनाउनु पर्ने व्यवस्थाहरुको वारेमा उल्लेख गरी कार्ययोजना र अनुगमन तालिका वनाउनु पर्ने व्यवस्था छ। कार्यालयले त्रियुगा पूल (शिवाई) निर्माण कार्य गर्ने एक निर्माण व्यवसायीलाई काम सम्पन्न गर्नुपर्ने शुरु सम्झौता अवधि २०७०/३/२२ मा म्याद थप गरी २०७३।३।२२ पुऱ्याई हालसम्म मूल्य समायोजन वापत रु.४८,४५,०००।– समेत रु.४,०९,४८,०००।– भुक्तानी गरेको छ। पछिल्लो पटक थप भएको म्यादमा कुनै कार्य नगरी यस वर्षको योजनाको काममा स्वीकृत भएको बजेट रु.४५,००,०००।–समेत फ्रिज गराएको छ। शंसोधित कार्यतालिका माग गरी सम्झौताको शर्त अनुसारका थप कारवाही गरी बाँकी कार्य पूरा गराउनु पर्दछ।

१०. **अमानतको कार्य** : आयोजनाले यो वर्ष २०७३/३/२४ एच.डि.इ.पि.पाइप खरिद गरी रु.२ लाख ९९ हजार खर्च गरेको छ। स्वीकृत कार्यक्रम वेगर पाइप खरिद गरी निर्माण व्यवसायीले सडक निर्माणको कार्य गर्दा सिंचाई कुलोमा क्षति भएर मर्मत गर्न उपभोक्ता समितिलाई पाइप बुझाएकोमा सम्बन्धीत योजनाको नापी कितावमा चढाई प्रमाणित गरेको नपाइएकोले पाइप खरिदको आवश्यकता र खर्चको पुष्ट्याई सहितको प्रमाण पेश हुनुपर्दछ।

११. **जग्गा खरिद** : नेपाल सरकारलाई आवश्यक हुने जुनसुकै जग्गा खरिद गर्न जग्गा प्राप्ती ऐन, २०३४ मा व्यवस्था भएको छ । कार्यालयलाई प्राप्त जग्गा खरिदको रकमबाट यो वर्ष उदयपुर जिल्ला आँपटार गाउँ विकास समिति बडा नं. ३ को कित्ता नं. ३१ को क्षेत्रफल २-१५-१-० र कित्ता नं. १३, ३० को क्षेत्रफल ४-९-२-० भएको जग्गा धनीहरुसँग सोझै वार्ता गरी रु.२४९०४६८ मा खरिद गरी भुक्तानी गरेको छ । भौतिक योजना तथा पूर्वाधार मन्त्रालयको २०७२/९/१ को पत्रबाट योजना प्रमुखलाई जग्गा खरिदको लागि प्रारम्भिक कारवाही चलाउने अधिकारी तोकिएको भएतापनि जग्गा प्राप्ती ऐन, २०३४ अनुसार समितिबाट निर्णय नगरी २ जग्गाधनीसँग सोझै खरिद गरेको छ । कानूनको प्रक्रिया पूरा गरी मात्र जग्गा खरिदको कार्य गर्नुपर्दछ ।

१२. **कामको नापजाँच** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ विल को भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पन्नको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । योजना कार्यालयले यो वर्ष एक निर्माण व्यवसायीलाई ट्रयाक कटिङ कार्यको विल भुक्तानी गर्दा लागत अनुमान तयार गरी स्वीकृत गरेको कार्य परिमाण बराबरको परिमाणको रनिङविल तयार गरी भुक्तानी गरेको छ । विल अफ क्वान्टीटीमा खनेको माटो इन्जिनियरको निर्देशनमा उपयुक्त स्थानमा फ्याक्ने समेतको कार्य गुर्नपर्नेमा मेन्जरमेन्ट वुकमा फिलिङको परिमाण नराखि सम्झौता परिमाण भन्दा १७ घ.मी. मात्र घटी देखाई वाँकी परिमाणको रु.२,२३,९५०।– भुक्तानी गरेको र लागत अनुमानमा उल्लिखित चेनेजभन्दा फरक चेनेज देखिएकोमा काम नापजाँच गर्दा वास्तविक आधारबाट गरेको नपाइएकोले उल्लिखित आइटमको भुक्तानी गरेको भुक्तानी नियमित देखिएन । कामको नापजाँच र चेनेज खुलाएर विल तयार गरी भुक्तानी गर्नुपर्दछ ।

१३. **रनिङ विल भुक्तानी** : योजना कार्यालयले यो वर्ष एक निर्माण व्यवसायीलाई कामको नापजाँच गरी रनिङ विल तयार गरी रु.३०,३५,०१९।– भुक्तानी आदेश पठाएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट २०७३।३।२५ पछि को भुक्तानी आदेश माग गरेकोमा विल भर्पाई परीक्षण गर्दा म्याद थपको शर्त बमोजिम कट्टा गर्नुपर्ने पूर्व निर्धारित क्षतिपूर्ति नलिएको आधारबाट सो आदेश फिर्ता पठाएको छ । निर्माण व्यवसायीले यसै आर्थिक वर्षमा कामको विक्री देखाई कर वीजक जारी गरेकोमा उक्त वीजक समेत फिर्ता गरेको देखिएन । कर वीजक जारी गरी विक्री गरेको कामको भुक्तानी नभएकोमा कार्यालयले २०७३/३/३० बाट निर्माण व्यवसायीको नामबाट कट्टी देखाएको पेश्की रु.४,००,०००।- धरौटी, अग्रिम कर निर्माण व्यवसायी कोष समेतका रकमहरु वास्तविक रुपमा कट्टी र जम्मा नभएको अवस्था देखियो । त्यसै गरी २०७३/३/३० मा एक जे.भि.को नाममा पेश्की जनाई भुक्तानी आदेश पठाइएको रकम रु.४,१३,००,०००।- समेत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट फिर्ता भई आएको देखाई खर्च घटाएको छ । म्याद थपको अवधि पूरा भैसकेको निर्माण व्यवसायीको कामको भुक्तानी गर्नु अगावै सम्झौताको शर्त अनुसारका प्रक्रिया पुरा गरेर मात्र भुक्तानी आदेश तयार गर्नुपर्दछ ।

१४. **घरको आइटमको भुक्तानी** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ विल, विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको आइटममा एउटा आरसीसी घर र फर्निचरको आइटम राखी एकमुष्ठ भुक्तानी प्रकृयाबाट गरिने व्यवस्था गरेको छ । निर्माण कार्यको सम्झौता अवधि २०७४।९।२० सम्म रहेको ठेक्कामा घरको आइटममा निर्माण व्यवसायीले एकमुष्ठ रु.३०,००,०००।- दर उल्लेख गरेको पाइयो । यो वर्ष २०७३।३।५ मा प्रथम रनिङ विलको भुक्तानी लिएको र सो विलमा सो आइटमको काम भएको पाइएन । उक्त घरको भुक्तानी गर्दा ठेक्काको अवधि २.५ वर्ष रहेकोले घर निर्माण गरी बुझाएको अवधिको गणना गरी समानुपातिक दरमा कट्टी गरेर मात्र रकम भुक्तानी गर्नुपर्दछ ।

१५. **वेली ब्रिज क्षति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा जिन्सी मालसामानको हानी नोक्सानी नहुने गरी संरक्षण र संभार गर्ने दायित्व सम्बन्धीत कार्यालय प्रमुखको हुने व्यवस्था छ । आयोजना अन्तर्गतको सुनकोशी नदीमा वेली ब्रिज जोडने र निकाल्ने कार्यका निर्माण व्यवसायीले यो वर्ष वेली ब्रिज निकाल्ने क्रममा वेली ब्रिजका केही मेम्वरमा नोक्सानी गराएको कारण देखाई निर्माण व्यवसायीलाई मेम्वरहरु १० दिन भित्र मर्मत गर्न रु.१५ लाखको वैंक ग्यारेन्टी समेत लिएको पाइयो । निर्माण व्यवसायीले मर्मत गर्न लगेका मेम्वर पुरै फिर्ता नभएको भनी वैंक ग्यारन्टी रकम मध्ये (२०७३।८।८ मा) रु.१३,८४,३४२।- ग्यारेन्टीबाट रकम लिई धरौटी खातामा राखेको पाइयो । नोक्सान भएका मेम्वरहरुको मूल्य कायम गर्दा २०७०।७१ मा विभागबाट खरिद गरिका वेली ब्रिजको मूल्यको आधार लिएको छ । नोक्सानी भएको मालसामानको प्राविधिक जाँचबाट मर्मत पछि पनि उपयोग नहुने भएमा क्षति भएको सम्पूर्ण रकम निर्माण व्यवसायीबाटै असुल गर्नुपर्नेमा विभागमा स्टोर दाखिला गर्दा देखाएको मूल्यकै आधारमा मात्र आशिंक मेम्वर वुझिलिएको र ग्यारेन्टीको पुरै रकम नलिएको मिल्ने देखिएन । यस सम्बन्धमा तालुक निकायबाट समेत यकिन गर्नुपर्दछ ।

१६. **पेश्की** : आर्थिक वर्षको अन्त्यसम्म दुई निर्माण व्यवसायीको नाममा रहेको मोविलाइजेशन पेश्की रकम रु.७७,००,०००।– असुल फछ्र्यौट हुनु पर्दछ ।

## जिल्ला कृषि विकास कार्यालय

१. **वार्षिक कर्यक्रम** : आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम प्रत्येक कार्यालयले आफ्नो स्वीकृत कार्यक्रम र अख्तियारी अनुसार कार्य तोकिएको क्षेत्र (पकेट) र चौमासिक भित्र संचालन गर्नुपर्ने व्यवस्था छ । कृषि प्रसार आयोजना तर्फको स्याउ सुकाउने ड्रायर, ग्रामीण अगुवा कृषि कार्यकर्ता परिचालन तथा म्याचिङ फण्ड संचालन र गाउँ विकास समिति/नगरपालिका स्तरिय सहजकर्ता अभिमूखीकरण गोष्ठीका कार्यक्रमको प्रगति भएको देखिएन । कार्यालयले सेवा पुऱ्याएका गाउँ विकास समिति/ नगरपालिकालाई सुगम, मध्यम र दुर्गम गरी छुट्याइएकोमा जिल्लामा स्वीकृत ८ कार्यक्रम अधिकाशं नगरपालिका, सुगम गाउँ विकास समिति तथा मध्यम सुगम क्षेत्रमा संचालन गरेको र दुर्गम गाउँ विकास समितिमा कार्यक्रम नै संचालन नगर्ने वा न्यून मात्र कार्यक्रम लैजाने गर्नाले स्वीकृत कार्यक्रम, आवधिक योजनाको लक्ष्य तथा विशेष कार्यक्रमले लिएको अपेक्षित उपलब्धी हासिल भएको मान्ने आधार देखिएन ।

२. **आन्तरिक नियन्त्रण व्यवस्था** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५ (१) मा कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी कार्यदक्षता र प्रभावकारी ढँगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन र प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली लागु गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गतका कर्मचारी विभिन्न सेवा केन्द्र उपकेन्द्रमा खटीई रहने गरेकोमा मासिक तलव भुक्तानी गर्नु अगावै हाजिरी प्रमाणित हुने नगरेको, कार्यक्रम संचालन गर्न पेश्की माग गर्दा लागत अनुमान सहितको प्रस्ताव पेश गरी स्वीकृत गरिएको आधारमा मात्र पेश्की उपलब्ध गराउनुपर्नेमा सो बमोजिम नभएको, आर्थिक वर्षको अन्तमा समेत कार्यक्रम संचालन को लागि पेश्की दिई बाँकी राख्ने गरेको, वार्षिक खरिद योजना तयार गरी स्वीकृत अवधिमा मात्र खरिद गर्नुपर्नेमा खरिद कार्य स्वीकृत योजना अनुसार नभएको, जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम विक्री गर्नुपर्ने उल्लेख गरिएका मालसामानको लिलामी कारवाही प्रारम्भ नगरेको र काज तथा भ्रमणमा खटिने कर्मचारीको भ्रमण अभिलेख दुरुस्त नराखेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियममा भएका व्यवस्था लागु गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी वनाउनु पर्दछ ।

३. **कार्यक्रम छनौट र स्वीकृति** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २१ (२) मा कार्यालयले वार्षिक कार्यक्रम प्राप्त भएपछि सो छानविन गरी आवधिक योजनाको नीति अनुरुप र

उपलब्धी मुलक भए नभएको जाँची अन्तिम रुप दिने काम तालुक कार्यालयको हुने व्यवस्था छ। जिल्लाका कंग, हडिया, सिवाई, नदी प्रणाली अर्न्तगतका जोगीदह, हडिया र सुन्दरपुर गाउँ विकास समितिमा मात्र कार्यक्रम संचालन गर्ने गरी स्वीकृत राष्ट्रपति तराई मधेश संरक्षण कार्यक्रमबाट अन्य कार्यक्रमका क्रियाकलाप सरह साना सिंचाई कूलो मर्मत, कृषि उपज बजार संकलन केन्द्र, फलफूलका विरुवा वितरणका कार्यक्रम संचालन गरी खर्च गरेको पाइयो। अन्य कार्यक्रम तर्फ कृषकको लागत सहभागिता रहने गरेकोमा यसबाट संचालित कार्यक्रम (फलफूल विरुवा वितरण) पुरै अनुदानबाट संचालन गरेको छ। कार्यालयले उल्लिखित गाउँ विकास समितिमा कृषि प्रसार बाट समेत फलफुल वितरण कार्यक्रम संचालन गरेको पाइयो। एउटै कार्यालयबाट संचालन हुने कृयाकलापमा दुई प्रकारका व्यवस्था स्वीकृत गरी कार्य गराउनाले लाभग्राही समुदाय विच विभेदको अवस्था देखिएको छ। यस्तो अवस्थामा तालुक निकायले कार्यक्रम स्वीकृत गर्दा ध्यान पुऱ्याउनुपर्ने देखियो।

४. **स्वामीत्व वेगरको लगानी :** कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम अनुदान रकमबाट कृषि भण्डारण गृह र बजार सेड निर्माण गर्दा जग्गाको स्वमीत्व प्राप्त गरेको हुनुपर्ने व्यवस्था छ। कार्यालयले यस कार्यक्रमबाट सुन्दरपुर गाउँ विकास समितिमा कृषि उपज बजार पूर्वाधार निर्माण गर्ने कार्य गर्न एक सहकारी संस्था सँग सम्झौता गरी रु.९,५०,०००।- अनुदान निकासा गरेको छ। उप केन्द्र भवन श्री उच्च माध्यमिक विद्यालय सिवाईको जग्गामा सहकारी संस्थालाई भण्डार गृह बनाउन दिने विद्यालय व्यवस्थापन समितिको वैठकको निर्णय समावेश भएको छ। नेपाल सरकारको अनुदानबाट बनेको उक्त संरचनाको प्रयोग गर्दा सहकारी संस्थाले कृषकसँग लिने सेवा शुल्कको आधार सहमतिको सम्झौता नगरेको र विद्यालय तथा सहकारी संस्था विच जग्गा उपयोग गर्ने सम्बन्धी लिज (स्वामीत्व) सम्झौता समावेश नभई स्वामीत्व यकिन नगरी संरचनामा लगानी गर्न मिल्ने देखिएन। जग्गा उपयोग र सेवा शुल्क समेतको निक्यौल गर्नुपर्दछ ।

५. **कार्यक्रम अनुगमन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार दिएको अनुदान रकमको प्रगति विवरण लिई जुन कामका लागि त्यस्तो रकम दिइएको हो सो काममा खर्च गरे नगरेको अनुगमन गर्नुपर्ने व्यवस्था छ। राष्ट्रपति चुरे संरक्षण कार्यक्रमबाट १५ सिंचाई कुलो मर्मतको कार्य गराउन जिल्ला कृषि विकास समितिबाट स्वीकृत गराएर छनौट गरिएका १५ कृषक संस्था समूहलाई पम्पसेट, वाटर पम्प खरिद कार्यमा रकम निकासा दिई रु.१५ लाख खर्च गरेकोमा अनुगमन गरी प्रतिवेदन खडा गरेको पाइएन। तोकिएको प्रक्रिया पूरा गरेर मात्र अनुदान रकम खर्च गर्नुपर्दछ।

६. **साना सिंचाई :** कार्यक्रम संचालन निर्देशिका बमोजिम सहकारी संस्थालाई दिएको अनुदान सम्बन्धीत संस्थाले आफ्नो आयमा समावेश गरी तोकिएको कार्यमा खर्च गरेको प्रमाण सहित लेखापरीक्षण प्रतिवेदन समेत कार्यालयमा बुझाउनु पर्ने व्यवस्था छ। सहकारीलाई अनुदान शीर्षक अन्तर्गत एक कृषि सहकारी संस्थालाई प्लाष्टिक पोखरी निर्माण सम्बन्धी कार्यको लागि रु.३,४१,२२३।- को लागत अनुमान स्वीकृत गरी सो मा अनुदान वापत रु.२,८५,०००।- भुक्तानी गरेकोमा नियमको व्यवस्था अनुसार उक्त कार्य सम्पन्न गरेको र अनुदान रकम सम्झौता अनुसार तोकिएको कार्यमा मात्र खर्च भएको आधार तथा संस्थाको २०७२/७३ को लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ।

७. **अनुगमन कार्यक्रम :** कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम युवा लक्षित व्यावसायिक तरकारी खेती र प्रविधिको तालिम दिने गरी स्वीकृत यो कार्यक्रम संचालन गर्ने २०७२।१०।१९ को समितिको वैठकबाट ६० जना उद्यमी छनौट गरेको मध्ये २३ गाउँ विकास समितिका ३५ जना र त्रियुगा नगरपालिका भित्रका २० जना (३३ प्रतिशत) र ५ जना कटारी नगरपालिकाका उद्यमी छनौट गरेको छ। छनौट भएका उद्यमीलाई २०७२।११।५,६ र ७ मा तालिम दिई पहिलो किस्ता वापतको

रकम रु.२०,०००।- का दरले खातामा रकम जम्मा गरेको र सामाग्री वापत सिल्पोलिन पोखरी, पाइप, हजारी समेतको रु.८,६६,२५५।- सामग्री वापत सप्लायर्सको विलवाट बुझाई कार्यक्रम संचालनको प्रगति खडा गरेको पाइयो । कार्यक्रमको उद्देश्य अनुरुप युवा व्यवसायीक तरकारी खेतीमा संलग्न रहे नरहेको अनुगमन प्रतिवेदन खडा गरेको पाइएन ।

८. **हाजिरी अभिलेख :** कार्यालयमा कार्यरत अस्थायी वा करारका कर्मचारी तथा सेवा केन्द्रमा कार्यरत कर्मचारीको मासिक तलवभत्ता भुक्तानी गर्नु अगावै निजहरुले कार्य क्षेत्र वा केन्द्रमा नियमित रही कामकाज गरेको हाजीरी समेत समावेश गरी मात्र तलव भत्ता भुक्तानी गर्नुपर्दछ । यो वर्ष राष्ट्रिय स्वयम सेवक विकास सेवा अन्तर्गत वेल्टार कृषि सेवा केन्द्रमा कार्यरत एक प्राविधिक सहयकलाई निर्वाह भत्ता रकम वापत मासिक रु.१२,६००।- का दरले २०७२ श्रावण देखि असोज सम्म र दशै खर्च समेत रु.४३,८००।- भुक्तानी गरेकोमा निजको सेवा उक्त अवधिमा कायम रहेको र सम्बन्धीत सेवा केन्द्रमा रही कार्य गरेको हाजीरीको प्रमाण समावेश नभएकोले उक्त प्रमाण समेत लिई एकिन गर्नुपर्दछ ।

९. **पारिश्रमिक :** कार्यालयले १ गाउँ विकास समिति १ प्राविधिक कार्यक्रम अन्तर्गत जिल्लामा ७ गाउँ विकास समिति मा ७ जना प्राविधिक सहायकहरुलाई २०७३ जेष्ठ र आषाढ महिनामा काममा खटाएको आधारमा प्रत्येकको पारिश्रमिक वापत रु.१७,७३०।- का दरले हुने रु.१,७३,०७५।- भुक्तानी गरेको छ । गाउँ विकास समिति अन्तर्गत खटिएका यी प्राविधिकले सम्बन्धीत गाउँ विकास समितिमा रहि कामकाज गरेको तथा पुरै अवधि सोही गाउँ विकास समितिमा रहेको हाजीरी प्रमाण भुक्तानी श्रेस्ता साथ सम्लग्न नरहेकोले सोको प्रमाण पेश हुनुपर्दछ ।

१०. **मूल्य अभिवृद्धिकर :** मूल्य अभिवृद्धिकर नियमावली, २०५३ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएको विक्रेताले कर विजक जारी गरेर मात्र विक्री गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत वार्षिक कार्यक्रममा ३ एफ.एम. मार्फत कृषि गतिविधि प्रसारणमा रु.२,१०,०००।- बजेट व्यवस्था भै सोही अनुसार लागत अनुमानमा मूल्य अभिवृद्धिकर समेत थप गरी कार्यक्रम संचालनगर्न ३ एफ.एम. संस्थासँग मूल्य अभिवृद्धिकरसमेत रु.१,५०,०००।– मा सम्झौता गरेको छ । ३ एफ.एम.लाई सम्झौता बमोजिम भुक्तानी गर्दा मूल्य अभिवृद्धिकर विजक लिई भुक्तानी गर्नुपर्नेमा कर विजक वेगर भुक्तानी गरेकोले कर विजक प्राप्त नगरी मूल्य अभिवृद्धिकर समेत भुक्तानी दिएको मूल्य अभिवृद्धिकररु.१७,२५६।– उक्त एफ.एम. बाट दाखिला गरेको वा मूल्य अभिवृद्धिकर समायोजन गरेको प्रमाण पेश हुनुपर्दछ ।

११. सार्वजनिक खरिद नियमवली २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धीत मालसामानको स्पेसिफिकेशनको आधारमा गर्नुपर्ने व्यवस्था छ । स्वीकृत वार्षिक कार्यक्रममा मिनी ट्याक्टर खरिद गर्न रु.३,००,०००।- बजेट व्यवस्था भएकोमा एक ट्रेडर्सको कवोल अंकप्रति ट्याक्टर रु.१,२०,०००।- का दरको दरभाउपत्र स्वीकृत गरी ५ वटा ट्याक्टरको खरिद मूल्य मध्ये रु.३,००,०००।- भुक्तानी दिएको पाइयो । अनुदानमा दिन खरिद गरी कृषकलाई उपलब्ध गराइएका ट्याक्टर स्पेशिफिकेशन अनुसार भए नभएको प्रक्रिया पुरा गरेर मात्र अनुदान रकम निकासा दिनुपर्नेमा सो अनुरुप प्रतिवेदन तयार गरेको देखिएन ।

## जिल्ला पशु सेवा कार्यालय

१. **योजना संचालनमा दोहोरोपना :** स्वीकृत वार्षिक कार्यक्रमको रकम खर्च गर्दा तोकिएको आधार पुरा गरेर मात्र गर्नुपर्दछ । जिल्लाका कंग हडिया र सिवाई नदी प्रणाली अन्तर्गतका गाउँ विकास समिति हरुमा संचालन गर्ने गरी स्वीकृत भएको राष्ट्रपति चुरे संरक्षण कार्यक्रमबाट संचालन गरिने कृयाकलापहरु समेतमा जिल्ला वन कार्यालय र जिल्ला भू-संरक्षण कार्यालयको समन्वयमा कार्यक्रम संचालन गर्ने गरी वार्षिक कार्यक्रम स्वीकृत भएको छ । कार्यालयले यस क्षेत्रका गा.वि.सहरुमा

कार्यक्रम संचालन गर्नु अगावै तोकिएका कार्यालय समेतको उपस्थितिमा कार्यक्रम को वाँडफाँड र घाँस लगाउने क्षेत्र तथा नदी उकास जग्गाको विवरण लिएको तथा वायोग्याँस वितरण गरिने गाउँ विकास समिति र वडाको तथ्याङ्क समेतको आधारमा कार्यक्रम संचालन गरेको अभिलेख पेश भएन । कार्यालयले यस वर्ष विभिन्न ३ वटा सामूदायिक वनमा उल्लिखित कार्य गराई खर्च गरेको पाइयो ।

२. **कार्यक्रम संचालन प्रक्रिया** : स्वीकृत वार्षिक कार्यक्रमबाट कार्यक्रम संचालन गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ आर्थिक कार्यविधि नियमावली, २०६४ तथा सम्बन्धीत मन्त्रालयबाट स्वीकृत कार्यक्रम संचालन कार्यविधि, निर्देशिका अनुसार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न ३ सामुदायिक वनबाट कार्यक्रम संचालन गरी खर्च गरेको मध्ये वायोग्याँस र गोठ/खोर सुधार कार्यमा समूहका सदस्यहरुको लागि प्रत्येक इकाईको आधारमा हुने गरी २०७३।३।२४ र २५ गते रकम सामुदायिक वनको खातामा जम्मा गरेको छ । सम्बन्धीत सेवा केन्द्रले काम चालु रहेको र २/४ दिनमा काम पुरा हुने पत्र जिल्लामा पठाएको भएतापनि समूह अन्तर्गतका सदस्यहरुको घरमा निर्माण गरिने गोठ सुधार र वायोग्याँस निर्माण कार्य सम्पन्न गरी उद्देश्य अनुरुपको रकम खर्च भएको पुष्टि हुने कार्य सम्पन्न प्रतिवेदन तयार गरी रकम प्राप्त गर्ने सदस्यहरु समेतको निर्णय उपभोक्ता समितिले सार्वजनिक गरी अनुमोदन गराएको प्रमाण लिई रकम भुक्तानी गरेको देखिएन । विरुवा वितरण र घाँसको विउ कार्यक्रम जिल्ला वन तथा जिल्ला भू-संरक्षण कार्यालयवाट समेत संचालन भएको र ती कार्यलयले समेत उल्लिखित सामुदायिक वनहरुमा नै कार्यक्रम संचालन गरेका छन् । यो वर्ष रु.९,२५,०००।– आषाढ महिनाको अन्त्यमा खर्च गरेको देखिएकोले उक्त कार्यक्रम दोहोरो नपर्ने गरी अलग क्षेत्रमा गरेको अभिलेख लिई सो सम्बन्धी प्रमाणमा समेत पेश गर्नुपर्दछ । यस सम्बन्धमा अव उप्रान्त कार्य सम्पन्न प्रतिवेदन राखिने कार्यालयले प्रतिकृया दिएको छ ।

३. **कार्यक्रम स्वीकृति र संचालन** : आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम कार्यालयको स्वीकृत कार्यक्रमहरु संचालन गर्दा समग्र जिल्ला भित्र र लक्षित क्षेत्रमा संचालन गर्नुपर्ने व्यवस्था छ । स्वीकृत कार्यक्रम मध्ये राष्ट्रपति चुरे तराई मधेश संरक्षण क्षेत्रको कार्यक्रम हडिया, जोगीदह र सुन्दरपुर गाउँ विकास समिति अन्तर्गत संचालन गर्ने गरी स्वीकृत भएको भएतापनि अन्य कार्यक्रमहरु जिल्ला अन्तर्गतका सबै गाउँ विकास समितिहरुमा संचालन गर्ने गरी स्वीकृत भएको पाइयो । कार्यालयले कार्यक्रम संचालन गर्न कर्मचारीहरुलाई पेश्की दिई पठाउने गरेको छ । पेश्की लिई कार्यक्रम संचालन गर्ने कर्मचारीहरुले पेश्की रकमबाट कार्यक्रम संचालन गर्दा यो वर्ष अधिकांश कार्यक्रमहरु सदरमुकाम त्रि.नगरपालिका, हडिया, वेल्टार, कटारी नगरपालिकार रामपुर ठोक्सिला गाउँ विकास समितिहरुमा मात्र संचालन गरी कार्यक्रमको रकम खर्च गरेको पाइयो । पशु आहार कार्यक्रम तर्फको घाँसको विउ कार्यक्रमबाट खरिद गरिएको विउ ३१०० किलो उपरोक्तानुसारका गाउँ विकास समिति तथा नगरपालिका र १२ सहकारी संस्थाहरुलाई वितरण गरेको आधारमा रु.३,५०,०००।- खर्च गरेको पाइयो । स्वीकृत कार्यक्रमहरु सबै गाउँ विकास समितिहरुमा समेत संचालन गर्ने गराउने व्यवस्था गर्नुपर्दछ ।

४. **स्वीकृत नीतिको पालना** : नेपाल सरकारबाट अनुदान उपलब्ध गराउने वा अनुदान प्राप्त पशुपंक्षी समेतको वीमा गराउनु पर्ने व्यवस्था भएको छ । कार्यालयले कार्यक्रम संचालन गर्दा र पशु पंक्षीको लागि अनुदान उपलब्ध गराउँदा सम्बन्धीत कृषक तथा समूहहरुले पशपँक्षीको वीमा गराए, नगराएको समेत यकिन गरेर मात्र बाँकी अनुदान उपलब्ध गराउनु पर्नेमा सो अनुसारको विश्लेषण नगरी खर्च हुने गरेको पाइयो । यो वर्ष २०७३।३।२४ एक गाई भैंसी समूह (त्रि.नगरपालिका) लाई थारा तथा वकेर्ना भैंसी संरक्षण कार्यको लागि गोठ सुधार कार्य गर्न र भैसी संरक्षणका अन्य कार्यहरु गर्ने गरी रु.५,८५,०००।- भुक्तानी गरेको छ । रकम भुक्तानी गर्दा पेश भएको विवरण

अनुसार च्याप्टर मेशिन, मिल्क क्यान, प्लाष्टिक पाइप, सिमेन्ट खरिद विल समावेश गरेको र समुहका सदस्यले ढुगा, गिट्टी, वालुवा समेत खरिद गरेको भर्पाइ समावेश गरेको छ । समूहसँग उक्त कार्य गराउने सम्बन्धी सम्झौता पेश भएन । मेशिनरी तथा मालसामान खरिद र निर्माण सम्बन्धी कामको विल समेत समावेश गरिएको छ । उक्त कार्यक्रम संचालन गर्न, खरिद गरिएका सामग्री संस्थाको नियन्त्रणमा रहे नरहेको र सदस्यहरुले गोठ सुधार कार्यक्रम गराइएको, पशु वीमा गराई अनुदान पठाएको पाइएन । स्वीकृत निर्देशिका अनुसार खर्च गर्नुपर्दछ । गाई फार्मले सार्वजनिक सुनवाई समेत गरेको प्रमाण पेश गरेको र कार्य सम्पन्न भएको प्रतिकृया कार्यालयले दिएको छ ।

५. **स्वास्थ्य परीक्षण** : सामुदायिक बाखा स्रोत केन्द्र विकास कार्यक्रम संचालन निर्देशिका, २०७० मा पहिलो ३ वर्ष सम्म उपकरण/सामग्री र प्राविधिक सेवा कार्यालयबाट र चौथो वर्ष देखि कृषक आफैले गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष एक बाखा पालन स्रोत केन्द्र विकास समितिको २०७३।३।१५ को पत्रानुसार उक्त केन्द्रलाई प्राप्त पेश्की रु.२,१०,०००।- रकम मध्येबाट नपुग भएको रकम रु.९,२००।- समिति आफैले व्यहोर्ने गरी बाँकी रकम पाउन पत्र पठाएको आधारमा रु.४,५०,०००।– थप भुक्तानी दिएको छ । स्रोत केन्द्रले पेश गरेको वाखा खरिदको विवरण अनुसार समितिले कृषकबाट बोका खरिद गर्दा को भर्पाइ रहेको भएतापनि खरिद गरिएका बोकाहरुको स्वास्थ्य परीक्षण प्रतिवेदन समावेश गरेको पाइएन । उन्नत विउ (नश्ल) का लागि खरिद गर्ने कार्यक्रम अनुसार खरिद गरिएका पशुको वीमा गराएको र स्वास्थ्य परिक्षण प्रतिवेदन समेत संलग्न नगरी भुक्तानी दिएको कार्य नियमित मान्न सकिएन । नश्ल सुधारको लागि खरिद गरिएको वोकाको स्वास्थ्य तथा प्रजनन क्षमता परीक्षण गराएर मात्र भुक्तानी गर्नुपर्दछ । स्वास्थ्य परिक्षण प्रतिवेदन र अनुगमन प्रतिवेदन खडा गरी राखिने प्रतिकृया कार्यालयले दिएको छ ।

६. **अनुदान रकम वितरण र उपयोग स्थिति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१ (घ) मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार लक्षित समूहलाई अनुदान वितरण गर्न सकिने र यसरी वितरण गरिएको रकम जुन कामको लागि रकम दिएको हो सोही काममा खर्च गरे, नगरेको अनुगमन गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष विभिन्न संघ संस्था, समूह ४० लाई स्वीकृत वार्षिक कार्यक्रम अनुसार रु.४८,९०,०००।- अनुदान दिई खर्च लेखेको पाइयो । अनुदान दिएको उद्देश्य अनुसार खर्च भए नभएको सम्बन्धमा कार्यालयले अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गरेको देखिएन । प्राविधिकबाट समयमै अनुगमन गरी गराई अनुदान रकमको सदुपयोग भए नभएको अवस्था यकिन गरी प्रतिवेदन तयार गर्ने तर्फ ध्यान जानु पर्ने देखिन्छ ।

७. **वढी तलव** : निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)२ बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गरी तलब, ग्रेड भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले ४ कर्मचारीहरुको तलबी प्रतिवेदनमा पारित ग्रेड रकम भन्दा वढी रकम भुक्तानी गरेकोले वढी रकम रु.५,६९८।– असूल गरी दाखिला गर्नुपर्दछ ।

७.१. आयकर ऐन, २०५८ बमोजिम मालसामान वा सेवा खरिद गरी भुक्तानी गर्दा अग्रीम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष विभिन्न ३ कामको भुक्तानी गर्दा अग्रीम कर कट्टी नगरेको रु.७,०१७– असुल गर्नुपर्दछ ।

७.२. **घुम्ती कोष** : घुम्ती कोष संचालन निर्देशिका अनुसार यस कोषवाट दिइएको ऋण ३ वर्ष भित्रमा फिर्ता गरी सक्नु पर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त ऋण असुली विवरण अनुसार विभिन्न व्यक्तिवाट असुल गर्न बाँकी रु.२,३१,५००।- देखाएको छ । निर्देशिका बमोजिम ऋण लगानीको ३ वर्ष भित्र असुल गर्नुपर्नेमा लेखापरीक्षण अवधिसम्म १६ जनाको नाममा २०५७।३।१३ देखि

२०७१।२।२५ सम्म बाँकी देखिएको उक्त रकम असुल गर्ने तर्फ पहल गर्नुपर्ने देखिएको छ। स्पष्ट देखिने अभिलेख खडा गरी राखिने प्रतिकृया कार्यालयले दिएको छ।

८. **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि ऐन, २०५५ तथा नियमावली, २०६४ एवं अन्य प्रचलित नियममा तोकिएको प्रक्रिया एवं व्यवस्थाको अवलम्वन गरी आन्तरिक नियन्त्रण कायम गर्नुपर्ने व्यवस्था छ। कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मुल्याङ्कन गर्दा खरिद योजना तयार गरी खरिद नगरेको, मूल्य नखुलेको पुरानो सामानको मूल्य कायम गराई नराखेको, जिन्सी निरीक्षण गरी गराई प्रतिवेदन लिएको र सो माथि कारवाही नभएको, वार्षिक प्रगति प्रतिवेदन, (अनुसूची २११) तयार गरी तालुक निकायमा पठाएको नपाइएको अवस्था देखिएकोले आन्तरिक नियन्त्रण व्यवस्थालाई सुदृढ वनाउन कार्यालयको ध्यान जानुपर्दछ।

९. **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ मा पेश्की दिंदा कामको विवरण र अनुमानित लागत खुलाउनु पर्ने व्यवस्था छ। कार्यालयमा कार्यक्रम संचालनको लागि पेश्की लिने कर्मचारीले पेश्की माग गर्दा र रकम उपलब्ध गराउदा कार्ययोजना र प्रस्ताव माग गरी दिनुपर्नेमा सो नगरी पेश्की दिने गरेको पाइयो।

## जिल्ला प्राविधिक कार्यालय

१. **राजस्व** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५(छ) मा राजस्व र अरु समस्त आम्दानीको लेखा ठीक छ र असुल गर्ने र लेखा राख्ने तरिकाको पर्याप्त पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुन ध्यान दिनुपर्ने उल्लेख छ। कार्यालयलाई प्राप्त शान्तिको लागि विकास कार्यक्रमको अख्तियारी अनुसार कार्यक्रम संचालन गर्दा विभिन्न निर्माण कार्य गराई भुक्तानी गरेको विलबाट रोयल्टी वापत कट्टी गरेको रु.२१,७३५।– जिल्ला विकास समितिको खातामा जम्मा गर्ने गरेको पाइयो। केन्द्रीयस्तरको विनियोजित रकम खर्च गरी कार्य गराएको र लागत अनुमानमा समावेश गरिएको रोयल्टी रकम विल भुक्तानी गर्दा उपभोक्ता समितिबाट कट्टी गरी लिएको सो आम्दानीलाई राजस्व खातामा दाखिला नगरी जिल्ला विकास समिति मा रकम बुझाएको प्रमाण वेगर जम्मा गरेकोले सो रकम असूल गरी राजस्व खातामा दाखिला हुनुपर्दछ।

२. **बढी दायित्व** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने तरिका सम्वन्धमा व्यवस्था गरी निर्माण कार्यको दररेट विश्लेषण गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तोकेको दरबाट गर्नुपर्ने व्यवस्था छ। कार्यालय अर्न्तगत संचालित साना सिचाई कार्यक्रम तर्फको लागत अनुमान तयार गर्दा निर्माण कार्यमा ज्यामीको अंश रहने प्रत्येक आइटमको दररेट विश्लेषण भित्र ज्यामीज्याला दरको ३ प्रतिशत टुल्स इक्यूपमेन्ट वापत थप रकम जोडी आइटम दर कायम गरेको छ। कार्यालयबाट गराइने अन्य निर्माण कार्य गराउँदा तयार गरेको लागत अनुमानमा माटो खन्ने कार्यको दररेटमा ३ प्रतिशत समावेश गरेको भएतापनि अन्य कामको आइटम दरमा यस्तो रकम थप गरेको छैन। यस वर्ष साना सिंचाई तर्फका काममा कायम भएको आइटम दरबाट कामको लागत अनुमान तयार गरी सोझै उपभोक्ता समितिलाई कार्य गराउनाले योजनाहरुको लागत अनुमानमा रु.१,८७,०८९।– थप लागत समावेश भएको छ। बढी दरबाट लागत अनुमान स्वीकृत गरी सोही दरबाट भुक्तानी गर्नाले यो वर्षको निर्माण कार्यमा रु.४१,३९९।– बढी भुक्तानी गरेकोले असुल गर्नुपर्दछ।

३. **कर समायोजन** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम २८(६) मा कुनै संयुक्त उपक्रम (संयुक्तउपक्रम) सम्झौताको लागि छनौट भएमा सम्बन्धीत आन्तरिक राजस्व कार्यालयमा स्थायी लेखा नम्वर र मूल्य अभिवृद्धि करमा दर्ता गर्न लगाउनु पर्ने व्यवस्था छ। कार्यालय अर्न्तगत २०७१।७२ मा ४ वटा सडकहरुको विस्तृत सर्भेक्षणको कार्य गर्न छनौट भएका एक संयुक्तउपक्रम संग कार्यालयले खरिद सम्झौता गरी यो वर्ष सम्म रु.१८,९०,६००।- भुक्तानी गरेकोमा उक्त फर्मलाई एकल फर्मको नामको कर विजकबाट मूल्य अभिवृद्धि कर रु.२,१०,६००।- समेत भुक्तानी

दिएको पाइयो । संयुक्तउपक्रम बाट छनौट भएको फर्मलाई नियमानुसार छुट्टै दर्ता नगरी कार्य गराएको र छनौट भएको फर्मको वीजकबाट जारी नगरी भुक्तानी गरेकोले उक्त रकम सम्बन्धीत आन्तरिक राजस्व कार्यालयमा समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

४. **लागत अनुमान स्वीकृति** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४ मा परामर्श सेवाको लागत अनुमान रु.१०,०००००।- सम्मको लागत अनुमान राजपत्राङ्कित प्रथम श्रेणीको कार्यालय प्रमुखबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष ४ सडक तथा पुलको डिजाइन र सर्भेक्षण समेतको लागत अनुमान रु.३९,२१,९८१।– स्थानीय विकास अधिकारीवाट स्वीकृति गराई परामर्श सेवा खरिद गरी भुक्तानी गरेको छ ।

परामर्श सेवाको लागत अनुमान तयार गर्दा विज्ञहरुको परिश्रमिक रकम जिल्ला दररेटको १.५ गुणा बढी दरबाट कायम गरेको आधार र अन्य खर्चहरु समेत एकमुष्ट भुक्तानी दरबाट रकम समावेश गरी लागत अनुमान स्वीकृत गरेको पाइयो । नियममा भएको व्यवस्थाभन्दा फरक गरी स्वीकृत जिल्लादर मा १.५ गुणासम्म थप गरी लागत अनुमान स्वीकृत गर्नाले नियममा तोकिएको व्यवस्थाको पूर्ण पालना भएको देखिएन । सडक निर्माण कार्यको लागि सर्वेक्षण गर्ने सम्बन्धमा केन्द्र तथा क्षेत्रीय कार्यालयहरुबाट समेत सम्बन्धीत क्षेत्रका जिल्ला प्राविधिक कार्यालयहरुको काममा एकरुपता हुने गरी कार्यक्रम संचालन गर्नुपर्ने देखियो । प्रोजेक्ट अप्रेशन म्यानुयल अनुसार स्थानीय विकास अधिकारीबाट स्वीकृत गराएको प्रतिकृया कार्यालयको रहेको छ ।

५. **कार्यक्रम र खर्चको अख्तियारी** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३२ मा प्रत्येक मन्त्रालयले आफू मातहत कार्यालयलाई आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र अख्तियारी र कार्यक्रम पठाउनु पर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत साना सिंचाई कार्यक्रमको अख्तियारी र जिल्ला विकास समिति उदयपुरका स्थानीय विकास अधिकारीले २०७३।१।१६ मा मात्र स्थानीय विकास मन्त्रालयको आदेश प्राप्त भएको देखाई खर्चको अख्तियारी प्राविधिक कार्यालयमा पठाएको छ । स्वीकृत बजेट खर्चको अख्तियारी रु.७ करोड को भएता पनि यो वर्ष जिल्ला प्राविधिक कार्यालयले रु.७६०१४८१।- (११ प्रतिशत) खर्च गरेको तथा यसै कार्यक्रमको चालु तर्फको खर्चको अख्तियारी २०७३।३।२६ गते मात्र जिल्ला प्राविधिक कार्यालयको नाममा पठाएकाले सो शीर्षकबाट कुनै निकासा खर्च नगरेको विवरण दिएको छ । कानुनमा भएको व्यवस्था अनुसारको अख्तियारी र कार्यक्रम स्वीकृत गरी तोकिएको समयमा नपठाएको कारण स्वीस सरकारको सहायताबाट संचालन भएको यो वर्षको कार्यक्रममा सोझै भुक्तानीबाट रु.२ करोडको अख्तियारी प्राप्त भएकोमा रु.४५,६०,८८९।- मात्र खर्च गरी बाँकी रहेको छ । कार्यक्रमको योजना अवधि २ वर्ष पुरा भै सक्दा समेत तोकिएको संख्याका सिंचाई आयोजना निर्माण पुरा गरी लक्षित क्षेत्रफलमा सिंचाई सुविधा पुऱ्याउने कार्यमा प्रभाव परेको देखियो । कानुनमा भएको व्यवस्था अनुसार समयमै अख्तियारी र कार्यक्रम पठाई कार्य गर्नुपर्दछ ।

६. **खर्चको प्रमाणीकरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ नियम ३५ मा स्वीकृत अख्तियारी अनुसार निकासा लिई खर्च गर्ने अधिकार अख्तियारी प्राप्त अधिकारीलाई हुने व्यवस्था छ । साना सिंचाई तर्फको अख्तियारीमा नेपाल सरकार र स्वीस सरकार समेतको स्रोत रहने गरी प्राप्त बजेट खर्चको लेखापरीक्षण समेत गराउनु पर्ने व्यवस्था छ । अख्तियारीमा नेपाल सरकार र स्वीजरल्याण्ड सरकारको सहयोग समावेश गरी जारी गरिएको छ । स्वीस तर्फको रकम सोझै भुक्तानी प्रकृया अनुसार चेक मार्फत रकम निकासा हुने गरेकोमा यो वर्षको लागि स्वीसतर्फ पठाएको रु.२ करोड रकम जिल्ला विकास समितिको कार्य संचालन कोषमा जम्मा गरी सो मध्ये रु.४५,६०,८८९।– यस कार्यमा खर्च भएको आधारमा स्थानीय विकास अधिकारीले आर्थिक विवरण प्रमाणित गरेको पाइयो । यस कार्यक्रमको अख्तियारी शुरुमा जिल्ला विकास समितिमा पठाएको भएतापनि स्थानीय विकास अधिकारीले २०७३।१।१६ मा पुरै खर्चको अख्तियारी (सोझै समेत) जिल्ला प्राविधिक

कार्यालयका प्रमुखलाई दिइसकेकोमा खर्चको आर्थिक विवरण स्थानीय विकास अधिकारीबाट पेश गरेकोले खर्च प्रमाणिकको आधार मिल्ने देखिएन । अख्तियारी शुरुमा जिल्ला विकास कोषमा पठाएको र सोझै भुक्तानी तर्फको रकम सोही जिल्ला विकास कोषमा भएकोले आर्थिक विवरण स्थानीय विकास अधिकारीबाट पेश गरिएको प्रतिकृया कार्यालयको रहेको छ ।

७. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) लागत अनुमान तयार गर्दा ढाँचा तोकिएको र लागत अनुमानको ५ प्रतिशत रकम कन्टिन्जेन्सीमा व्यवस्था गर्ने गरी सो लागत स्टाफ वर्क चार्ज र अन्य सानातिना कार्यमा खर्च गर्न सकिने व्यवस्था छ । कार्यालयले यस्तो खर्च गर्दा योजनागत अभिलेख खडा गरी खर्च स्पष्ट देखिने अभिलेख राखेको पाइएन । यो वर्ष कार्यालयलाई केन्द्रबाट गाडी ग्यारेजको निर्माण गराई रु.३,००,०००।- सम्म कन्टिन्जेन्सी रकमबाट खर्च गर्न सक्ने स्वीकृतिपत्रको आधारमा ग्यारेज निर्माण कार्य गराई रु २६८१३३।- खर्च गरेको पाइयो । निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धीत नरहेको काममा केन्द्रीय तहबाट खर्चको अख्तियारी पठाउने र खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । गाडी सुरक्षाको लागि अत्यावश्यक भै केन्द्रबाट स्वीकृत बजेटबाट कार्य गराएको प्रतिकृया कार्यालयको रहेको छ ।

८. **पेश्की** : आर्थिक वर्षको अन्यसम्म एक निर्माण व्यवसायीको नाममा बाँकी रहेको पेश्की रु.२१,४५,०००।– फछ्र्यौट गराउनु पर्दछ ।

## जिल्ला वन कार्यालय

१. **तलवी प्रतिवेदन** : निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) (२) मा जिल्लास्थित सरकारी कार्यालयका कर्मचारीहरुको तलवी प्रतिवेदन कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गरेर मात्र तलव खर्च लेख्नुपर्ने व्यवस्था छ । यो वर्ष कोष तथा लेखा नियन्त्रक कार्यालयबाट २०७२/१०/१८ मा पारित तलवी प्रतिवेदनमा ९ कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नभएकोमा मासिक रु.१७८२६०।- र राशन समेत भुक्तानी गरेको छ । अतः ऐनमा व्यवस्था भए अनुसार तलवी प्रतिवेदन पारित गराएर मात्र तलव खर्च लेख्नुपर्दछ ।

२. **वन कार्ययोजना** : वन नियमावली, २०५१ को नियम ३ र ५ बमोजिम वन व्यवस्थापन कार्ययोजना स्वीकृत गरी सो मा शंसोधन समेत गराई अद्यावधिक गराउनु पर्ने व्यवस्था छ । कार्यालयले स्वीकृत गराएको वन कार्य योजना लेखापरीक्षणमा पेश भएन । यो वर्ष राष्ट्रिय वनबाट संकलन गरिने काठ र गैर काष्ठ, लघु वन पैदावारको लक्ष्य र सो अनुसार प्राप्त हुनुपर्ने र भएको राजस्वको यथार्थ अवस्थाको तुलनात्मक विश्लेषण गर्न सकिएन । लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार राष्ट्रिय वन क्षेत्रमा आर्थिक वर्ष २०७२/०७३ मा वन पैदावार निर्देशिका अनुसार छपान र निरीक्षण भएका निम्नानुसारका प्लटमा रहेको ढलापडा रुखहरु मन्त्रिपरिषद्को २०५८।१२।१२ को निर्णयको आधारबाट कार्यालयले टि.सि.एन.शाखा कार्यालय, गाईघाटसँग भएको करारनामाको शर्त अनुसार कटान मुछान गरी काठ दाउरा घाटगद्दी गर्न २०७३/१/२३ मा वन प्रवेश पूर्जी दिएको पाइयो ।

काठ दाउरा संकलन तथा विक्रीको एकीकृत विवरणमा २०७२/७३ मा ढलापडा पलटहरुबाट उत्पादन भएको साल समेत २५८२२.१२ क्यू.फिट काठ र दाउरा १०.७५ चट्टा रहेको सो मध्ये भूकम्प पीडित र आपूर्ति समितिलाई छुट्याई टि.सि.एन र जिल्ला वन कार्यालय वीच वाँडफाँड गर्न आर्थिक वर्षको अन्त सम्म बाँकी नै रहेको देखाएको छ । लेखापरीक्षणलाई प्राप्त भएको विवरणको आधारमा टि.सि.एन.लाई संकलनको स्वीकृति काठ ४१०२७.४७ क्यूफिट र दाउरा ४८.७२ चट्टा देखिएकोमा उक्त कार्यसम्पन्न भए नभएको र सबै पलटहरुमा घाटगद्दी र संकलन भै सके नसकेको स्थिति नखुलेको र वर्षान्त सम्म वाडफाडमा बाँकी देखाएको परिमाण समेत यथार्थ रहेको मान्ने आधार देखिएन । वन कार्य योजना शंसोधनमा उक्त परिमाण समावेश गरे नगरेको र ढलापडाको स्लट अनुसारको छपान कटान र उत्पादन सम्बन्धमा यकिन गर्न नसकिएकोले तालुक निकायबाट समेत छानविन गरी विवरण पेश हुनुपर्दछ ।

३. **काठदाउरा संकलन र विक्री स्थिति** : लेखापरीक्षणलाई पेश भएको यस वर्षको काठ दाउरा संकलन र विक्रीको विवरण निम्नानुसार देखिएको छ ।

| निकाय | २०७१/७२ को मौज्दात | | आर्थिक वर्ष २०७२/३ को उत्पादन | | जम्मा | | २०७२/७३ मा विक्री | | मौज्दात | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | काठ (क्यूफिट) | दाउरा (चट्टा) | काठ (क्यूफिट) | दाउरा (चट्टा) | काठ (क्यूफिट) | दाउरा (चट्टा) | काठ (क्यूफिट) | दाउरा (चट्टा) | काठ (क्यूफिट) | दाउरा (चट्टा) |
| जि.व.का तर्फ | ६२९० | ३९.५० | २५८२२ | १० | ३२११२ | ५० | १२० | - | ३०९९१ | ५० |
| वेवारिसे | - | - | ११६७ | - | - | - | ११६६ | - | - | |
| मुठ्ठा | २७९३ | - | १४८४२ | - | १७६३५ | - | २७९३ | - | १४८४२ | |
| टि.सि.एन.तर्फ | १२९४ | - | - | - | १२९४ | - | ४४६ | - | ८४८ | |

३.१. प्राप्त विवरण अनुसार जिल्ला वन कार्यालय तर्फ यस वर्षको उत्पादन २५८२२.१२ क्यू.फिट काठ र १०.७५ चट्टा दाउरा देखाएको र उक्त पुरै परिमाण ढलापडाबाट उत्पादन भएको उल्लेख छ । ढलापडाको संकलन र घाटगघट्टीको इजाजत टि.सि.एन लाई दिएकोमा टि.सि.एन ले पाएको संकलन इजाजत भन्दा घटी मात्रको परिमाण देखाएको र वर्षान्तसम्म टि.सि.एन. सँग बाँडफाँड नभएको भन्ने समेत उल्लेख गरेकोले पुरै परिमाण जिल्ला वन कार्यालयको हुने स्पष्ट आधार देखिएन ।

- मुद्दाबाट प्राप्त भएको काठमध्ये गत वर्ष सम्मको पुरै विक्री देखाएको र यो वर्षको १४८४२ क्यू.फिट पुरै बाँकी देखाएको छ ।
- टि.सि.एन तर्फको मौज्दातमध्ये गतवर्षको मौज्दातबाट यस वर्ष ४४६.२५ क्यू.फिट विक्री गरी अरु परिमाण बाँकी देखाएको भए पनि जिल्ला वन पैदवार समिति तर्फको काठको प्राप्ति विक्री र मौज्दातको विवरण लेखापरीक्षणमा पेश भएन ।

४. **वन मुद्दा** : वन ऐन २०४९ अनुसार वन अतिक्रमण, हानि र वन्यजन्तु सम्बन्धी मुद्दा समेतको कार्यक्षेत्र रहेको यो कार्यालयमा लेखापरीक्षणमा प्राप्त विवरण अनुसार गत वर्षसम्म १५ मुद्दा रहेको र यो वर्ष १७ मुद्दा दर्ता भई जम्मा ३२ वटा मुद्दा मध्ये गतवर्ष सम्मका मध्ये ११ र यसवर्षका १६ मुद्दा फछ्र्यौट गरी जम्मा २८ मुद्दा फछ्र्यौट भएको विवरण दिएको छ। दुई वर्ष नाघेका मुद्दा १ रहेको ६२ जनालाई तारेख राखी पूर्पक्ष भइरहेको विवरण उपलब्ध भएको छ।

५. **वन अतिक्रमण** : वन ऐन २०४९ र नियमावली, २०५१ बमोजिम वन क्षेत्रको संरक्षण तथा वन अतिक्रमण रोक्ने जिम्मेवारी जिल्ला वन कार्यालयमा हुने व्यवस्था छ । प्राप्त विवरण अनुसार जिल्ला भित्रका ४० गाउँ विकास समिति र ३ नगरपालिका मध्ये ६ गाउँ विकास समिति वाहेक सबै गाउँ विकास समिति र नगरपालिकामा वनक्षेत्रको अतिक्रमण भएको र वन अतिक्रमणको क्षेत्रफल ९३३८.७ हेक्टर देखाएको छ। प्राप्त प्रतिवेदन बमोजिम वन अतिक्रमण भएको सम्बन्धमा विश्लेषण गर्दा सबै भन्दा बढी रामपुर ठोक्सिला गाउँ विकास समिति मा १३६६.८ हेक्टर वनमा घनावस्ती तथा खेतीपाती भइरहेको ५ गाउँ विकास समितिको वन अतिक्रमणको कारण बाढी पीडितहरुको नाममा वसोवास र खेतीपाती गर्ने गरिएको उल्लेख छ। जिल्लामा ३ वटै नगरपालिका क्षेत्रमा भएको अतिक्रमणको कारण वस्ती विकास र विस्तार रहेको उल्लेख छ। ऐन र नियमावलीमा भएका व्यवस्थाहरुको प्रभावकारी रुपमा पालना गराई वन अतिक्रमणबाट जोगाउनु पर्दछ।

६. **विरुवा उत्पादन** : कार्यालयले पेश गरेको विवरण अनुसार यो वर्ष ३ वजेट शीर्षकहरुका कार्यक्रममा नर्सरी स्थापना तथा विरुवा उत्पादन रोपण र वितरण कार्यक्रम स्वीकृत भएको छ । स्वीकृत कार्यक्रम अनुसार ६२९००० विरुवा उत्पादन गर्न रु.५४,११,०००।- को लागत अनुमान गरी कार्यक्रम संचालन गरेकोमा रु.५४,१०,३०१।- खर्च भएको विवरणबाट देखिएको छ। सबै नर्सरीबाट तोकिएको संख्याको विरुवा उत्पादन गरेको र विरुवा उत्पादन कार्यमा मर्मत संभार समेतको कार्य गराई रु.३,१०,०००।- खर्च गरेको विवरणबाट देखियो । कार्यालयबाट नर्सरी स्थापनाको कार्य सामुदायिक वनको क्षेत्र तथा राष्ट्रिय वन क्षेत्रमा गरी १३ वटा नसरी मार्फत् विरुवा उत्पादन

गरेकोमा उत्पादित विरुवाहरुको वितरण अभिलेख अद्यावधिक नरहेको र विरुवा रोपण क्षेत्रको स्थिति सम्बन्धी अनुगमन कार्यको विवरण माग गरेकोमा राष्ट्रपति चुरे संरक्षण कार्यक्रमबाट रु.११६१४१५।- खर्च गरी उत्पादन गरिएका विरुवाहरु २ सामुदायिक वनको २५ हेक्टर क्षेत्रफलमा रोपण गरी तार वार सहितको कार्यक्रम संचालन गरेको विवरण दिएको भएतापनि बाँकी रु.४२४८८८६।- खर्च गरी उत्पादन गरिएका विरुवाहरुको वितरण, मौज्दात, रोपण क्षेत्रको अभिलेख विवरण सहितको अनुगमन प्रतिवेदनको अभावमा कार्यक्रममा भएको खर्च पुष्टि हुने आधार नभएकोले विरुवा वितरण मौज्दात र रोपण स्थितिको अभिलेख र प्रमाण समेतको आधारबाट प्रतिवेदन तयार गरी लेखापरीक्षणमा समेत पेश गर्नुपर्दछ ।

७. **आम्दानी** : जिल्ला वन पैदावार आपूर्ति समितिलाई विभिन्न सामुदायिक वन तथा अन्य निर्णय समेतका आधारमा समितिमा काठ दाउरा प्राप्त हुने गरेको पाइयो । प्राप्त भएको वन पैदवार मध्ये तोकिएको आधारबाट सर्वसाधारणलाई विक्री गरी रकम आर्जन गर्ने गरेको यो समितिको यस वर्षको आयमा काठ दाउरा विक्रीको छोडपूर्जी नै जारी नगरिएकोमा ७ व्यक्तिहरुको नामबाट रकम जम्मा गरेको रु.४,६७,०००।– यस वर्षको विक्री आयमा देखाएकोले विक्री नै नगरेको रकम विक्री आय भए, नभएको तथा रकम जम्मा गर्ने व्यक्तिहरुले के कति दरको कुन कुन काठ दाउरा लिने आदेश निर्णय भई रकम जम्मा गरेकोमा सो अभिलेख प्रमाण पेश नभएकोले आम्दानी रकमको यथार्थता खुलाई राख्नु पर्दछ ।

८. **काठ प्राप्ति, विक्री र फिर्ता** : जिल्ला वन पैदवार समिति तर्फको लेखापरीक्षणलाई पेश गरेको २०७१/७२ को अवधिमा वन समूहहरुको घाटगद्दी स्थलबाट ढुवानी गराई समितिले खडा गरेको घाटगद्दी स्थलमा रहेको काठको विक्री गरेको आधारबाट यो वर्षसम्म सम्बन्धीत सामुदायिक वन उपभोक्ता समितिले पाउने रकम गणना गरी कायम गरेको विवरण मध्ये १० सामुदायिक वनको नामको काठ वन आपूर्ति समितिले विक्री गरिसकेको आधारमा सम्बन्धीत समितिले फिर्ता पाउने रकम उल्लेख गरी सामूदायिक वन उपभोक्ता समितिको खातामा रु.१०,५८,२१६।– फिर्ता पठाएको छ । उक्त रकम समितिहरुले आम्दानी गरेको वा प्राप्त गरेको भर्पाइ वा सम्बन्धीत समितिको वैंक खातामा उक्त रकम जम्मा भएको प्रमाण पेश नभएकोले फिर्ता रकमको प्रमाण पेश गर्नुपर्दछ ।

९. **सामुदायिक वन दर्ता** : वन ऐन, २०४९ को दफा २५,२६ र ३० (क) मा सामुदायिक वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गरी सामुदायिक वन विकास समितिहरुको दर्ता, नवीकरण, हस्तान्तरण कार्य योजना स्वीकृति शंसोधन, समितिहरुको आय-व्यय र लेखापरीक्षण प्रतिवेदन बुझाउनु पर्ने सम्बन्धमा व्यवस्था छ । जिल्लामा ३४३ सामुदायिक वनहरु रहेको मध्ये ३३८ वटालाई हस्तान्तरण गरिएको छ । सामुदायिक वनले ७६८१२.२४ हेक्टर क्षेत्रफल ओगटेको विवरणबाट देखिएको छ । ४ वटा सामुदायिक वन समिति मध्ये २ ले २०५६।३।३१ मा र अन्य २ ले २०६९।३।३१ मा विधान स्वीकृत गराएका भएतापनि हालसम्म वन हस्तान्तरण गरी संरक्षणको जिम्मेवारी दिएको पाइएन । सामुदायिक वन उपभोक्ता समितिहरुले ५ वर्षे कार्य योजना समेत पेश गरी स्वीकृत भए अनुसार शंसोधन र नवीकरण समेत गराउनु पर्नेमा ५५ सामुदायिक वन समितिले कार्य योजना नवीकरण गराएका छैनन् । नवीकरण नगराउने मध्ये ३ समितिले २०५८।५९ देखिको र अन्यले २०६० र सो अवधि भन्दा पछि देखि कार्य योजना शंसोधन र नवीकरण गराएको छैनन् । कार्यालयले २०७२।०७३ मा ८७ सामुदायिक वनहरुबाट उत्पादन र संकलन भएको मध्ये ६३५११.७ क्यू.फिट काठ विक्री गर्न अनुमति दिएको विवरणबाट देखिएको छ । यस वर्षको विक्री स्वीकृति परिमाण मध्येको सकार मूल्यबाट यसै वर्ष रु.५,६४,३३,३१५।-आम्दानी गरेको देखिएको छ । सामुदायिक वनबाट प्राप्त आयको २५ प्रतिशत रकम वन विकास कार्यमा खर्च गर्नुपर्नेमा काठ विक्रीको स्वीकृति पाएमा ८७ सामुदायिक वनहरुले तोकिएको विकासको काममा खर्च गरेको विवरण पेश नगरेका र कार्यालयले समेत वन विकास कार्यमा खर्च गरे नगरेको प्रमाण लिई अनुगमन गर्ने गरेको पाइएन ।

१०. **आन्तरिक खपतको लागत** : सामुदायिक वन भित्रको काठ दाउरा उत्पादन र संकलनको लागि सम्बन्धीत सामुदायिक वनहरुको कार्य योजनामा उल्लिखित वार्षिक उपलब्ध कटानको आधारबाट संकलन इजाजत सम्बन्धी कारवाही गरी स्वीकृति दिनुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न सामुदायिक वनहरुलाई काठ दाउरा उत्पादन तथा संकलनको लागि वर्ष गत रुपमा दिइएको आदेश परिमाणको एकीकृत विवरण लेखापरीक्षणमा पेश भएन । यो वर्ष सामुदायिक वनबाट सहमतिमा निकाल्ने गरी प्राप्त परिमाणको काठको प्रकार अनुसारको विवरण पेश नभएकोले आन्तरिक खपतको लागि समितिहरुले लिएको स्वीकृति परिमाण घाटगद्दीमा भएको परिमाण र निकासी गरेको परिमाण सम्बन्धमा उल्लेख गर्न सकिएन । कार्यालयले यो वर्ष सामुदायिक वन समितिहरुले २०७१/७२ को अवधिमा उत्पादन र संकलन गरेको काठको घाटगद्दी र निकासीको स्वीकृति दिएको छ । वन समितिहरुबाट संकलन, गर्न स्वीकृति लिएको र आन्तरिक खपत गरेको तथा बाँकी रहेको परिमाण समेत माग गरी लिनुपर्नेमा सो अनुसारको विवरण लेखापरीक्षणबाट माग गरिएकोमा उक्त विवरण पेश भएन । उक्त विवरण पेश नभएकोले सामुदायिक वन समितिहरुको आन्तरिक खपतको लागि लिएको स्वीकृति र वास्तविक खपत भएको परिमाण र निकासी गर्न स्वीकृति माग गरेको परिमाण यथार्थ भए नभएको यकिन गर्न सकिएन ।

११. **कार्य योजना र निकासी विक्री** : वन ऐन, २०४९ तथा नियमावली, २०५१ ले प्रत्येक सामुदायिक वन समितिले आफ्नो कार्य योजना पाँच वर्षमा अद्यावधिक गराई स्वीकृत गराउनु पर्ने व्यवस्था छ। कार्यालयले सामुदायिक वन समिति लाई संकलन र उत्पादन स्वीकृति दिंदा स्वीकृत कार्ययोजनामा रहेको वार्षिक उपलब्ध कटानको आधारमा दिनुपर्ने व्यवस्था छ। २०७२ देखि चुरे क्षेत्रको सुखड खडा रुखबाट उत्पादन भएको काठ समूह बाहिर विक्री वितरण गर्न रोक लगाएको समेत अवस्था रहेको छ । कार्यालयले यस वर्ष सामुदायिक वनहरुले उत्पादन र संकलन गरेको मध्ये वन समितिलाई ५ वर्ष भन्दा अघिको अवधिको काठ समेतको निकासी विक्री स्वीकृति दिएको पाइयो । तर ती सामुदायिक वनहरुले सो अवधिमा लिएको आन्तरिक खपतको संकलन स्वीकृति परिमाण तथा संकलनको घाटगद्दी परिमाण र खपत भए नभएको परिमाण खुलाएको र आफ्नो शंसोधित कार्ययोजनामा स्वीकृत गराए, नगराएको विवरण समावेश गरी स्वीकृत माग गरेको पाइएन । यस सम्बन्धमा सम्बन्धीत वर्षको संकलनको इजाजत तथा आन्तरिक खपत र बाँकी परिमाण भिडान हुने विवरण सम्बन्धीत समितिले शंसोधीत कार्य योजनामा समावेश गरी पारित गरेको र चुरे क्षेत्रको सुखड खडा रुखबाट उत्पादन नभएको प्रमाण वेगर रु.२१,४७,०६३।– निकासी आदेश दिएको छ । अन्य सामुदायिक वन समुहलाई समेत २०६९।७० र २०७०।७१ को अवधिको काठ निकासी स्वीकृति दिएकोमा चुरे क्षेत्र भित्र रहे, नरहेको र सुखड खडाबाट उत्पादन संकलन गरे, नगरेको सम्बन्धमा यकिन हुनुपर्दछ ।

१२. **सचिवालयको अनुगमन** : राष्ट्रिपति चुरे तराई-मधेश संरक्षण कार्यक्रम जिल्लाका कंग, हडिया र सिवाई नदी प्रणाली अन्तर्गतका गाउँ विकास समितिहरुमा संचालित यस कार्यक्रमको जिल्ला सचिवालय जिल्ला वन कार्यालयमा रहने व्यवस्था छ । कार्यक्रम लागू भएका जिल्लाका अन्य कार्यालयहरुको कामको समेत समन्वय गर्ने गरी तोकिएको छ । २०७२।७३ मा २ पटक मात्र यो समितिको वैठक बसेको अभिलेखबाट देखियो । चुरे कार्यक्रम तर्फको जिल्ला समन्वयकर्ता कार्यालय भएतापनि यस सम्बन्धमा थप कृयाकलाप र अन्य निकायबाट भएका कामको अनुगमन विवरण लिने व्यवस्था भएको देखिएन ।

१३. **समन्वय** : राष्ट्रपति चुरे संरक्षण कार्यक्रमका क्रियाकलाप समेत कार्यालयका अन्य क्रियाकलाप सरहका रहेको र कार्यालयले समेत यो कार्यक्रम संचालन गरिरहेकोमा अन्य निकाय समेतको समन्वयमा आधारभुत रुपमा एकीकृत ढंगबाट संचालन गरेको पाइएन । यो वर्ष जिल्ला भू-संरक्षण कार्यालयले समेत राष्ट्रिपति चुरे संरक्षण कार्यक्रमबाट उल्लिखित गाउँ विकास समितिहरु मै

कार्यक्रम संचालन गरी खर्च गरेकोमा कार्यालयले संचालन गरेको कार्यक्रम र उक्त कार्यालयबाट संचालित कार्यक्रमहरु एकै सामुदायिक वन क्षेत्र भित्रका समेत देखिएकोले कार्यक्रम संचालन गर्दा समन्वय कार्यालयको भूमिका र आधारबाट गर्नुपर्दछ ।

१४. **भेरिएसन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिमको काम गराउँदा कामको परिमाण थप घट भएमा भेरिएसन स्वीकृत गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । स्वीकृत कार्यक्रम अनुसार सम्वेदनशील वन क्षेत्र (छुट स्पट) को निर्माण सम्बन्धी कार्यक्रम गर्न खार खोला सामुदायिक वनमा उक्त कार्य गराउने गरी २५०० वटा सिमेन्ट पोल सहितको तारवारको कार्य गराउन रु.१७,५०,०००।- लागत अनुमान स्वीकृत गरी सो कार्य गर्न सिलबन्दी दरभाउपत्र माग भै पेश भएका मध्ये घटीवालाको रु.१६,८०,७४५।- मा खरिद सम्झौता भएकोमा १९५० वटा पोलको रु.१३,११,०८२।– मात्र (२१.९९ प्रतिशत घटी) कार्य भएकोमा उक्त कार्यको भेरिएसन आदेश स्वीकृत नगराई भुक्तानी गरेको कार्य नियमित मान्न सकिएन ।

१४.१. उक्त छुट स्पटको सुरक्षण तथा वन हेरालुको कार्य र केही कार्यहरु सामुदायिक वन समिति मार्फत गराउने गरी हेरालुको ज्याला वापत रु.८४,०००।- सहित रु.२,५०,०००।- भुक्तानी गरेकोमा निर्माण व्यवसायीले काम सम्पन्न गरेको अवधि २०७३।२।१ देखि हेरालु ज्याला भुक्तानी गर्नुपर्नेमा वार्षिक हेरालुको ज्याला रु.८४,०००।- समेत पुरै भुक्तानी गरेको र उक्त रकम सामूदायिक वन समितिका अध्यक्षले ज्यामीज्याला (मष्टरोल) पेश गरेको आधारमा यसैवर्ष भुक्तानी दिएको छ । उक्त सामूदायिक वन समितिले सो रकमबाट हेरालु राखेको र हेरालुलाई रकम बुझाएको भर्पाइ प्रमाण पेश नभएमा रु.७०,०००।– असुल गर्नुपर्दछ ।

१५. **उपभोक्ता समितिको श्रमदान** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउँदा उपभोक्ता समितिले व्यर्होनुपर्ने श्रमदानको अंश समेत खुलाई सम्झौता गरी कार्य गराउनु पर्ने व्यवस्था छ। कार्यालयले संरक्षण सम्बन्धी कामको स्वीकृत लागत अनुमानमा समावेश गरेको सामग्री वापतको रकम समेत छुट्याई उक्त रकम मध्ये उपभोक्ताले श्रमदानमा गर्नुपर्ने कार्यहरु नखुलाई लागत अनुमान तयारी र स्वीकृत गरेको आधारमा यो वर्ष हरियाली सामुदायिक वन भित्रका कलमी वाँस खरिद गरेको बिल पेश गरी खाल्डो खनाई ज्याला र रोपणको ज्याला समेतको भपाई पेश गरेको आधारमा भुक्तानी दिएको छ । समितिले आफ्नो वाँसको झ्याङबाट वाँस घनाविक्री गरेको र कार्यालयको कार्यक्रम अनुसार सोही वनमा रोपण गरेको देखाई खर्च दावी गरेकोमा उपभोक्ताको श्रमदान नदेखिएकोले सो भुक्तानीमा भएको कारोवार पुनः यकिन गरी वास्तविक खर्च नभएकोमा रु.१२,०००।– असुल गर्नुपर्दछ ।

१६. **पेश्की** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा दिएको पेश्की फछ्र्यौट गर्ने कर्तव्य लिने दिने दुवै थरीको हुने व्यवस्था छ । कार्यालयमा विभिन्न कार्यहरु संचालन समेतको कार्यक्रम गर्न आर्थिक वर्षको अन्त्यसम्म विभिन्न कर्मचारीहरुलाई उपलव्ध गराएको पेश्की रु.५,८५,०००।– पेश्की फछ्र्यौट नगरेकोले पेश्की फछ्र्यौट नियमावली बमोजिम पेश्की फछ्र्यौट हुनुपर्दछ ।

१७. **परामर्श सेवा** : सार्वजनिक खरिद नियमावलीको नियम १२० मा खरिद सम्झौताको म्याद थप गर्नुपरेमा म्याद पुरा हुन ७ दिन अघि निवेदन दिनुपर्ने व्यवस्था छ । नियम १२१ मा खरिद सम्झौताको अवधिमा कार्य सम्पन्न नभएमा परामर्शदाताले सार्वजनिक निकायलाई क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था छ । वेलकतारी तपेश्वरी राष्ट्रिय वनको कार्य योजना र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्न २०७२।११।३० सम्म कार्य अवधि राखी सम्झौता भएको छ । परामर्शदाताले २०७२।११।३० मा २०७३।१।१५ सम्मको म्याद थप माग गरेकोमा कार्यालयले २०७२।२।३२ सम्मको म्याद थप दिएको पाइयो । सम्झौताको शर्त अनुसार प्रतिवेदनको मस्यौदा छलफल र सुझाव समेत वन विभागको कार्य क्षेत्रगत आदेश अनुसारको प्रस्तुति र राय प्रतिकृया

समेत समावेश गरी अन्तिम प्रतिवेदन तयार गर्नुपर्नेमा परामर्शदाताले दिएको प्रारम्भिक प्रतिवेदन उपर कुन अवधिमा थप राय सुझाव वा प्रतिकृया उपलब्ध गराएको हो, सोको प्रमाण पेश भएन । परामर्शदातालाई म्याद थप दिएको अवधिमा प्रतिवेदन तयार नगरी २०७२।३।१२ मा पेश्की कट्टा गरी रु.९,४२,४९९।१० भुक्तानी गरेकोले नियमको व्यवस्था बमोजिम ७ दिन अगावै निवेदन नदिएको र थप भएको म्यादमा कार्य सम्पन्न नगरेकोमा पूर्व निर्धारीत क्षतिपूर्ति नलिएकोले पूर्व निर्धारित क्षतिपूर्ति वापतको लाग्ने रकम रु.६,२२१।- असुल गर्नुपर्ने र उक्त सम्झौताको कार्य क्षेत्रगत आदेश बमोजिमका सबै कार्य पुरा गरी प्रतिवेदन तयार भएको आधार प्रमाण पेश हुनुपर्दछ ।

१८. **कार्यक्रम संचालन** : आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम कार्यक्रम संचालन तर्फको रकम खर्च गर्दा स्वीकृत वार्षिक कार्यक्रम अनुसार गर्नुपर्ने व्यवस्था छ । खाँवु इलाका वन कार्यालयको लागि नर्सरी नाइकेको ज्याला १२ महिनाको मासिक रु.५,०००।- का दरले रु.६०,०००।– खर्च लेखेकोमा उक्त नर्सरीमा वर्ष भरि नर्सरी नाइके राख्नुपर्ने कार्यक्रममा समावेश भएको पाइएन । स्वीकृत कार्यक्रममा १ वर्ष सम्म हेरालु नाइके राख्नु पर्ने व्यवस्था वेगर खर्च लेखेको रकम नियमित मान्न सकिएन ।

१९. **हाजिरी प्रमाण** : स्वीकृत कार्यक्रम बमोजिमको रकम भुक्तानी गर्दा ज्यालादारीमा काम गर्ने कामदार ज्यामीको मष्टरोलमा चढाई प्रमाणित कार्यको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । एक कर्मचारीको नामको नर्सरी निर्माण तर्फको रु.२,५०,०००।- पेश्की फछ्र्यौट गरेकोमा नर्सरी नाइके २०७२ मंसीर देखि २०७३ आषाढ सम्म मासिक रु.७,०००।– का दरले ८ महिनाको रु.५६,०००।- भर्पाइबाट रकम बुझेको भएतापनि दैनिक तथा मासिक डोर हाजिरी फाराम बेगर खर्च लेखेको रकम नियमित मान्न सकिएन ।

२०. **व्यक्तिगत धरौटी खाता** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८ अनुसार कार्यालयले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोवारको लेखा अनुसूची ११ बमोजिमको ढाँचामा व्यक्तिगत धरौटी खाता समेत अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । सो व्यवस्था अनुरुप व्यक्तिगत धरौटी खाता व्यवस्थित गरी धरौटी बाँकीको व्यक्तिगत विवरण समेत तयार गर्नुपर्नेमा व्यक्तिगत धरौटी खाता संचालन भए पनि आर्थिक वर्षको अन्त्यसम्म धरौटीको व्यक्तिगत श्रेस्ता अनुसार रु.१,०५,८८,३०४।३६ बाँकी देखाएको छ भने कोष तथा लेखा नियन्त्रक कार्यालय अनुसार रु.९६,९६,७०८।०६ देखिएको छ । धरौटीको व्यक्तिगत श्रेस्ता र कोष तथा लेखा नियन्त्रक कार्यालयको बाँकी धरौटीमा रु.८,९१,५९६।३० फरक देखिएकोले फरक हिसाव सम्बन्धमा यकिन गरी समायोजन गराई धरौटीको विवरण दुरुस्त गर्नुपर्दछ ।

२१. **कर विजक** : मूल्य अभिवृद्धि कर नियमावली, २०६४ को नियम १७(१) मा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई अनुसूची - ५ र ५ क बमोजिमको ढाँचामा कर वीजक दिनुपर्ने व्यवस्था छ । कार्यालयले हडिया गाउँ विकास समिति २ राष्ट्रिय वन को घाटगद्दी गर्न एक ट्रेडर्सलाई रु.११८३९८।- भुक्तानी गरेकोमा निजवाट मूल्य अभिवृद्धि कर वीजक पेश नभएको साथै भुक्तानीमा अग्रिम कर कट्टी पनि नभएकोले कर वापतको रकम असुल हुनु पर्ने साथै मूल्य अभिवृद्धि कर समायोजन समेत पेश हुनुपर्दछ ।

२२. **नर्म्सको प्रयोग** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विरुवा उत्पादन कार्यको लागत अनुमान तयार गर्दा विउ संकलन कार्यको लागत अनुमान इकाई के.जी.मात्र उल्लेख गरी एकमुष्ट रु.४०,०००।- देखाएको पाइयो । वन विभागबाट स्वीकृत नर्म्समा विउ संकलनको समेत ज्यामी संख्या र दिन समेत तोकिएकोमा सो अनुसार परिमाण श्रम दिन र दर खुलाएको पाइएन । त्यसै गरी नर्सरी नाइकेको ज्याला भुक्तानी गर्दा कुनैमा ६ महिना, कुनैमा ७ महिना र १ वर्ष सम्मको रकम भुक्तानी गर्ने गरेको तथा नर्सरी स्थापनाको लागि मालसामान आपूर्ति भन्दा अगावै देखि

नर्सरी नाइकेको ज्याला लागत अनुमानमा राखी तयार गर्ने गरेको पाइयो । विभागीय नर्म्सको आधारबाट हुने लागत अनुमान तयार गरेर मात्र कार्यक्रम संचालन गर्नुपर्दछ ।

२३. **राजस्व आय** : कार्यालयबाट प्राप्त विवरण अनुसार जिल्ला वन कार्यालय तर्फ २०७२।७३ मा मौज्दात काठ ४५८३३.९५ क्यू.फिट, देखाएको मध्ये (जिल्ला वन पैदावार आपूर्ति समिति तर्फको विवरण उपलब्ध नगराएको) कूल काठको मौज्दात उल्लेख गर्न सकिएन । मौज्दात देखाएको काठको समेत जात अनुसारको ग्रेडिङ्ग गरी मूल्य समेत खुलाउनु पर्नेमा पेश भएको काठ दाउराको लगतमा मूल्य खुलाएको छैन । जिल्ला वन कार्यालय तर्फ कूल मौज्दात काठ ४६६८२ क्युफिट मध्ये ५११९ क्यू फिट काठ कम हैसियतको उल्लेख भएको विवरणबाट देखिएको छ । काठ दाउराको मूल्य खुलेको विवरण पेश नभएकोले कम हैसियत उल्लेख भएको काठ दाउराबाट समेत राजस्वमा घाटा भइरहेको अवस्था देखिएको छ । २०७१।७२ को राजस्वको आर्थिक विवरण अनुसार काठ दाउराको बाँकी रु.१७७९७८४।- लगत देखाएकोमा आर्थिक वर्ष २०७२।७३ आर्थिक विवरण तयार गर्दा सो रकम लगत महलमा समावेश गर्नुपर्नेमा समावेश गरेको छैन । गत वर्षको लगत बाँकी तथा यो वर्षको काठ दाउराको अभिलेख अनुसारको न्यूनतम मूल्यले हुने लगत समेतको आधारमा राजस्व आर्थिक विवरणमा लगत कायम गर्नुपर्ने व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरेकोमा यो वर्ष पनि सो बमोजिम लगत कायम गरेको पाइएन ।

२४. **तलव भत्ता भुक्तानी** : कार्यालयको दरवन्दी संरचना अनुसार यस कार्यालयको लागि राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारी हाजिर भएपछि लागू हुने शर्तमा राजपत्राङ्कित प्रथम श्रेणीको जिल्ला वन अधिकृतको दरवन्दी स्वीकृत भएकोमा उक्त दरवन्दीमा स्वीकृत संरचना अनुसार कर्मचारी हाजीरी नभएको अवस्थामा राजपत्राङ्कित द्धितीय श्रेणीका कार्यालय प्रमुखले निमित्त भई काम गरे वापत फरक तलव भुक्तानी लिएको रु.३६,९३६।– निजबाट असुल हुनुपर्ने गरी आन्तरिक लेखापरीक्षणवाट औंल्याइएकोमा उक्त रकम असुल नगरी मन्त्रालयका सचिवले वेरुजू नियमित गराएको पाइयो । शर्त सहित कायम भएको दरवन्दीमा पदपूर्ति नै नभई भुक्तानी गरेको रकम असुल हुनुपर्दछ ।

२५. **बढी भुक्तानी** : एक वन रक्षक २०७२।८।२ गते देखि लागू हुने गरी रमाना लिई जिल्ला वन कार्यालय काठमाडौं गएकोमा निजले २०७२ मंसीर, पुस, माघ र फाल्गुण महिनाको समेत कार्यालयबाट तलव रु.६८,८६८।- र महंगी भत्ता रु.४,०००।- गरी जम्मा रु.७२,८६०।- भुक्तानी भएकोमा निजबाट रु.५४,०००।- मात्र असुल गरेकोले बढी भुक्तानी भएको मध्ये बाँकी रु.१८,८६८।- समेत असूल हुनुपर्दछ ।

२६. **विल भुक्तानी** : सामूदायिक वन समूहहरुको वन क्षेत्रमा पुर्‍याउनु पर्ने प्राविधिक सेवा कार्यालयबाटै गर्नु पर्ने व्यवस्था छ । एक सामुदायिक वन क्षेत्रको नक्साङ्कन र तारवार, कामको सुपरीवेक्षण अनुगमन वापत उपभोक्ता समितिको विलमा २ सहायक वन अधिकृतको भ्रमण खर्च क्रमश रु.२४,०००।- र १६,०००।- समेत भुक्तानी गरेको पाइएकोले उक्त रकम असुल हुनुपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय

१. **आर्थिक कारोबारको लेखांकन** : स्थानिय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ वमोजिम जिल्ला विकास समितिले प्राप्त सबै कारोवार र रकम समेत समावेश गरी स्रेस्ता खडा गरी आर्थिक विवरण तयार गर्नु पर्नेमा पेश भएको आर्थिक विवरण तथा आय व्यय शीर्षकमा वैकल्पिक उर्जा मार्फत जिल्ला उर्जा कोषमा प्राप्त यस वर्षको निकासा रु.३३,९६,७९६।– लाई कूल आय व्ययमा नदेखाई विवरण तयार गरेको छ ।

२. **बैक मौज्दात** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको कार्यालयले आफ्नो आम्दानीको रकम आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सारी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले आर्थिक वर्षको अन्त्यमा स्रेस्ता अनुसार

रु.१,८०,४९,४७१।– बैंक मौज्दात रहेकोमा बैंक विवरण अनुसार रु.३,३६,४७,७५८।– देखिएकोले रु.१,५५,९८,२८७– बढी देखाएको छ । यसरी बैंक रकम घटी/बढी भएकोमा बैंक समायोजन हिसाब तयार नगरेकोले मौज्दात रकम यकिन हुन सक्ने देखिएन । बैंक मौज्दात घटीबढी देखिएको सम्बन्धमा आय व्यय विरणमा फरक पर्नाको कारण सम्म उल्लेख गरेको छ । पेश भएको कारण १५ खाता र कार्यक्रममा देखाईएको भएतापनि धरौटी तर्फको रु.८,७७,४६४।– को बैंक भौचार पेश नभएको र आन्तरिक आय खाताबाट सोधभर्ना हुन बाँकी रु.६३,६३३।- प्रकोप व्यवस्थापनको रु.६२,९३०।- तथा भारतीय दुतावास सहभागीता वापतको रु.१३,७९,०४२।- मानव संसाधन, संस्कृती पवर्द्धन तर्फ समेतका कारोवारमा फरक देखिएका रु.२६,६२,४२०।– सम्बन्धमा आवश्यक छानबिन एवं कारबाही गरी टुगो लगाउनु पर्दछ ।

३. **जिम्मेवारी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रकम आगामी वर्ष जिम्मेवारी सार्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले कोषतर्फ पाँच खातावाट रु.५,५१,५७०।– गत वर्षको मौज्दात भन्दा बढीघटी जिम्मेवारी सारेको छ । घटी/बढी जिम्मेवारी सारेको सम्बन्धमा छानबिन गरी यकिन गर्नुपर्दछ ।

४. **आन्तरिक नियन्त्रण प्रणाली** : आर्थिक कार्यविधि नियमावली, २०६४ तथा अन्य प्रचलित कानूनी व्यवस्था अनुसार कार्यालयले सम्पादन गर्ने कार्य मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ–आफ्नो कामको प्रकृति अनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ । यस सम्वन्धमा जिन्सी निरीक्षण गराई लेखा अद्यावधिक नगरेको, लिलामको कारवाही नगरेको, कर्मचारी तथा पदाधिकारीलाई कम्प्यूटर ल्यापटप लगायतका मालसामान खरिद गर्न सोभैm पेश्की दिई कारोवार गरेको, वैंक हिसाब मिलान विवरण अद्यावधिक नगरेको, गाउँ विकास समितिमा पठाएको रकम मध्ये फ्रिज गर्नुपर्ने अनुदान रकमको अद्यावधिक विवरण राखि फ्रिज रकम यकिन नगरेको, तोकिएकै दिनमा सामाजिक सुरक्षा भत्ता वितरण गरे नगरेको अनुगमन नगरेको, अनुगमन निरीक्षणबाट प्राप्त प्रतिवेदन जिल्ला विकास समिति वैठकमा राखि छलफल हुने नगरेको, पेश्की बाँकी रकमको अनुगमन गरी फछ्र्यौटलाई प्राभावकारी नबनाएको, बार्षिक खरिद योजना तयार गरी स्वीकृत नगरेको समेत देखिएकोले आन्तरिक नियन्त्रण प्रभावकारी वनाउनु पर्दछ ।

५. **कार्यक्रम संचालन आधार** : सुनौला हजार दिन कार्यक्रम आयोजना कार्यान्वयन कार्यविधि, २०७० को (८) बमोजिम पोषण कार्यक्रममा दिगो प्रगति र माग श्रृजना गर्न र लक्ष्य प्राप्त गर्न द्रुत नतिजा अवधारण अनुसार एकसय दिनमा सम्पन्न भई लक्ष्य प्राप्ति हुने रु.१ लाख देखि रु.३ लाख सम्मका स-साना कार्यक्रम कार्यान्वयन हुने गरी तोकिएको छ। जिल्लामा प्रथम चरण (२०७१।०७२) मा ६ गाउँ विकास समिति र दोश्रो चरण २०७२।७३ मा ५ गाउँ विकास समितिमा कार्यक्रम संचालन भएको पाइयो ।

६. **स्वीकृत कार्यक्रम भन्दा बढी खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को २०(४) मा स्थानीय निकायको परिषदबाट कार्यक्रम र बजेट स्वीकृत भई सकेपछि संसोधन गर्न पाइने छैन भन्ने व्यवस्था रहेको छ । आठौ जिल्ला परिषदले सुनौला हजार दिन कार्यक्रम तर्फ २०७२।७३ मा रु.४ करोड १० लाख ६३ हजार वजेट पारित गरेको र नवौ जिल्ला परिषद २०७२।११।२८ मा समेत यो कार्यक्रमको शंसोधन वजेट रु.४ करोड १० लाख ६३ हजार नै कायम गरेकोमा कार्यालयले यस वर्ष यो कार्यक्रममा गतवर्षको समेत रु.४ करोड ६४ लाख ६४ हजार खर्च गरेको छ । परिषदबाट प्रस्ताव र स्वीकृत नभएको गत वर्षको समेतको यो

कार्यक्रममा परिषदबाट संसोधन स्वीकृति वेगर रु.३५,८३,०००।– बढी खर्च गरेको पाइयो । गतवर्ष कार्यक्रम संचालन भएका गाउँ विकास समितिको तेश्रो चरण कार्यक्रमको रकम निकासा नभएको उल्लेख गरी यस वर्षको स्वीकृत वजेटबाट गाउँ विकास समिति ५ लाई रु.७६२१५६८।- समेत गतवर्षको अवधिको रकम भुक्तानी गरेको छ । परिषद्वाट पारित वजेटभन्दा वढी खर्च गरेकोमा अनुमोदन गराई नियमित गराएको पाइएन ।

७. **निर्देशन र शर्तको पालना** : संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७३।५।२१ को वजेट खर्चको अख्तियारीमा सुनौला हजार दिन कार्यक्रम संचालन गर्दा आयोजना कार्यान्वयन कार्यविधि २०७० र खर्च मार्ग दर्शन २०७० को व्यवस्था अन्तर्गत रहेर मात्र खर्च गर्ने शर्त तोकिएको छ। अख्तियारी साथ प्राप्त वजेट खर्च सम्बन्धी निर्देशन तथा शर्तको नं.१० मा गतवर्षको रकमबाट १०० दिने पोषण कार्यक्रम संचालन भई पुरा हुन बाँकी भएमा त्यस्ता अधुरा कार्यक्रमलाई चालु आर्थिक वर्ष को म्याट्रीक्समा समावेश गरी कार्यक्रम स्वीकृत भएको अवस्थामा मात्र खर्च गर्न सकिने व्यवस्था छ । यो वर्ष जिल्ला पोषण तथा खाद्यान्न सुरक्षा समितिको २०७३।१०।२१ को वैठकबाट २०७१।०७२ मा संचालित कार्यक्रमको भुक्तानी २०७२।०७३ को वजेटबाट गर्ने निर्णय गरी ६ गाउँ विकास समितिको भुक्तानी बाँकी उल्लेख गरी रु.७६,२१,५६८।- समेत खर्च गर्ने निर्णय गरेको र गत वर्षको बाँकी कार्यक्रम २०७२ आषाढदेखि २०७२ मंसिरसम्म संचालन हुने सम्मको व्यहोरा कार्यक्रम अनुगमन विवरणमा समावेश गरेको भएतापनि सम्बन्धीत आर.आर.एन.आई तथा गाउँ विकास समितिबाट गत वर्षको काम संचालन गर्ने स्वीकृत लिई तोकिएको अवधि भित्र कार्यक्रम संचालन गरिसक्ने गरी म्याट्रीक्स खडा गरेको पाइएन ।

८. **कार्यक्रम संचालन** : सुनौला हजार दिन आयोजना कार्यान्वयन कार्यविधि २०७० को ८ मा यस कार्यक्रम अन्तर्गत एकसय दिनमा सम्पन्न भई लक्ष्य प्राप्ति हुने रु.१ लाख देखि ३ लाख सम्मका कार्यक्रम कार्यान्वयन गरिने व्यवस्था भएकोमा कार्यालयले यो वर्ष २०७२।०७३ को दोश्रो साइकलमा संचालन गरिने योजनाको स्वीकृत गर्दा र खर्च गराउदा निर्देशिकाको व्यवस्था भन्दा फरक गरी रु.३ लाख भन्दा बढीका ७ कार्यक्रममा रु.२१,९०,४०८।– खर्च गराएको कार्यलाई नियमित मान्न सकिएन ।

८.१. सुनौला हजार दिन कार्यक्रम संचालन कार्यविधि, २०७० को ३१ मा कार्यक्रम संचालन रकम किस्ता वन्दीमा दिने गरी गाउँ विकास समितिस्तरको कोष प्रवाहबाट १०० दिने कार्यक्रम संचालन गर्न निर्देशक समितिबाट कार्यक्रम स्वीकृत गरी गाउँ विकास समिति ले सम्बन्धीत टोलीसँग सम्झौता गर्नुपर्ने व्यवस्था छ । संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७२।१।५ को पत्रबाट चालु आर्थिक वर्षमा पोषण सम्बन्धी कार्यक्रम तोकिएको अवधि परिपालना नहुने देखिएकोले २०७३ वैसाख १५ भित्र प्रस्ताव माग गरी कार्यक्रमको समयावधि ७० दिन भन्दा घटी नहुने गरी संचालन गर्न निर्देशिन दिएको छ । निर्देशिकामा सम्झौता भएपछि टोलीको नामको खातामा रकम जम्मा गरी स्वीकृत तालिका बमोजिम खर्च गर्नुपर्ने, अन्तिम किस्ता रकम भुक्तानी गर्दा सय दिनको कार्यक्रम सम्पन्न प्रतिवेदन खर्चको विल भर्पाइ प्रमाणित गरि सकेपछि २० प्रतिशत रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।

कार्यालयले यो वर्ष दोश्रो साइकलको कार्यक्रम संचालन गर्न २०७३।३।३ मा मात्र ६ गाउँ विकास समितिको खातामा रु.४८,६३,४६७।– निकासा दिएकोमा २०७२ आषाढ मै सबै रकमको पेश्की समेत कायम नगरी खर्च जनाएको पाइयो । जिल्ला विकास समिति बाट गाउँ विकास समिति खातामा रु.४८६३४३७।- रकम निकासा गरेको २७ दिन पुरा नहुँदै दोश्रो साइकल पुरा गरेको आधारमा खर्च जनाएकोमा कार्य सम्पन्न प्रतिवेदन समेत फाइल श्रेस्ता साथ नहेकोले गाउँ विकास समितिले आर.आर.एन.आईको खातामा रकम ट्रान्सफर गरिदिएको अवधि लाभग्राहीले सेवा

प्राप्त गरेको अवधि तथा कार्यक्रम अभिलेख प्रतिवेदन लेखापरीक्षणमा पेश नभएकोले खर्चको पुष्ट्याई गर्ने अभिलेख वेगर पेश्की नजनाएको खर्च सम्बन्धमा एकिन हुनुपर्दछ ।

९. **कार्यक्रम संचालनमा फरक** : कार्यक्रम कार्यान्वयन कार्यविधि २०७० बमोजिम गाउँ विकास समितिले आर.आर.एन. आईसँग सम्झौता गरी रकम निकासा गर्नुपर्ने व्यवस्था छ । सम्बन्धीत गाउँ विकास समिति हरुले पठाएको साइकल अनुसारको कार्यक्रम सम्पन्न प्रतिवेदनको नमूना परिक्षण गर्दा कटुन्जेववला गाउँ विकास समिति मा समूहको कार्यक्षेत्र नं. नखुलाई खर्च विवरण पेश गरेको, कार्यक्षेत्र फरक गरी खर्च गरेको र स्वीकृत वजेट भन्दा घटीबढी कार्यक्रममा खर्च गर्ने गरेको देखियो । कार्यक्रम संचालनको रकम निकासा गर्दा फरक गरी तथा कार्यक्षेत्र नखुलाई रकम खर्च गर्ने कार्यमा नियन्त्रण गरी स्वीकृत कार्यक्रममा मात्र खर्च गराउनु पर्दछ ।

१०. **प्रशासनिक खर्चको भुक्तानी** : सुनौला हजार दिन कार्यक्रम संचालन कार्यविधि, २०७० बमोजिम गाउँ विकास समितिलाई समेत प्रशासनिक खर्च रु.६४०००।- का दरले निकासा पठाएको छ । गाउँ विकास समिति खातामा प्रशासनिक खर्च समेत पठाएकोमा गाउँ विकास समितिले उक्त रकम आफ्नो चालु खर्च खातामा ट्रान्फर गरी खर्च गर्नु गराउनु पर्नेमा सो अनुसार गरेको छैन । नमूना परिक्षणबाट केही गाउँ विकास समितिले उक्त रकम खर्च गरी छुट्टै विल भर्पाइ सोझै जिल्ला विकास समितिमा पठाएको पाइयो भने केही गाउँ विकास समितिले यस्तो खर्चको फाँटवारी विवरण पठाएको पाइएन । गाउँ विकास समितिलाई प्रशासनिक खर्च दिएको रु.७,०४,०००।– गाउँ विकास समितिले आम्दानी देखाई खर्चको लेखा राखी आन्तरिक र अन्तिम लेखापरीक्षण गराएको प्रमाण पेश हुनुपर्दछ ।

१०.१. कटुन्जेववला गाउँ विकास समितिले गतवर्षको तेश्रो साइकलको रकम खर्च माग गर्दा पेश गरेको फाँवारीमा एम.सि.पि.एम कार्यको लागि खटिएका एकलाई दैनिक तथा भ्रमण भत्ता वापत रु.५,२५०।- यो कार्यक्रमबाट भुक्तानी गरेको देखियो । असम्बन्धित काममा भुक्तानी गरेको उक्त रकम असुल हुनुपर्दछ ।

११. कार्यक्रम संचालन वापत गाउँ विकास समितिलाई वार्षिक एकमुष्ट प्रशासनिक खर्च निकासा दिने व्यवस्था छ । कार्यालयले कटुन्जेववला गाउँ विकास समितिमा २०७१।०७२ को तेश्रो चरणको कार्यक्रम समेत चलाउने गरी रकम व्यहोरेको छ । उक्त गाउँ विकास समितिबाट तेश्रो चरणका कार्यक्रम २०७२।७३ को आषाढ देखि माघ सम्म संचालन गर्ने गरी जिल्ला पोषण समितिले स्वीकृत गरेको छ । चालु वर्षको प्रशासनिक खर्च वापत एकमुष्ट रु.६४,०००।- भुक्तानी गरेकोमा गत वर्षको बाँकी रकम भुक्तानी समेतमा यो वर्ष रु.३०,०००।– गतवर्षको प्रशासनिक खर्च वापत दावी गरी भुक्तानी लिएको छ । गत वर्षका बाँकी कार्यक्रम यसवर्ष संचालन गरेकोमा थप प्रशासनिक खर्च लिन मिल्ने नदेखिएकोले उक्त रकम फिर्ता हुनुपर्दछ ।

१२. **खरिद तथा दाखिला** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा स्वीकृत बजेटबाट मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयलाई यस कार्यक्रमको खर्चको अख्तियारीमा मेसिनरी औजारका रकम स्वीकृति नभएकोमा ल्याप्टपको स्पेसिफिकेशन स्वीकृति नगराई १ थान ल्यापटप २०७२।११।२२ मा सौझै खरिद गरेको विलबाट रु.९१,३८८।- भुक्तानी गरेको छ । कार्यक्रम वेगर खरिद गरिएको उक्त ल्याप्टप जिन्सी आम्दानी गरी सहायक खाताबाट प्रयोगकर्तालाई बुझाएको प्रमाण समेत पेश नभएकोले अख्तियारी वेगर खरिद गरेको कार्यलाई नियमित मान्न सकिएन ।

१३. **विद्यालय निर्माण समिति** : ग्रामीण सामुदायिक पूर्वाधार कार्यक्रम अन्तर्गत यो वर्ष नामेटार गाउँ विकास समिति को माझ खर्क मा.वि र भुटार गाउँ विकास समिति को ज्योती नि.माध्यामिक विद्यालयमा कम्पाउण्डवाल निर्माण समेतको कार्य गराई भुक्तानी गरेको छ । विद्यालयमा गरिने भौतिक पूर्वाधारका कार्य गराउदा व्यवस्थापन समितिका अध्यक्ष रहेको समितिबाट कार्य गराउने सम्झौता गरेको छ । माझखर्क माध्यामिक विद्यालय मा यो कार्यक्रमबाट कम्पाउण्डवाल निर्माणको

कार्य गर्न छुट्टै बैंक खाता खोली कारोवार गरेको पाइएकोले विद्यालय मार्फत गरिने निर्माण समेतको लागि जिल्ला शिक्षा कार्यालयबाट समेत भौतिक पूर्वाधारको कार्य गर्ने गराउने भएकोले काममा दोहोरोपना नहुने सम्झौता गरी विद्यालय कै खातामा रकम पठाउने व्यवस्था हुनुपर्दछ ।

१३.१. **यातायात खर्च** : कार्यक्रम कार्यान्वयन कार्यविधि, १४.८ मा जिल्ला विकास समिति मार्फत संचालित यस कार्यक्रमको अनुगमन र निरीक्षण स्थानीय विकास अधिकारीबाट समेत गर्ने व्यवस्था छ। स्थानीय विकास अधिकारीले कार्यक्रमको अनुगमन गर्न २०७३।३।९ मा रौता र पँचावती गाउँ विकास समिति भ्रमण गर्दा रु.३३००।- र कटारी र लेखानी गाउँ विकास समितिमा भ्रमण गर्दा रु.९५००।- गाडी भाडा माग गरी सोही अनुसार दैनिक तथा भ्रमण भत्ता समेत भुक्तानी लिएको छ । जिल्ला विकास समितिमा स्थानीय विकास अधिकारीलाई छुट्टै सवारी साधनको व्यवस्था रहेकोमा कार्यक्रम लागू नभएका गाउँ विकास समितिको भ्रमणमा यातायात खर्च दावी गरी भुक्तानी लिन मिल्ने देखिएन ।

१४. **कन्टिन्जेन्सी खर्च** : स्थानीय निकाय श्रोत परिचालन कार्यविधि, २०६९ बमोजिम कन्टिन्जेन्सी खर्च सम्बन्धी कार्यको योजना जिल्ला परिषदबाट स्वीकृत गराई खर्च गराउनुपर्ने र अभिलेख राखी व्यवस्थित गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणबाट कन्टिन्जेन्सी खर्चको अभिलेख माग गरेकोमा सो सम्बन्धी विवरण पेश भएन तर कार्यालयले ४ योजना तथा कार्यक्रमको वजेटबाट रु.६,१४,५९२।– खर्च गरी भुक्तानी गरेको मध्ये कन्टिन्जेन्सी वापत खर्चको नमूना परिक्षण गर्दा केन्द्रीय स्तरका कार्यक्रम तथा जिल्ला विकास कोष तर्फका कार्यक्रममा कन्टिन्जेन्सी खर्च वापत निर्माण कार्यसँग प्रत्यक्ष खर्च नरहेका कार्यमा समेत रु.६१४५९२।- खर्च गरेको देखिएकोले नियमको व्यवस्था बमोजिम परिषदबाट पारित गराएर मात्र कन्टिन्जेन्सी खर्च गर्नुपर्दछ ।

१५. **राजस्व बाँडफाँड** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २११ को अनुसूची-२६ मा जिल्ला विकास समितिलाई प्राप्त हुने राजस्व बाँडफाड वापतको रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाउने व्यवस्था छ। आन्तरिक आय खाताबाट राजस्व बाँडफाँड खातालाई सोधभर्ना र ट्रान्सफर हुन बाँकी रु.४,६९,७१४।– देखाएकोले राजस्व वाडफाँड खाताबाट चालु तर्फ खर्च व्यहोर्ने कार्यमा रकम सार्ने र सोधभर्ना गर्ने कार्य गरेकोले यस्तो कारोवारमा सुधार हुनुपर्दछ ।

१६. **प्रशासनिक खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत वजेटको परिधि भित्र रही जिल्ला विकास समितिले आन्तरिक आयको २५ प्रतिशतले हुने रकम सम्म प्रशासनिक खर्च गर्न पाउने व्यवस्था छ। यो वर्ष आन्तरिक आय रु.१,६६,९९,०९९।- को २५ प्रतिशतले हुने रु.४१७४७७४।- सम्म खर्च गर्न पाउनेमा विशेष भत्ता २० प्रतिशत थप समेत रु.१२७,३८,९४७।- खर्च गरी नियमको व्यवस्था भन्दा रु.८५,६४,१७२।- बढी खर्च लेखेको कार्य नियमित मान्न सकिएन ।

१७. **शीर्षक फरक गरी भुक्तानी** : स्थानीय निकाय श्रोत परिचालन कार्यविधि, २०६९ बमोजिम जिल्ला परिषदबाट वार्षिक वजेट पारित गराउदा प्रशासनिक खर्च समेतको वजेट वाडफाड गरी स्वीकृत गराउनु पर्ने व्यवस्था छ । यो वर्ष आठौ जिल्ला परिषदको निर्णयको आधारमा कार्यालयमा सबै तहका कार्मचारीलाई तलवको २० प्रतिशत ले हुने रकम रु.२४,४२,३१२।- समेत थप भत्ता भुक्तानी गरेको पाइयो । उक्त भत्ता रकम आन्तरिक चालुकोष तर्फको स्थानीय भत्ताको रकबाट खर्च गरेकोमा उदयपुर जिल्ला स्थानीय भत्ता नपाउने जिल्ला भएको भएतापनि उक्त शीर्षकमा रकम विनियोजन गरी परिषदबाट निर्णय गरी भुक्तानी गर्ने कार्य गरेको देखियो । परिषदबाट पारित गराउने वजेट प्रस्ताव गर्दा स्वीकृत खर्च शीर्षकको आधारमा प्राप्त तलव भत्ता रकम छुट्याउनु पर्दछ ।

१८. **भैपरी खर्च** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५६ मा जिल्ला विकास समितिले कर शुल्क सेवा शुल्क र दस्तुर र भाडाबाट उठाएको कुल रकमको १ प्रतिशतसम्म

भैपरी आउने कामको लागि खर्च गर्ने सम्मको व्यवस्था छ। यो वर्ष रु.१,५१,८६,२९३।- आय गरेको र नियमानुसार रु.१,५१,८६२।- सम्म खर्च गर्न पाउनेमा कार्यालयले भैपरी र विविध खर्चमा रु.३,९०,६५९।- खर्च गरी तोकिएको सीमा भन्दा बढी खर्च गरेको नियमित मान्न सकिएन।

१९. **नियमावली व्यवस्था** : निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम नियमावली, २०७१ (११) बमोजिम कार्यक्रम छनौट गर्दा एक आर्थिक वर्षमा बढीमा १० वटा कार्यक्रम छनौट गर्न सकिने व्यवस्था छ। समिति कार्यालयले यो वर्ष जिल्लाका ३ प्रत्यक्ष निर्वाचित साँसद सदस्यले पेश गरेका कार्यक्रम स्वीकृत गरी संचालन गर्दा दुइ सदस्यको १५/१५ र एक सदस्यको १६ योजना सिफारिश गरेको आधारमा खर्च भएको छ।

१९.१. निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रम नियमावली, २०७१ को नियम १२ मा यस कार्यक्रमबाट आयोजनाहरु छनौट गर्दा गैर सरकारी संस्था तथा राजनितिक दल वा तिनका भगिनी संगठन सँग सम्बन्धीत पूर्वाधार आयोजना छनौट गर्न सकिने छैन भन्ने व्यवस्था गरेको छ। यो वर्ष निर्वाचन क्षेत्र नं.२ का साँसद निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमबाट २ गैर सरकारी संस्था र भगिनी संगठनको भवन र पूर्वाधार निर्माण कार्यमा रु.२०,००,०००।– खर्च गरेको पाइयो। नियमावलीको व्यवस्था भन्दा फरक गरी कार्यक्रम स्वीकृति तथा खर्च गरेको कार्य नियमित मान्न सकिएन।

१९.२. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) अनुसार उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र नियम ९७(९) मा जटिल प्राविधिक पक्ष समावेश भएको कार्य समेत उपभोक्ता समितिबाट गराउन नसकिने व्यवस्था छ। कार्यालयले यो वर्ष निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमबाट क्षेत्र नं.३ को विद्युत ट्रान्फरमर योजना मा रु.८,००,०००।-, तावा श्री विद्युतीकरणमा रु.१०,००,०००।- तथा हर्देनी विद्युतीकरणमा रु.१०,००,०००।- र क्षेत्र नं. १ को ग्रामीण विद्युतीकरणमा रु.१४,००,०००।- निकासा दिएको पाइयो। उपभोक्ता समितिको प्रत्यक्ष सिप र स्वामीत्व नरहने योजनामा रु.४२,००,०००।- लगानी गरेको छ। क्षेत्र नं. ३ कै नेपालटार विद्युतीकरण योजनाको लागि नेपाल विद्युत प्राधिकरण मार्फत रु.९९८२७०।- निकासा दिई खर्च गराएको छ।

- तावा श्री विद्युतीकरण योजनाको लागत अनुमान रु.१२०२७७०।- रहेको र उक्त कार्य मध्ये बाहुनिटारमा विद्युतको मेन लाइनमा २२ वटा पोल समेत थप काम गराउने गरी नेपाल विद्युत प्राधिकरणबाट इष्टिमेट गराई २२ सिमेन्ट पोल र १८ फलामे पोल स्वीकृत गरेकोमा पेश भएको खरिद विलमा २९ सिमेन्ट र १८ फलामे पोल खरिद कार्यको विल समावेश छ। उपभोक्ता समितिले बढी खरिद गरी खर्चमा दावी लिएको ७ पोलको रु.१५१५९२।- र सो को मूल्य अभिवृद्धि कर समेत रु.१७१२९८।- बढी रहेकोमा ती पोल प्रयोग गर्न थप विद्युत लाईन र सामाग्री खरिद गरेको कार्यक्रम अभिलेखबाट देखिएन।
- नेपालटार विद्युतीकरणको काम गर्न नेपाल विद्युत प्राधिकरणलाई पेश्की दिनु पूर्व कामको लागत अनुमान स्वीकृति नगरेकोमा उक्त रकम २०७३ आषाढमा प्राधिकरणलाई दिई कार्य गराएकोमा प्राधिकरणले एक निर्माण सेवा मार्फत गराई उक्त कार्य मध्ये रु.८४८००१।- खर्च गरेको र बाँकी रु.१५०२२८।- रकम फिर्ता गरेको देखाएको छ। प्राधिकरणले पेश्की फछ्र्यौटमा पठाएको फाँटवारीमा मूल्य अभिवृद्धि कर वीजक फोटोकपी समावेश गरेको छ। उक्त कार्यमा ज्यालाको विल रु.१३२२१०।- मात्र समावेश गरेको आधारमामात्र कामको थप विवरण नदिई पेश्की फछ्र्यौट गर्न पठाएको देखिएकोले उक्त कार्यमा प्राधिकरणको रकमबाट खर्च गरे नगरेको यकिन गर्नुपर्दछ।
- स्थानीय निकाय स्रोत परिचालन कार्यविधि, २०६९ मा उपभोक्ता समितिले लिएको योजना तथा कार्यक्रमको रकम सम्झौतामा उल्लिखित योजनामा खर्च गर्नुपर्ने व्यवस्था छ। कटारी नगरपालिकाको विद्युत ट्रान्फर्मर योजनामा उपभोक्ता समिति अध्यक्षले पेश्की लिएको

रु.८०००००।- योजना फरकफरक गर्दा जडान भएको ३१५ के.भी.ए क्षमताको ट्रान्र्फमर २०७३।३।५ मा आगलागी भै सप्लाई बन्द भएकोले सो स्थानमा ३०० के.भि. ए. क्षमताको ट्रान्सफरमा जडान गरी सोही स्थानमा सट्टा गरी जडान गरिएको ट्रान्सफर कै आधारमा योजना फरक फरक गरेको छ । एक प्रयोजनको कार्य गर्न लिएको रकमबाट अन्य प्रयोजनमा खर्च गरी योजना फरफारक गरेको सम्बन्धमा थप यकिन गरी उक्त रकम के कस्तो कार्य र स्थानमा लगानी गरेको हो सो को प्रमाण पेश हुनुपर्दछ ।

- पुरन्दहचोक देवधार कल्भर्ट निर्माण कार्यको विल बमोजिम रु.१४,१७,४१८।– को भुक्तानी गरेकोमा विल बमोजिम पुराको काठको पुल भत्काउने कार्यमा रु.१५०००।- समेत भुक्तानी गरेको छ । पुलबाट प्राप्त काठ तथा सामान फिर्ता वा लिलाम विक्री गरेको नपाइएकोले उक्त पुल रहेको स्थानमा कर्ल्मट निर्माण वापत रकम भुक्तानी भइसकेकोले पुन यकिन गरी पुलको काठको स्थिति र सोको आम्दानी समेत यकिन गर्नुपर्दछ ।
- मैनामैनी भुटार सडक निर्माण उपभोक्ता समितिको बाटो खन्ने कार्यको भुक्तानी गर्दा उपभोक्ता समितिले दावी गरेको मेशिनको भाडा रु.१००००००।- देखाई सोही आधारमा उपभोक्ता समितिको पेश्की फछ्र्यौट गरी बाकी रकम भुक्तानी गरेकोमा मेशिन भाडा लिएको सम्झौता समावेश नभएको र वहाल कर वापत रु.१५००००।– कट्टी गर्नुपर्नेमा रु.५३४२९।- मात्र कट्टागरी बाँकी रकम भुक्तानी दिएको ले नपुग कर असुल गर्नु पर्दछ ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजक को भुक्तानी गर्दा वास्तविक कामको आधारमा नापी कितावमा देखिएको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । साउने खावु विद्युतीकरण योजनाको कार्य गर्न उपभोक्ता समितिसँग सम्झौता गरी गराएको छ । योजनाको लागत अनुमान रु.१६,११,३३४।- रहेको मध्ये जिल्ला विकास समितिको रु.१४,००,०००।- रहने गरी स्वीकृत गरेको छ । लागत अनुमान स्वीकृत गर्दा नेपाल विद्युत प्राधिकरणले तयार गरेको इष्टिमेट अनुसार ३९ वटा फलामे पोलको प्रति पोल रु.१६५००।- मूल्य हुने र सो मुल्यमा विराटनगरदेखि साइट सम्मको ढुवानी रु.१०००।- समेत समावेश गरेको छ । कार्यालयले प्रथम रनिङ विल तयार गरी सो वापतको रकम भुक्तानी गर्दा ३९ पोलको रु.१६,५००।- का दरले जम्मा रु.६,४३,५००।- भुक्तानी गरेकोमा ढुवानीको लागि छुट्टै वीजकबाट थप रु.३९,०००।- समेत भुक्तानी दिएकोले बढी भुक्तानी रकम असुल हुनुपर्दछ ।
- उपभोक्ता समितिले पेश गरेको पोल खरिदको वीजक अनुसार ३९ पोलको मूल्य प्रतिपोल रु.१३,७१६।- रहेकोमा उपभोक्ता समितिको रनिङ विल तयार गर्दा रु.१६,५००।- का दरले गणना गरेको छ । खरिद विलमा इष्टिमेट बमोजिम साइट सम्मको ढुवानी प्रतिपोल रु.१०००।- थप गर्दा समेत रु.१४,७१६।– सम्म हुनेमा इष्टिमेटमा स्वीकृत लागत दरबाट विल खडा गरी भुक्तानी गरेको र ढुवानीमा छुट्टै विल समावेश गरेको र फलामे पोलको सुधारमा ३९ वटाको प्रति पोल रु.२३३।२४ का दरले थप रु.९०,९९६।- समेत समावेश गरी अन्तिम विल भुक्तानी गर्नाले विल वेगरको पोल सुधारको मूल्य र वास्तविक विलभन्दा वढीको पोलको मूल्य, तथा लागत अनुमान मा रहेको मूल्यभित्र ढुवानी समेत हुनेमा छुट्टै ढुवानी देखाई वढी भुक्तानी दिएको छ ।

२०. **सवारी साधन** : सार्वजनिक खरिद नियमवली, २०६४ को नियम १० ले निर्माण कार्यको लागत अनुमान तयार गर्ने व्यवस्था तोकिएको छ । निर्माण कार्यको लागत अनुमान जिल्ला दररेट र नर्म्सको आधारमा सामग्रीको दर विश्लेषण गरी निर्माण कार्यको आइटम स्वीकृत गराउनु पर्ने व्यवस्था छ । सार्वजनिक लेखा समितिको २०६९।१।८ को निर्णयानुसार निर्माण कार्यको विलअफ क्यान्टीटीमा मेशिन भाडा र उपकरण समेतको आइटम समावेश गर्न नपाउने गरी निर्णय भै सबै मन्त्रालयहरुमा परिपत्र समेत गर्ने निर्णय भएको छ । कार्यालय अन्तर्गतका ४ पुल निर्माण कार्यको

आइटममा मेशिनरी औजार र सवारी साधन समेतको आइटममा रु.२०,९५,५००।– स्वीकृत गरी ठेक्कापट्टा गरेको र भुक्तानी गरेको पाइयो । खरिद नियमावलीको व्यवस्था र लेखा समितिको निर्णय आदेश विपरित विलअफ क्यान्टीटी मा सवारी साधन र मेशिनरी औजार राखी ठेक्का वन्दोवस्त गराएको कार्यलाई नियमित मान्न सकिएन ।

२१. **डिजाइन परिवर्तन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ (ख) मा मेरिएसन सम्बन्धी व्यवस्था छ । निर्माण कार्यको स्वीकृत ड्रइङ डिजाइन परिवर्तन भई वा नभई सम्झौता मूल्यको १० प्रतिशत सम्मको भेरिएसन आदेश प्रविधिक पुष्ट्याई गरी एक तह माथिको स्वीकृति लिनुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गतको कालिखाडी पुल निर्माणको कार्य गर्न २०७१।३।२४ मा रु.१,३२,७१,१३४।- (मूल्य अभिवृद्धि कर वाहेक) मा खरिद सम्झौता भई २०७२।९।२२ सम्ममा पुरा गर्ने गरी कार्य प्रारम्भ भएकोमा यो वर्ष उक्त पुलनिर्माण कार्यको भेरिएसन शुरु सम्झौताको ९.०५ प्रतिशतले वृद्धि गरी रु.१,४४,७१,८६२।२३ को कार्य स्वीकृत ड्रइङ डिजाइन अनुसार नै गर्नुपर्नेमा पुलको डिजाइन परिवर्तन नगरेकोमा भेरिएसन पछिको ५ आइटममा कार्य सम्पन्न हुंदा रु.१,३६,८७,७२२।– मात्र खर्च भएको देखियो ।

२१.१. पुलको डिजाइन परिवर्तन नगराई भेरिएसन स्था.वि.अ.बाट स्वीकृत गराएको पाइयो । भेरिएसनबाट सुपर स्ट्रक्चर तर्फको काम घटाई फाइनल गरेको छ । एप्रोच रोड र संरक्षण कार्यमा निर्माण व्यवसायीको कवुल दर भन्दा रु.९,५०,८७८।- वृद्धि गरी भेरिएसनको आइटम स्वीकृत गराएकोमा खुद कार्य पुरा गराउदा रु.२,४३,७५५।- घटी मै काम पुरा गराएको र फाइनल विल खडा गरेको पाइयो । एप्रोच रोड तर्फको कार्य परिमाण बढाउदा एप्रोच रोडको चौडाई ६.७५ मी. गर्नुपरेको कारण उल्लेख गरेको देखियो । सविकको एप्रोच रोडको चौडाई बढाएर भेरिएसन गरेको तथा पुलका सुपर स्ट्रक्चरको कार्य घटाउदा डिजाइन संशोधन नगराई थप कामको लागि भेरिएन जारी गरेको कारण स्पष्ट देखिएन । जिल्ला विकास समिति वोर्ड वैठकबाट अनुमोदन हुने गरी शर्त सहित भेरिएसन भएकोमा वोर्डबाट अनुमोदन र स्वीकृति गरेको प्रमाण लेखापरीक्षणमा पेश भएन । साविकको सडक साइज नै वढाएकोमा डिजाइन परिवर्तन नगरी भेरिएसन थप गरेको भन्न मिल्ने देखिएन ।

२१.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि निर्माण व्यवसायीलाई अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गतको कालिखाडी पुलका निर्माण व्यवसायीलाई खरिद सम्झौताको विल अफ क्वान्टीटीमा भएको आइटम नं. ५.०१ को रु.२,५५,४०२।- कवुल गरेको वातावरण संरक्षण काम पुरा गर्न २०७३।१।२८ मा प्रमुख जिल्ला इन्जिनीयरले थप निर्देशन दिएको पाइयो । यो वर्ष पुल निर्माण कार्यको म्याद थप गरी भेरिएसनबाट कार्य परिमाण बढाई अन्तिम विल भुक्तानी गरेको छ । अन्तिम विल भुक्तानी गर्दा उक्त आइटमको काम नै नगरेको निर्माण व्यवसायीबाट सो काम गराउन लाग्ने मूल्य विलबाट कट्टी गरी नलिएको र निर्देशन बमोजिमको काम पुरा नगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिने कार्य भएकोले यस्तो कार्यमा संलग्नलाई जिम्मेवार बनाई छुट भएको उक्त कार्य सोही निर्माण व्यवसायीबाट गराउनुपर्दछ ।

२२. **थप कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा सम्झौता बमोजिमको काम शुरु गरिसकेपछि प्राविधिक काराण्ले कामको डिजाइन परिवर्तन भई वा नभई कामको परिमाण थप घट भएमा तोकिएको प्रतिशत सम्मको काम तोकिएका पदाधिकारीले भेरिएसन स्वीकृत गरी गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गतको छौडिया खोलामा पुल निर्माण गर्न लागत अनुमान रु.१,३८,७७,३०८।- स्वीकृत गरी उक्त कार्य रु.१,०७,२३,२८२।- कवुल गर्ने निर्माण व्यवसायीसँग कार्य गर्न २०६८।२।८ मा १८ महिना कार्यअवधि राखी सम्झौता भएकोमा पटक पटक म्याद थप गरी २०७१।९।२९ मा ठेक्का पुरा गरी कार्य सम्पन्न खडा गरेको छ । यो वर्ष सोही

पुलमा बाँकी रहेको विभिन्न कार्य गर्ने गरी छौडिया खोला पक्कीपुल उपभोक्ता समिति गठन गरी रु.२४,०४,१८४।- को कामको लागत अनुमान स्वीकृत गरी उक्त कार्य उपभोक्ता समितिबाट गराउन २०७२।१२।१७ मा सम्झौता गरी कार्य गराई रु.२४,०१,९२९।- भुक्तानी गरेको छ। उपभोक्ता समितिसँग गराउने कार्यको लागत अनुमान तयार गर्दा ढुंगाको मेशिनरी वाल र तारजाली तथा ह्यूम पाइपको कार्य गर्ने गरी सम्झौता भएको छ।

२२.१. पुल निर्माण कार्य २०६८।२।८ मा शुरु गरेर २०७१।९।२९ सम्म चालु राखेको कार्यक्षेत्रमा निर्माण व्यवसायीलाई अन्तिम विल सम्ममा कवुल अंक वरावरकै रु.१,०७,२३,२८२।- नै भुक्तानी गरी कार्य सम्पन्न गरेको छ । इष्टिमेट बमोजिमका पुरै कार्य परिमाण निर्माण व्यवसायीको विल अफ क्वान्टीटीमा छाडिएकोमा कार्य सम्पन्न गरी सकेको यो पुलमा उपभोक्ताबाट कार्य गराउनु पूर्व संशोधित लागत अनुमान तयार गरी स्वीकृत नभएकोमा पुनः उपभोक्ता समितिबाट कार्य गराउने कामको परिमाण र लागत अनुमान स्वीकृत गरी लागत अनुमान कै दरमा कार्य गराउनाले नियममा भएको थप कामको लागि भेरिएसन जारी नगरी थप कार्य श्रृजना गरेको, र ३ वर्ष अवधिसम्म पुलबाट सेवा प्राप्त नभएको तथा मुल सडकको पुलमा प्रतिस्पर्धा वेगर थप कार्य गराई भुक्तानी गरेको रु.२४,०४,१८४।– को कार्य नियमित देखिएन । पुल निर्माणको स्थलगत भ्रमणमा उक्त पुलको एकातर्फको एप्रोच रोडको एलाइन्मेन्ट समेत स्वीकृत डिजाइन भन्दा फरक गरेको र साविकको सडकको चौडाई भन्दा कम चौडाइमा सडक निर्माण कार्य गराएको पाइयो ।

२३. **निर्माण कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने व्यवस्था छ। नियममा लागत अनुमान तयार गर्दा स्वीकृत नमर्स र जिल्ला दररेटको आधारमा गर्नुपर्ने गरी तोकिदिएको छ । कार्यालयले यो वर्ष २ पुल निर्माण कार्यमा एक्साभेटर र लोडरको प्रतिघण्टाको छुटै दररेट राखी आइटम खडा गरी सो आइटम समेत सम्झौताको विल अफ क्यान्टीटी समावेश गरेको छ।

२३.१. कार्यालयले पुल निर्माण कार्यको लागत अनुमान तयार गर्दा आइटमको दर रेटमा ढुवानी समेतको लागतको दर विश्लेषण गरी आइटम रेट कायम गरी लागत अनुमान स्वीकृत गरेकोमा पुन हेभी इक्युप्मेन्टको संचालन कार्यको घण्टाको दरबाट आइटम खडा गरेकोले खन्ने कामको आइटम दरमा गरिएको दर विश्लेषण मा उक्त दर परे नपरेको यकिन गर्नुपर्ने देखियो। पुल निर्माण कार्यमा हेभी इक्युप्मेन्टको छुट्टै दर राखी लागत अनुमान स्वीकृत गर्ने सम्बन्धी नमर्स पेश नभएकोले यो आइटम दर र सम्झौता सम्बन्धमा यकिन गर्न सकिएन।

२३.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण कार्यको वीमा गराउनु पर्ने व्यवस्था गरी वीमाको अवधि निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मितिदेखी त्रुटि सच्याउने अवधि समेतको हुनुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत निर्माण कार्य चालु रहेको तावाखोला पुन निर्माण गर्ने निर्णय व्यवसायीले पेश गरेको विमा पोलिसीमा म्याद २६।१०।२०१४ देखी २२।०९।२०१६ सम्म रहेको पाइयो । निर्माण व्यवसायीको कार्य अवधि २०७३।५।२३ रहेकोमा हालसम्म काम पुरा नभएकोमा वीमाको अवधि घटी रहेको पोलिसीको आधारमा प्रोभिजनल सममा राखिएको रकमबाट रु.४,०६,१६०।- भुक्तानी गरिसकेकोले नियममा भएको व्यवस्था बमोजिम त्रुटि संच्याउने अवधि समेत समेटिएको पोलीसी वेगर भुक्तानी गरेको छ । अवधि पूरा भएको वीमा पोलिसी लिनुपर्दछ।

२३.३. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ बमोजिम करमा दर्ता भएको विक्रेताले क्रेतालाई कर वीजक दिई रकम संकलन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले तावाखोला पुलका एक निर्माण व्यवसायीलाई मूल्य अभिवृद्धि कर वापत तेश्रो रनिङ विलमा रु.२,२४,२४३। भुक्तानी गर्दा फोटोकपी कर वीजक समावेश गरी रकम भुक्तानी गरेकोले कर समायोजनपत्र पेश गर्नुपर्दछ।

२४. **आन्तरिक आय** : स्थानीय स्वायत शासन ऐन को दफा २६० मा जिल्ला विकास समितिहरुले उठाउन बाँकी कर दस्तुर सेवा शुल्क भाडा आदि रकम असुल नभएमा सरकारी बाँकी सरह असुल गर्ने व्यवस्था छ। कार्यालयले गतविगतदेखि असुल गर्न बाँकी देखाएको रु.३४,७३,२०८।– यस वर्ष समेत असुल नगरी बाँकी नै देखाएकोले उक्त रकम ऐन अनुसार असुल गर्नुपर्दछ।

२४.१. यस वर्षको सिटिहल भाडा वापत एक मोवाइल पसलबाट असुल गर्न बाँकी रहेको रकम सम्झौताको शर्त अनुसार असुल गर्नुपर्दछ।

२४.२. आन्तरिक राजस्व संकलनको लागि एक कर्मचारीले लिएको नगदी रसिद मध्ये १२४१ देखि १६०५५ सम्म संकलन गरेको रु.११,१३,९१८।– मध्ये रु.११,०९,०६५।- मात्र वैक जम्मा भौचर रहेकोमा गोश्वारा भौचरबाट पुरै आम्दानी देखाएकोले घटी दाखिला देखिएको रकम सम्बन्धमा यकिन गरी दाखिला गर्नुपर्दछ।

२५. **ढुंगा गिटी वालुवा निकासी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको नियम १६७ मा आन्तरिक श्रोत उपयोग वापत कर दस्तुर लगाउन र ठेक्का उठाउन सक्ने व्यवस्था छ। कार्यालयले आफ्नो क्षेत्र भित्रका नदी तथा खानिक्षेत्रबाट उत्खनन् र संकलन गरी निकासी गर्ने नदीजन्य पदार्थ उत्खनन्को अनुमानित लगत तथा राष्ट्रपति चुरे संरक्षण कार्यक्रम लागु भएपछि तोकिएको शर्त अनुसार गर्नुपर्ने वातावरणीय प्रभाव मूल्यांकन आई.ई.इ अनुसारको परिमाणको आंकलन गरी कुल कार्य परिमाण र वर्षगत रुपमा गर्न सकिने उत्खनन् र निकासीको विवरण खडा गरी राखेको पाइएन। यो वर्ष ३ नदी हरुको आई.ई.ई गरेको परिमाणको आधारबाट ती नदीवाट १३५०० घ.मी. नदीजन्य पदार्थ उत्खनन र निकासीको ठेक्का इजाजत दिएको पाइयो। आठौं जिल्ला परिषदले २०७२।०७३ को लागि कूल राजस्व आयको अनुमान रु.२७१०३०००।- पुऱ्याएकोमा संशोधित अनुमान (नवौं परिषदमा) अन्य निकासीबाट प्राप्त हुने अनुमान बढाए तापनि आफैले संकलन गर्ने आय रु.१,७३,००,०००।- बाट घटाई रु.१,७१,५७,०००।- कायम गरेको पाइयो। नवौं परिषदबाट स्वीकृत संशोधन लक्ष्य भन्दा यस वषको कुल असुली रु.१२,१४,०८६।– ले घटेको छ।

२५.१. यो वर्ष ढुंगा, गिटी, वालुवा निकासी मध्ये जिल्ला निकासीबाट रु.४,१३,०००।- र ढुंगा, गिट्टी वालुवा विक्री आयमा रु.७४,२७,००२।४६ प्राप्त गरेको विवरण पेश गरेको छ। खोलाबाट विक्री मध्ये रामपुर ठोक्सीला साइड तर्फका गिदेरी, सेती र लामा खोलाबाट एक व्यवसायीले सडक निर्माण सामग्री संकलन स्वीकृत लिएको आधारमा कम्पनीले नदीजन्य पदार्थ उत्खनन् गरी सडक निर्माण सामग्रीको प्रयोग गर्ने गरेको छ। एक जे.भि.लाई दिएको स्वीकृत परिमाण खपतको विवरण अद्यावधिक नरहेको व्यहोरा आन्तरिक लेखापरीक्षण प्रतिवेदन १५.१ मा समेत औंल्याएको छ। उक्त संयुक्तउपक्रम सँग भएको नदिजन्य पदार्थ प्रयोग गर्ने परिमाण, क्षेत्र र हालसम्म भएको खपतको विवरण समेत अद्यावधिक गरी कम्पनीले प्रयोग गर्ने परिमाण ठेक्काको परिमाण र निकालिएको परिमाण यकिन गर्नुपर्दछ।

२६. **निर्णय र सम्झौता** : आठौं जिल्ला परिषदले नदीहरुबाट नदीजन्य पदार्थ विक्री गर्दा वा निकाल्दा प्रति ट्रिपको दरवाट ढुवानी साधनहरुको क्षमताको आधारमा निकासी/विक्रीकर लाग्ने व्यवस्था गरेको छ। तर कार्यालयले एक संयुक्तउपक्रम सँग खोलाबाट निकाल्ने नदीजन्य पदार्थहरुको परिमाण घन मिटरबाट कायम गरेकोले उक्त कम्पनीले प्रयोग गर्ने ढुवानी साधनहरु र ती साधनबाट निकालिएको परिमाण र जिल्ला परिषदबाट ताकिएको दररेट अनुसार शुल्क प्राप्त भए नभएको यकिन गर्नुपर्दछ। राष्ट्रपति चुरे संरक्षण कार्यक्रमबाट जेष्ठ महिना देखि ३ महिनासम्म खोलावाट नदिजन्य पदार्थ निकाल्न नमिल्ने, तोकिएको अवधिमा कम्पनीले विभिन्न खोलाबाट नदीजन्य पदार्थ निकाले, ननिकालेको साइट अफिसमा राखेको मौज्दात र सडक निर्माणमा प्रयोग गरेको परिमाण समेतको आधारमा बढी परिमाण खपत देखिएमा सोको शुल्क समेत असुल गर्नुपर्दछ। उक्त संयुक्तउपक्रम ले संकलन गर्ने क्षेत्रको स्वीकृत आई.आई.ए अनुसारको खपत परिमाण समेत यकिन

गरी वार्षिक प्रतिवेदन तयार गरेको नपाइएकोले वास्तविक रुपमा सबै आय तोकिएकोमा सीमा भित्र रहेको एकिन गर्न सक्ने आधार देखिएन ।

२७. **अन्य आय तर्फ** : जिल्ला विकास समिति ले सिटी हल तथा शपिङ कम्प्लेक्स समेत भाडा लगाई आय गर्ने गरेको छ । शपिङ कम्प्लेक्स विगत ७ वर्ष देखि विना प्रतिस्पर्धा भाडामा लगाएको छ । सदरमुकामको केन्द्रमा रहेको शपिङ कम्प्लेक्स मासिक रु.२२०००।- मा लगाइएको सो को आय यर्थाथ रहे नरहेको समेत यकिन गरी बढी भन्दा बढी आय आर्जन गर्ने गरी भाडा लगाउने कार्य गर्नुपर्दछ ।

२८. जिल्लाको कटारी क्षेत्रबाट एक सिमेन्ट उद्योगले चुन ढुँगा प्रयोग गरे वापत एक मिनरल टेकले खानी रोयल्टी वापत २०७२।२।३१ मा रु.६०,४८६।- बुझाई उक्त क्षेत्रबाट चुन ढुँगा निकासी भइरहेकोमा उक्त कम्पनीसँगको सम्झौता तथा परिमाण लिई उत्खनन् गर्न दिएको परिमाण र हालसम्मको परिमाण यकिन गरी जिल्ला विकास समिति लाई प्राप्त हुनुपर्ने सबै आय प्राप्त भए नभएको यकिन गरेको पाइएन ।

२९. **कोषको कार्यक्रम** : गरिवी निवारण कोषबाट त्रियुगा नगरपालिका भित्रका ६ वडाहरु तथा ठानागाउँ, ताम्लिछा र बाँसवोटेमा गरिवी निवारण सम्बन्धी कार्य गर्ने गरी २०७२।८।२३ मा कोषसँग सम्झौता भएको छ। सम्झौताको कार्य अवधि २०७३ आषाढ सम्म रहेकोमा उक्त सम्झौता अनुसार संचालित कार्यक्रमको अनुगमन प्रभावकारी रुपबाट हुने गरेको दखिएन ।

३०. **सापटी** : स्थानीय विकास कोषबाट सापटी ल्याएको रु.२,००,०००।- आर्थिक वर्षको अन्य सम्म उक्त कोषलाई फिर्ता नगरेकोले सो रकम फिर्ता गर्नुपर्दछ ।

३१. **भारतीय सहयोग** : स्थानीय निकाय श्रोत परिचालन निर्देशिका, २०६९ को ४५(घ) विकास साझेदारबाट प्राप्त रकम खर्च गर्दा तोकिएको शर्त अनुसार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भारतीय सहयोगवाट निर्माणाधीन लक्ष्मी उच्च माध्यामिक विद्यालय, जोगीदहको भवन निर्माण कार्यमा यो वर्ष रु.३,००,०००।- जिल्ला विकास समिति कोषबाट रकम जम्मा गरेको छ। विद्यालय निर्माण सम्बन्धी सम्झौतामा जिल्ला विकास समिति ले रकम व्यहोर्ने व्यवस्था नरहेको र भवन निर्माणको समयावधी २०७१।९।१६ मा ठेक्का पट्टा सम्झौता भई २०७२।९।१५ सम्म कार्यवधि रहेकोमा म्याद थप गरी २०७३।३।१५ सम्म पुर्‍याएकोमा यो वर्षसम्म भवन निर्माण कार्य सम्पन्न गरी हस्तान्तरण गरेको पाइएन । साझेदारसँग भएको सम्झौतामा रकम व्यहोर्नु पर्ने व्यवस्था नरहेकोमा यो वर्ष उक्त योजनामा खर्च गर्ने गरी रकम पठाएको आधार पेश हुनुपर्दछ ।

३१.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिम कार्य शुरु गरिसकेपछि काममा थप घट भएमा अधिकार प्राप्त अधिकारीले भेरिएसन स्वीकृत गराई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत भारतिय सहयोगमा निर्माणाधिन जनता उच्च माध्यामिक विद्यालय भवन तथा फर्निचर निर्माण कार्यको खरिद सम्झौता गरी कार्य संचालन गरेकोमा चौथो विलसम्मको भुक्तानी गर्दा सम्झौता परिमाण भन्दा बढीको कार्य गराई ४ आइटमको रु.२,७९,२९७।– भुक्तानी गरेकोमा उक्त थप कार्यको भेरिएसन स्वीकृत नगरी गरेको खर्च नियमित मान्न सकिएन ।

३२. **ढिला कामको भुक्तानी** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को नियम २३(ढ) मा जानाजानी वा लापरवाहीबाट तोकिएको समयमा काम नगर्ने संस्थासँग सम्झौता भंग गरी हर्जना समेत लिई वैकल्पिक व्यवस्था गर्न सक्ने गरी तोकिएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० ले परामर्शदाताको सम्झौता अनुसारको कार्य तोकिएको अवधिमा पुरा नभएमा ७ दिन अगावै म्याद थप माग गर्नुपर्ने र छानविनबाट मनासिव देखिएमा म्याद थप गर्न सकिने व्यवस्था छ । नियम १२१ मा सम्झौताको म्यादमा काम पुरा नगरेमा

पूर्वनिर्धारित क्षतिपूर्ति तिनुपर्ने व्यवस्था छ । कार्यालयले २०७०।५।२६ मा एक कन्सल्टेन्सीसंग ३ महिना भित्र ४४ गाउँ विकास समितिको पार्श्वचित्र तयार गर्ने गरी रु.१४,८७,८९४।१० मा सम्झौता गरी कार्यादेश दिएकोमा परामर्शदाताले म्याद भित्र काम पुरा नभएको देखाई २०७०।८।२६ मा मात्र म्याद थप माग गरेको पाइयो । उक्त अवधि पश्चात २०७१।६।१५ र २०७२।११।७ सम्म अवधिको पटक-पटक म्याद थप माग गरेको देखियो ।

३२.१. कार्यालयको २०७२।११।८ को एकल वोर्डको निर्णयबाट २०७०।११।२६ देखि २०७२।११।८ सम्म म्याद थप गरी बाँकी रकम भुक्तानी दिने निर्णय गरेको पाइयो । उक्त निर्णयको आधरमा पुन २०७३।१।२७ मा स्थानिय विकास अधिकारीले म्याद थप गरी भुक्तानी गर्ने निर्णय गरेको देखियो । शुरु अवधि ३ महिना रहेको यो कामको लागि ३२ महिना (१०६६ प्रतिशत) म्याद थप गरेको छ । परामर्शदाताले २०७२।११।८ मा दिएको निवेदनमा ३३ गाउँ विकास समिति बाट मात्र तथ्याङ्क प्राप्त भएको कारण उल्लेख गरेको छ । कार्यालयले परामर्श दातालाई २०७३।१।२३ मा परामर्श दाताको २०७२।११।११ को वीजकबाट रु.१३९७७५३।- भुक्तानी गरेको छ । परामर्शदाताले ३३ गाउँ विकास समितिबाट मात्र तथ्याङ्क प्राप्त भएको द्वितीय तथ्याङ्क र श्रोत नक्सा उपलब्ध नभएको कारण देखाउँदै म्याद थप माग गरेकोमा उक्त सूचनाहरु पुरा भए नभएको र परामर्शदाताले कार्यक्रमगत शर्त अनुसारको कार्य पुरा गरे नगरेको सम्बन्धमा छानविन र विश्लेषण गरेको देखिएन । म्याद थप को निवेदन उपर कारवाही गरी टुंगो नलगाउने र परामर्शदाताले पनि म्याद समाप्त भएपछि मात्र निवेदन दिएकोमा पूर्वनिर्धारित क्षतिपूर्ति नलिएको, सम्झौता बमोजिम ७ दिन भित्र तथ्याङ्क दिई ३ महिना भित्र पुरा गर्नुपर्ने कामको लागि ३ वर्षपछि सम्झौता बराबरकै रकम भुक्तानी गरेको कार्यको आवश्यकता, औचित्य र त्यसबाट प्राप्त हुने उपलब्धि समेतको अवस्थाको सम्बन्धमा तालुक निकायबाट समेत पुन यकिन गर्नुपर्दछ ।

३३. **पेश्की** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १८२ अनुसार पेश्की रकम फाँटवारी पेश गरी फछ्र्यौट गराउनु पर्ने व्यवस्था छ । यो वर्षको पेश्की मध्ये बाँकी रहेको व्यक्ति, सरकारी कार्यालय, ठेकेदार/कम्पनीको पेश्की रु.६३,५६,२७०।– फछ्र्यौट हुनुपर्दछ ।

३४. **खरिद** : यस वर्ष कार्यालयको स्वीकृत वार्षिक कार्यक्रममा मोटरसाइकल खरिद सम्बन्धी कार्य नभएकोमा कार्यक्रम संशोधन नगरी वातावरण मैत्री कार्यक्रमवाट मोटरसाइकल खरिद कार्यमा रु.२,००,०००।- खर्च लेखेको छ । उक्त मोटरसाइकल कार्यालयको नाममा नामसारी गरेको प्रमाण समेत पेश भएको छैन ।

३५. **कार्यक्रमको अनुगमन** : वातावरण मैत्री स्थानीय शासन कार्यक्रम एक जिल्लामा पाँच गाउँ विकास समितिका दरले वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७० लाई कार्यान्वयन गर्ने उद्देश्यले २०७२।७३ बाट कार्यान्वयनमा आएको छ । यस जिल्लामा ५ वटा गाउँ विकास समितिहरुमा रु.२५,००,०००।– विनियोजन भई ५ गाउँ विकास समितिमा रु.२५,००,०००।– खर्च भएको पाइयो । उक्त गाउँ विकास समितिले प्राप्त गरेको रकमको आयोजना तथा कार्यक्रम कार्यान्वयनबाट लक्षित वर्ग लाभान्वित भए भएनन्, अनुदान रकमको सदुपयोग के कस्तो रह्यो, सोको अनुगमन निरीक्षण गाउँ विकास समितिस्तरमा समेत हुनुपर्दछ भनी गतवर्षको प्रतिवेदनमा औंल्याएकोमा यो वर्ष पनि सुधार भएको छैन । जिल्ला समन्वय समितिको बैठक भत्ता खर्च रु.३५,५००।- भुक्तानीमा अग्रिम कर कट्टी गरेको रु.५,३२५।- मध्ये रु.१,६५०।- बैंक दाखिला गरेको छ भने बाँकी रु.३,६७५।- बैंक दाखिला गरेको नदेखिएकोले उक्त रकम दाखिला हुनुपर्दछ ।

३६. **उपभोक्ता समिति** : सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सम्झौता अनुसारको निर्माण कार्य सम्पन्न भएपछि भए गरेको कामको कार्य सम्पन्न प्रतिवेदन तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । लेखानी–चनौटे–किन्दुप–धुर्मी–सडक नयाँ ट्र्याक चे.नं. ०+५००+१+४८० निर्माण कार्यको लागत अनुमान रु.८,८९,३४९।– मा जिल्ला विकास समिति बाट रु.५,००,०००।–,गाउँ

विकास समितिबाट रु.२,४१,७४७- र उपभोक्ता समितिले रु.२,४१,२००।- जनश्रमदानबाट व्यहोर्ने गरी मिति २०७२ चैत्रमा २०७३।३ मा सम्पन्न गर्ने सम्झौता भएको छ । उक्त सडक निर्माण कार्यको रु.७,७८,८८८।– कार्य गरेको उल्लेख गरी रु.४,९७,०२५।- भुक्तानी खर्च लेखेकोमा सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न भएको प्रतिवेदन लेखापरीक्षणमा पेश हुन आएन उपभोक्ता समितिले सम्झौता अनुसार कार्य सम्पन्न भएको प्रतिवेदन पेश हुनुपर्दछ ।

३७. **अग्रिम कर कट्टी** : सामुदायिक सेवा केन्द्र, उदयपुरसँग प्रारम्भिक सहमति अनुसार लागू पद्धार्थ दुर्व्यसनी विरुद्धको सचेतना कार्यक्रम संचालन खर्च रु.१,५०,०००।- खर्च लेखेकोमा सहजकर्ता ४ जनालाई पारिश्रमिक भत्ता वापत रु.८६,४००।- मा १५ प्रतिशत अग्रिम कर कट्टी रु.१२,९६०।- र अन्य कर रु.१,२२४।- गरी जम्मा रु.१४,१८४।- कट्टी रकम दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ ।

३८. **अनुगमन खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को २८ मा उपभोक्ता समिति मार्फत संचालन हुने विकास निर्माण कार्यको स्थलगत अनुगमन गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय निकायको हुने व्यवस्था छ । कार्यालयले ४ आयोजनाको अनुगमन गर्न राजनैतिक दलका प्रतिनिधि, जिल्ला विकास समितिका कर्मचारीहरुको संयुक्त टोलीको अनुगमनमा जाँदा दैनिक भ्रमणभत्ता र यातायात वापत रु.१,१४,०००।- खर्च लेखेकोमा अनुगमन गरिएका ४ योजना र अनुगमनबाट देखिएका व्यहोरा सहितको अनुगमन प्रतिवेदन तयार गरी जिल्ला विकास समिति वैठकमा पेश गरी छलफल हुन गरेको देखिएन ।

३९. **सरसफाइ खर्च** : त्रियुगा नगरपालिकालाई २०७२।८।४ मा खुल्ला दिशामुक्त घोषणा गर्न नगरस्तरीय निर्णयले १६ घरधुरी शौचालय नभएका घर परिवारलाई सरसफाई लगायतका सामग्री खरिद गरी रु.६६,७६०।- नगरपालिकालाई सोधभर्ना खर्च लेखेको छ । तर उक्त कार्यक्रम स्वीकृत वार्षिक कार्यक्रम भित्र नभएकोमा कार्यक्रम शंसोधन नगराई गरेको खर्च नियम सम्मत देखिएन ।

४०. **परिषदबाट संसोधन** : स्थानीय निकाय श्रोत परिचालन कार्यविधि, २०६९ बमोजिम रकम खर्च गर्दा स्वीकृत वजेट र कार्यक्रम अन्तर्गत रहेर गर्नुपर्ने व्यवस्था छ। कार्यालयले ७ संघ/संस्थाहरुलाई खानेपानी तथा सरसफाइ कार्यक्रमबाट आर्थिक वर्षको अन्त्यमा संस्थाहरुको खातामा रु.९,७६,४३७।– निकासा दिई खर्च गरेकोमा उक्त कार्यक्रम जिल्ला परिषदबाट शंसोधन र पारित भएको देखिएन ।

४१. **सामाजिक सुरक्षा** : सामाजिक सुरक्षा कार्यविधि निर्देशिका बमोजिम सामाजिक सुरक्षा वापतको रकम भुक्तानी गर्दा मन्त्रालयसँग अद्यावधिक गरी भिडान गरेको अभिलेखको आधारमा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष यो कार्यक्रममा खर्च गरेको रकम मध्ये २ गाउँ विकास समिति को भुक्तानी सम्बन्धी विवरण तथा अन्यको पेश्की र फछ्र्यौटको भिडान गर्दा देखिएका व्यहोराहरुः

४१.१. तावाश्री गाउँ विकास समितिमा सामाजिक सुरक्षा भत्ता वितरणको लागि निश्चित दिन र अवधि तोकिएको छ । ज्येष्ठ नागरिकहरुलाई चौमासिक भत्ता रु.४,०००।– वितरण गरेको भर्पाइमा निजहरुको मृत्यु भनी उल्लेख गरेकोमा मृत्यु भएको अवधि खुलाएको पाइएन । तर भर्पाइमा सो अवधिको पुरै भत्ता वितरण गरेको जनाई पेश्की फछ्र्यौट गरेको पाइयो । मृतकको मिति नखुलाएकोले मृतकको नामबाट सम्बन्धीत चौमासिकको पुरै भत्ता वुझेको भर्पाइ गराई पेश्की फछ्र्यौट गरेको रकम यकिन गरी असुल गर्नुपर्दछ ।

४१.२. हडिया गाउँ विकास समितिका एक व्यक्तिलाई दोश्रो किस्तामा रु.४,०००।– बुझिसकेको अवस्थामा पनि पुनः छुट भनी भत्ता वुझेकोले दोहोरो भत्ता वुझेको रकम असुल हुनुपर्दछ ।

४१.३. आँपटार गाउँ विकास समितिमा भत्ता वितरण गर्दा रु.५,२२,४००।- पेश्की फछ्र्यौट गरी नगद रु.२,०००।- बाँकी रकम वैंक दाखिला गरेको भौचर पेश नभएकोले उक्त रकम वैंक दाखिला हुनुपर्दछ ।

४१.४. हडिया गाउँ विकास समिति अन्तर्गत ज्येष्ठ नागरिक, महिला, दलितलाई भत्ता वितरण गर्न वैंक मार्फत भत्ता विवरणको भपाईमा मिति र सही लगाई भत्ता वितरण गरेको भर्पाइ पेश गरेकोमा सोही भर्पाइमा मिति उल्लेख नगरी भत्ता वितरण गरेको भर्पाइ समेत प्राप्त भएकोले बुझिलिनेको भर्पाइ मिति नराख्दा कुनै अन्य व्यक्तिबाट लिन सक्ने सम्भावना देखिएकोले एउटै पानामा कसैको मिति र सही गरेको, सोही पानामा मिति उल्लेख नगरी ५ जनालाई रु.४,०००।– का दरले रु.२०,०००।– भुक्तानी गरेको सम्बन्धमा यकिन हुनुपर्दछ ।

४१.५. जिल्लाका नगरपालिका २ र गाउँ विकास समिति ४० गरी ४२ स्थानीय निकायमा वसोवास गर्ने लक्षित समुहका व्यक्तिहरुलाई तेश्रो चौमासिक भत्ता वितरण गरी बाँकी रहेको रकम जिल्ला विकास समिति को खातामा जम्मा गरेको पाइयो । सो फाँटवारीको श्रेस्ता अनुसार तेश्रो चौमासिकमा रु.७,४९,१००।- नगद फिर्ता देखाएकोमा बेल्टार, रामपुर, हडिया र जोगीदहलाई थप निकासा रु.२,४८,०००।- दिएको रकम घटाउँदा रु.५०११००।– बाँकी हुनुपर्नेमा रु.४,८९,२००।- मात्र बाँकी देखाई रु.११,९००।- घटी रकम कोष तथा लेखा नियन्त्रक कार्यालय. मा फिर्ता पठाएकोले फरक रु.११,९००।- यकिन गरी बाँकी रकम दाखिला गर्नुपर्दछ ।

४१.६. कार्यालयबाट प्राप्त विवरण अनुसार अनुसूची-८ दफा १२ को उपदफा २९ सँग सम्बन्धीत प्रगति विवरण २०७२।७३ को वार्षिक प्रगति विवरण फाराम अनुसार लक्षित समुह संस्था १८३०२ भत्ता वितरण संख्या १७२४८ उपचार खर्च पाउने संख्या ८३६१ जनाको भत्ता, औषधि वितरण १५८३ जनाको लगत कट्टाको नामनामेसी पेश हुनुपर्दछ ।

गाउँ विकास समितिहरुवाट पेश भएका २०७१।७२ को अन्तिम लेखापरीक्षणको प्रतिवेदन मध्ये नमूना छनौट गरी परीक्षण गर्दा देखिएका व्यहोराहरुः

- कटुन्जेववला गाउँ विकास समिति मा सामाजिक सुरक्षा भत्ता वापको रकम रु.२०,२६,६००।- निकासा भएकोमा रु.१९,७४,२००।- भत्ता वितरण गरी रु.५२,४००।- फिर्ता देखाएकोमा कार्यालयले उक्त रकमलाई केन्द्रीय कोषमा जम्मा गरेको प्रमाण समावेश हुनुपर्दछ ।
- लेखगाउँ गाउँ विकास समितिको २०७२।७३ को आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार सामाजिक सुरक्षा भत्ता वापत रु.१२,१७,६००।- निकासा भएको मध्ये रु.११,७३,६००।- वितरण गरी सामाजिक सुरक्षा भत्ता रकम रु.३२,०००।- फिर्ता भएको देखाएकोमा उक्त रकमको दाखिला भौचर पेश हुनुपर्दछ ।

४२. **प्रकोप सामाग्री** : स्थानीय निकाय श्रोत परिचालय निर्देशिका, २०६९ बमोजिम राहत वितरण कार्यमा खरिद गरिएका सामग्री तोकिएको आधारबाट पिडितलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले आगलागी पिडितहरुलाई भौतिक सामग्री सहयोग गर्ने निर्णय गरी रु.१,५४,०००।– मा खरिद गरीएका जस्तापाता ५ संस्थालाई वितरण गरेकोमा ती संस्थाहरुले उक्त सामग्री प्रयोग गरी कार्य सम्पन्न गरेको कामको कार्य सम्पन्न प्रतिवेदन तयार हुनुपर्दछ ।

४३. **गाउँ विकास समितिको लेखापरीक्षण** : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६९ मा गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाबाट आर्थिक वर्ष समाप्त भएको मितिले ४ महिना भित्र गर्नुपर्ने व्यवस्था भएतापनि सो अनुसार कार्यान्वयन भएको पाइएन ।

४३.१. लेखगाउँ गाउँ विकास समितिको आर्थिक वर्ष २०७२।०७३ को आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार अध्यक्ष भत्ता उल्लेख गरी रु.२४,०००।-, शुभकामना खर्च उल्लेख गरी रु.२,०००।- र आर्थिक सहायता वापत रु.७,०००।- गरी रु.३३,०००।- कार्यालय संचालन शीर्षक विपरीत चालु खर्चमा लेखाङ्कन गरी खर्च लेखेको छ ।

४४. **गाउँ विकास समिति अनुदान** : आर्थिक वर्षको अन्त्यमा गाउँ विकास समितिमा नेपाल सरकारबाट निकासा भएका सबै निशर्त तथा सर्शत पूँजीगत तथा चालु अनुदान रकम आर्थिक वर्ष समाप्त हुनु ७ दिन अगाडि भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोवार वन्द गर्नुपर्ने र आर्थिक वर्ष समाप्त हुनु कम्तीमा ७ दिन अगाडि कोष तथा लेखा नियन्त्रण कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पूँजीगत अनुदान तर्फबाट ४० गाउँ विकास समिति लाई रु.८,७९,१४,०००।- निकासा दिई खर्च लेखेको पाइयो । उक्त निकासा रकम मध्ये तेश्रो चौमासिक निकासा २०७३।२।२५ र २०७३।३।३ मा रु.१,७३,८५,३२६।- पठाएको रकम सम्बन्धीत गाउँ विकास समितिहरुले योजनाहरुमा खर्च गरे नगरेको सम्बन्धमा विवरण लिई रकम फ्रिज नगराई पुरै खर्च लेखेको छ । पूँजीगत कार्यक्रमबाट आर्थिक वर्षको अन्त्यमा पठाएको समेत सबै खर्च देखाउने कार्यको सम्बन्धमा लेखापरीक्षण क्रममा विभिन्न १० गाउँ विकास समितिहरुको आर्थिक वर्ष२०७२।०७३ को अन्तिम लेखापरीक्षण प्रतिवेदन र आर्थिक वर्ष२०७२।०७३ को आन्तरिक लेखापरीक्षण प्रतिवेदन मूल्याङ्कन गर्दा पूजीगत खर्चमा पुरै खर्च गरी मौज्दात बाँकी नदेखाएको समेत पाइएकोले गाउँ विकास समितिहरुमा पठाएको पूँजीगत रकम खर्च नभई गाउँ विकास समिति खातामा सारे नसारेको सम्बन्धमा थप यकिन र छानविन गर्नुपर्दछ ।

४५. **वैठक भत्ता** : आठौं जिल्ला परिषदको निर्णय नं. ४२ मा जिल्ला विकास समिति बैठक बस्दा पदाधिकारी तथा कर्मचारीलाई दैनिक बैठक भत्ता रु.५००।- कायम गर्ने निर्णय भएको छ । यस वर्ष बैठक भत्ताको नमूना परीक्षण गर्दा वैठक भत्ता वापत निर्णय भन्दा फरक गरी रु.१,०००।- को दरबाट रु.१,८१,०००।– भुक्तानी गरेको देखिएकोले यस वर्षको बैठक र सोमा वितरण गरेको भत्ताको पुनः यकिन गरी परीक्षणबाट देखिएको रु.९०,५००।– बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

४६. **खर्चको प्रमाण** : सामाजिक परिचालन समन्वय सामितिको वैठक वापत ९ जना सहभागीहरुलाई रु.१९,५००।- भत्ता भुक्तानी गरेकोमा अग्रिम कर रु.२,९५५।- राजस्व दाखिला गर्नुपर्दछ । सामाजिक परिचालन विश्लेषण नक्साङ्कन कर्यमा सहभागी भत्ता वितरणमा रु.४४,९००।- खर्चमा स्थानिय विकास अधिकारीले रु.३,०००।- भत्ता बुझेको नदेखिएकोले असुल गर्नुपर्दछ । साथै एक सामाजिक वचत परिचालकलाई २० गाउँ विकास समितिका बडापत्र तयार गर्ने कामको लागि प्रति वडा रु.६००।- का दरले प्रति गाउँ विकास समिति रु.५,४००।- भुक्तानी गरेकोमा निजले संकलन गरेको तथ्याङ्क र बडापत्रहरुको एकीकृत विवरणको प्रतिवेदन लेखापरीक्षणमा पेश हुन आएन ।

४७. **धरौटी** : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ ले धरौटी रकम जम्मा गर्दा पेश गरेको नगदी रसिदको आधारमा मासिक रुपमा धरौटी श्रेस्ता अद्यावधिक गरी वैंक खातासँग भिडान गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्षको अन्त्यमा कार्यालयको श्रेस्ता अनुसार रु.४५,७९,९६९।– देखिएकोमा वैंक स्टेट्मेन्ट अनुसार वैंकमा रु.५४,५७,४३४।– देखिएकोले वैंक बढी देखिएको रकम आम्दानी बाँध्नु पर्ने आन्तरिक लेखापरीक्षणवाट औंल्याएकोमा सो रकम जम्मा भएको पाइएन ।

४८. **पेश्की** : वैंक नगदी किताव अनुसार पेश्की गएको रु.२५,६०,७००।- मा रु.२४,६०,७००।- पेश्की फछ्र्यौट गरी रु.१,००,०००।- बाँकी देखाउनु पर्नेमा म.ले.प. पाना १४ मा समेत पेश्की बाँकी नदेखाएकोले बाँकी रहेको पेश्की कायम गरी फछ्र्यौट हुनुपर्दछ ।

४९. **अग्रिम कर** : एक नेटवर्क संस्थासँगको सम्झौता बमोजिम स्थानिय सामाजिक परिचालक स्वयम् सेविकाहरुलाई कक्षा संचालन गरी रु.१३,४७५।- पेश्की फछ्र्यौट गरेकोमा कार्यक्रममा सहभागीहरुलाई भत्ता वितरणमा अग्रिम कर रु.२३,०२५।- कट्टी गरेको नदेखिएकोले असुल गर्नुपर्दछ । साथै श्रृजनात्मक समुदाय विकास केन्द्रको सम्झौता अनुसार तेश्रो चौमासिक अवधिको कार्यक्रम संचालनमा रु.२,३८,८००।- पेश्की फछ्र्यौट गरेकोमा तालिम संचालन भत्ता वितरण गरेकोमा अग्रिम कर रु.२२,१२५।- कट्टी गरी दाखिला गर्नुपर्दछ ।

५०. **प्रतिलिपी विजक** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी गर्दा सक्कल विजक लिनु पर्ने व्यवस्था छ। एक प्रा.लि.ले हेटौंडालाई विभिन्न योजनाको विस्तृत सर्वेक्षण प्रतिवेदन सम्पन्न गरे वापत रु.१,४२,८००।- भुक्तानी गर्दा फोटोकपी विलबाट गरेकोले उक्त भुक्तानी रकमको सक्कल विल पेश हुनुपर्दछ। साथै एक कम्पनी प्रा.लि., उदयपुरसँग भएको सम्झौता बमोजिम ४० घरधघुरीलाई प्रति प्लान्ट रु.५,०००।- का दरले रु.२,००,०००।- अनुदान खर्चको फाँटवारी पेश गरेको छ । सो फाँटवारीमा सम्झौता बमोजिम कार्य सम्पन्न पश्चात जिल्ला जलवायु उर्जा तथा जलवायू परिवर्तन शाखा मार्फत अनुगमन मूल्याङ्कन गरेर अनुदान लिने व्यक्तिले वुझेकोको संस्थाको छाप र सम्बन्धीत प्राविधिकबाट मूल्याङ्कन भै आउनु पर्दछ ।

५१. **प्रगति प्रतिवेदन** : राकुली खोला लघु जलविद्युत आयोजनाको वजेट रु.१,००,०००।- रहेकोमा सुधारिएको चुल्हो प्रर्वद्धन कार्यक्रमको लागि स्वीकृत वजेटबाट रु.१,५०,०००।- घटाई (कार्यक्रम संशोधन नगरी) रु.१,५०,०००।- समेत रु.२,५०,०००।- अनुदान निकासा दिएकोमा सो को प्रगति प्रतिवेदन र खर्चको भर्पाइ पेश हुनुपर्दछ। यसै गरी स्थानीय निकाय श्रोत परिचालन कार्यविधि, २०६९ को ३३ (४) (घ) मा गैर सरकारी संस्थाबाट संचालित कार्यक्रम आयोजनाको अनुगमन गरी सोको अनुगमन प्रतिवेदन चौमासिक र वार्षिक प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ। उर्जाशाखा सामुदायिक संघ/संस्थालाई अनुदान निकासा दिएकोमा संस्थाहरुले प्राप्त अनुदान रकम रु.२,५०,०००।– को अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ ।

५२. **वजेट व्यवस्था** : वैद्यनाथ खोला लघु जलविद्युत आयोजना, भलायडाँडा १,२ मा कुलो मर्मत गरेको विलबाट रु.५०,०००।- खर्च लेखेकोमा सो योजनामा यसवर्षको कार्यक्रममा वजेट व्यवस्था भएको देखिएन ।

५३. **लेखापरीक्षण** : विभिन्न गाउँ विकास समितिहरुलाई कुटान पिसान मिल संचालन गर्नको लागि सम्बन्धीत समितिको खातामा रकम जम्मा गरेकोमा खर्चको प्रगति प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।

५३.१. आर्थिक वर्ष २०७१।०७२ को जिल्ला विकास समिति तर्फका कार्यक्रमका जल विद्युत योजनाहरुलाई दिएको पेश्की रकम बेरुजू फछ्यौंट गरी सम्परीक्षणको लागि पेश भएकोमा चार जल विद्युत योजनामा जिल्ला उर्जा कोष मार्फत रु.३,००,०००।– निकासा गरेको मा उक्त कोषले सम्बन्धीत योजनाहरुमा रकम निकासा गरेको तथा निकासा रकमबाट भए गरेको कामको कार्य अनुगमन गरी तोकिएको कार्यमा खर्च भए नभएको प्रमाण पेश हुनुपर्दछ ।

## जिल्ला भू-संरक्षण कार्यालय

१. **कार्यक्रम संचालन र स्वीकृति** : कर्यालय अन्तर्गत भू-संरक्षण तर्फका विभिन्न कृयाकलापहरु संचालन गरी सालवसाली रुपमा कार्यक्रमहरु संचालन भई रहेकोमा राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण समिति मार्फत स्वीकृत भएका कार्यक्रमहरु समेत संचालन गरेकोमा दुवै शीर्षक तर्फका कार्यक्रम मध्ये ४ कार्यक्रम एकै प्रकारका क्रियाकलाप स्वीकृति गरी संचालन गरेको पाइयो । राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण समितिले बजेट खर्चको अख्तियारी र कार्यक्रम संचालन निर्देशिका समेत स्वीकृत गरी पठाएको छ । स्वीकृत कार्यक्रम संचालन निर्देशिकामा यस कार्यक्रमबाट स्वीकृत क्रियाकलापहरु संचालन गर्दा पालना गर्नुपर्ने शर्त तथा प्रकृयाहरु समेत तोकिएदिएकोमा सवै व्यवस्थाहरु पूर्ण रुपमा पालना गरी कार्यक्रम संचालन गरेको पाइएनः
कार्यक्रम संचालन गर्दा चौमासिक रुपमा विभाजन गरिए पनि पछिल्लो चौमासिकमा तोकिएको काम अघिल्लो चौमासिकमा गर्न बाधा नपर्ने मार्गदर्शनमा व्यवस्था गरी कार्यक्रम यथाशक्य चाडो पुरा गर्नुपर्ने तथा गुणस्तरमा कुनै किसिमको कमी कमजोरी र मोलाहिजा गर्नु नहुने गरी तोकि

दिएको छ । उपरोक्तानुसार पहिलो र दोश्रो चौमासिकमा कुनै क्रियाकलाप संचालन नगरी तेश्रो चौमासिकमा मात्र कार्यक्रमहरु संचालन गरेको तथा सो मध्ये आषाढ महिनामा मात्र २८.२७ प्रतिशत खर्च गरेको छ । कार्यालयलाई बजेट र खर्चको अख्तियारी २०७२/४/६ मै प्राप्त भै सकेको अवस्थामा खोला र नदी किनारा तथा सिमसार क्षेत्रहरुमा गरिने विभिन्न संरचना निर्माण, तटबन्ध, बायोइन्जिनियरिङ्ग लगायतका कार्यहरुको अधिकांश खर्च तेस्रो चौमासिक र आषाढमा संचालन गरी खर्च गराउनाले कार्यक्रमहरुको गुणस्तर तथा दिगोपना समेत प्रभावकारी नहुने हुँदा यस तर्फ कार्यालय तथा तालुक निकाय समेतले ध्यान पुऱ्याई कार्यक्रम संचालन र खर्च गर्नु गराउनु पर्दछ ।

१.१. फिल्डमा संचालन गरिने प्रत्येक क्रियाकलापको नाम परिमाण र लागत खुल्ने होर्डिङ बोर्ड संचालन स्थलमै सबैले देख्ने गरी सुरु देखि नै राख्नुपर्ने र कार्यक्रम सम्पन्न भएपछि उपलब्धि र वास्तविक खर्च पनि सोही होर्डिङ बोर्डमा उल्लेख गर्नुपर्ने छ भन्ने निर्देशिकामा व्यवस्था भएतापनि लेखापरीक्षण टोलीबाट स्थलगत भ्रमण गरिएका स्थानहरुमा यो कार्यक्रमबाट सम्पादित कामहरुको यस प्रकारको सूचना (होर्डीङ बोर्ड) रहेका देखिएन ।

१.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम उपभोक्ता समितिबाट निर्माण कार्य सम्पन्न भएपछि सो को रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था भएकोमा यस कार्यक्रम तथा कार्यालयबाट संचालित अन्य कार्यक्रम र क्रियाकलापहरुबाट संरचना निर्माण लगायतमा कार्य उपभोक्ता समिति मार्फत गराई खर्च गरेकोमा त्यस्ता कामको मर्मत संभार र रेखदेखको जिम्मेवारी खुलाई स्वामित्व हस्तान्तरणका कार्य गरेको पाइएन । आगामी दिनमा सुधार गर्दै लैजाने भन्ने प्रतिकृया कार्यालयले दिएको छ ।

२. **सहकारी संस्था** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ मा गैर सरकारी संस्था मार्फत कार्य गराउदा त्यस्तो संस्था मार्फत गराउने कार्यको शर्त सहितको कार्य क्षेत्र तय गर्नुपर्ने र संस्था त्यस्तो काम गर्ने उद्देश्य राखी कानुन बमोजिम दर्ता भई मौजदा सूचीमा समावेश भएको हुनुपर्ने व्यवस्था छ । गैर सरकारी संस्थाबाट कार्य गराउँदा कम्तीमा पन्ध्र दिनको सूचना प्रकाशन गरी संस्थाबाट प्रस्ताव माग गर्नुपर्ने समेतको व्यवस्था छ । कार्यालयले यो वर्ष नदी उकास, जग्गा संरक्षण र सदुपयोग क्रियाकलाप अन्तर्गत को कार्य गर्न एक सहकारी संस्थासँग मूल खोला हडियामा बाँध निर्माण को कार्य गर्न रु.४०९५८६।- को लागत अनुमान स्वीकृत गरी कार्यालयले रु.३,३९,३६७।- व्यहोने गरी उक्त कार्य गराई भुक्तानी गरेको छ । सहकारी संस्था मार्फत कार्य गराएकोमा नियमको प्रकृया अनुसारको कार्य संचालन नगरी संस्थालाई रकम भुक्तानी गर्दा सम्बन्धीत संस्थाले जारी गरेको विजक समेत नलिई भुक्तानी गरेको कार्य नियमिति मान्न सकिएन । आगामी दिनमा सुधार गर्दै लैजाने भन्ने प्रतिकृया कार्यालयले दिएको छ ।

३. **जनसहभागिता** : सार्वजनिक खरिद नियमावलीको नियम ९७(३) (क) बमोजिम उपभोक्ता समितिबाट कार्य गराउँदा निर्माण स्थलको भ्रमण गरी उपभोक्ता समितिले व्यर्होनु पर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नुपर्ने अवधि समेत सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट उपभोक्ता समितिहरु मार्फत गरिने कामको सम्झौतामा लागत अनुमान र सो मा व्यर्होनु पर्ने लागत रकम को बाँडफाँड गरेको भएता पनि कुन-कुन काममा उपभोक्ता को अंश रहने छुट्याई सम्झौता गर्ने गरेको पाइएन । भू-संरक्षण र जलाधार सम्बन्धी कार्य संचालन गरी खर्च गर्ने गरेको यस कार्यालयले उपभोक्ता समितिबाट कार्य गराउदा कामको क्षेत्र र व्यर्होनु पर्ने अंश नछुट्याई लागतको रकम मात्र बाँडफाँड गरी रकम भुक्तानी गर्नाले स्थानीय उपभोक्तासँग र क्षेत्रमा प्राप्त हुने स्थानीय बाँस, तथा अन्य सामाग्री (चपरी लगाउने) समेत को काममा समितिलाई रकम भुक्तानी गर्ने गरेको, तारजालीमा ढुङ्गा भर्ने कार्यमा लाग्ने अदक्ष ज्यामी समेतको लागत पनि कूल

लागतमा समावेश हुने अवस्था देखिएको छ । नमूना परीक्षण गरिएको मध्ये राजावास हडिया-५ मा नदी उकास जग्गा संरक्षण कार्यमा रु.२,३३,०७९।– को लागत अनुमानको काम गर्दा बाँसको कामको रु . ५७६१८।- र घाँसको चपरी लगाउने कार्यको रु.४९०१।- समेत रु.६२५१९।- नगद भुक्तानी गरेको पाइयो । कार्यालयबाटै अन्य क्षेत्रमा गरिएको यस्तो काममा उपभोक्ताले व्यर्होने लागत तर्फ समावेश गरिएका यस्ता कामको लागि रकम भुक्तानी भएकोले उपभोक्ता समितिसँग गरिने र प्रत्यक्ष रुपमा उपभोक्ता नै संरक्षण कार्यमा सम्लग्न हुने हुँदा यस प्रकारका कार्य संचालन गर्दा नियममा भएका व्यवस्था अनुसारको व्यर्होनु पर्ने जनश्रमदान अँश र क्षेत्र लागत र काम समेत छुट्याई सम्झौता गरी कार्य गराउनु पर्दछ ।

४. **कार्यक्रम शंसोधन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा कार्यालयले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय परिस्थिति समेत ध्यानमा राखी कार्यक्रम संसोधन गर्न आवश्यक ठानेमा कारण सहित मन्त्रालयको स्वीकृति लिई संसोधन गर्न सक्ने व्यवस्था छ । कार्यालयलाई प्राप्त साझेदारी भू-संरक्षण कार्यक्रम ६ स्थानमा गर्ने गरी कार्यक्रम वजेट रु.६ लाख भएकोमा कार्यालयले उक्त कार्यक्रम संचालन गरी खर्च गर्दा राष्ट्रपति चुरे तराई-मधेस संरक्षण समितिको कार्यक्रम मात्र संचालन गर्ने क्षेत्र (भलायाडाँडा, हडिया गाउँ विकास समिति) मा समेत जिल्ला स्तरको यो कार्यक्रम पनि संचालन गरी रु.२०००००।- खर्च गरेको छ ।

४.१. पञ्चावती गाउँ विकास समितिमा साझेदारीको कार्यगर्दा जनजागृती सामुदायिक संस्थालाई फलफूलका विरुवा रोपण गर्ने सदस्यहरुको नाम नामेसी र स्थान समेत नखुलाई रु.२३६६००।- को लागत अनुमान स्वीकृत गरी कार्यालय तर्फबाट बिरुवा खरिदको विलबाट रु.९९८१३।- भुक्तानी गरेको छ ।

४.२. साझेदारी भू-संरक्षण कार्य गराई रकम भुक्तानी गरेकोमा उक्त संरक्षण कार्यको स्वामीत्व र संभार, संरक्षणको जिम्मेवारी सम्बन्धीत संस्थालाई हस्तान्तरण गरेको पाइएन ।

४.३. विपन्न वर्गको जीविकोपार्जनको लागि आयमुलक संरक्षण कार्यक्रम (भूकम्प पीडितलाई प्राथमिकता) अन्तर्गतको कार्य गर्दा स्वीकृत कार्यक्रम अनुसार २० परिवार छनौट गरी प्रत्येक परिवालाई रु.४०००।- का दरले कार्यक्रम संचालन गर्नु पर्ने गरी स्वीकृत भएको कार्य गर्दा आँपटार गाउँ विकास समितिको एक कृषक समुहलाई आँप र लिचीका विरुवा खरिद गरेको वीजक राखी कार्यक्रम सम्पन्न गरी खर्च गरेकोले उक्त कार्यक्रम स्वीकृत कार्यक्रम अनुसार संचालन भएको मान्नसकिएन ।

४.४. स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिंचाई कुलो संरक्षण कार्य अन्तर्गत २ कि.मि. क्षेत्रको सिंचाई कूलो संरक्षण गर्न रु.८,००,०००।- कार्यक्रम बजेट रहेकोमा कार्यालयले उक्त कार्य संचालन गर्दा विभिन्न ५ स्थानमा २६६ मिटर का सिंचाई योजनाहरुको कामको लागत अनुमान तयार गरी उक्त कार्य उपभोक्ता समिति मार्फत गराई भुक्तानी गरेको छ ।

४.५. कार्यालयले यो कार्यक्रम संचालन गरी खर्च गर्दा उपभोक्ता समिति सँग लिने श्रमदान अंशको क्षेत्र नछुट्याई कार्य गरेको र कूल बिल रकम बाट उपभोक्ता समितिको लागत सहभागिता घटाउने गरेको कारण डुम्रीटार सिंचाई योजनाको उपभोक्ता अंश कार्यालयले व्यहोर्ने लागत भन्दा बढी लिएको र अन्य योजनाहरुमा योजना पिच्छे फरक फरक व्यहोरेको पाइयो । वार्षिक कार्यक्रममा २ कि.मी. क्षेत्र मा काम गर्नुपर्ने गरी प्राप्त रकम बाट कार्यक्रम संचालन गर्नु पूर्व कार्यक्रम शंसोधन बेगर लागत अनुमान स्वीकृत गरी कार्य गराउनाले तोकिएको कार्य लक्ष्य परिमाण भन्दा ८६.७१ प्रतिशत घटी परिमाणको मात्र कार्य गराई पुरै रकम खर्च गरेको कार्य नियमित मान्न सकिएन ।

५. **आन्तरिक नियन्त्रण व्यवस्था** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ बमोजिम अधिकार प्राप्त अधिकारीले आफू मातहत भए गरेका कार्यहरुको आन्तरिक जाँच समेत गरी गराई

ठीक छ भन्ने कुरामा विश्वस्त रहनुपर्ने व्यवस्था गरेको छ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्था सम्बन्धमा  परीक्षण सूचीको आधारमा मूल्याङ्कन गर्दा जिन्सी निरीक्षणबाट लिलाम विक्री गर्न औंल्याएका मालसामानहरुको लिलामी कार्य पुरा भएको पाइएन । सालबसाली रुपमा बिरुवा उत्पादन गरी वितरण गर्ने कार्यक्रम गरेकोमा विरुवा वितरण गर्दा विरुवा वितरण मिति, स्थान र विरुवा रोपण क्षेत्र समेतको अभिलेख रहनु पर्नेमा सो विवरण अद्यावधिक रहेको देखिएन । राष्ट्रपति चुरे कार्यक्रम मार्गदर्शन-१९ बमोजिम कार्यक्रम संचालन पश्चात् अनुगमन र मूल्याङ्कन गरी कामको मासिक तथा आवधिक प्रतिवेदन अवधि भुक्तान भएको ३ दिन भित्र समितिमा पठाउने व्यवस्थाको पालना भएको पाइएन ।

६. **आन्तरिक लेखापरीक्षण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६(३) मा आन्तरिक लेखापरीक्षणबाट देखिएको वेरुजूको प्रमाण जुटाई अन्तिम लेखापरीक्षण हुनु अगाडि नै नियमित गराई वा प्रमाण पेश गरी वा असुल उपर गरी बेरुजू लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयको २०७२।७३ को आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरुको यकिन गर्दा निम्नानुसार देखियोः

६.१. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिबाट कार्य गराउँदा पालना गर्नुपर्ने कामको मूल्याङ्कन, प्रत्येक किस्ता भुक्तानीको अनुमोदन तथा खर्च सार्वजनिक गरेको अभिलेख समेत खडा गरी राख्नु पर्नेमा सो अनुसार नभएकोले नियममा भएको व्यवस्था अनुसार मात्र कामको भुक्तानी गर्नुपर्दछ ।

६.२. उपभोक्ता समिति मार्फत कार्य गराई भुक्तानी गर्दा जिल्ला दररेट निर्धारण समितिले तोकेको दरबाट मात्र कामको लागत अनुमान तयार गर्नुपर्ने र लागत अनुमान अनुसार स्वीकृत भएको दर भन्दा फरक वा थप मूल्य भुक्तानी गर्दा समेत दररेट स्वीकृत गराएर वा यस्तो कार्य उपभोक्ता समितिको अंशमा समावेश गरी कार्य गराउनु पर्ने भनी उल्लेख गरेकोमा यस तर्फ विभागीय नीति समेत तयार गर्नुपर्ने देखियो ।

६.३. कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम संचालन गर्दा उपभोक्ता समिति मार्फत गरिने कार्य संचालन गर्नु अगावै उपभोक्ता समिति सम्बन्धी सार्वजनिक खरिद नियमावली तथा स्थानीय तहमा काम गर्दा पालना गर्नुपर्ने अन्य कार्यविधिहरुमा भएका व्यवस्थाहरु समेत का पालना गराएर मात्र कार्य गर्नुपर्दछ ।

## जिल्ला शिक्षा कार्यालय

१. **बढी निकासा** : कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७२ बमोजिम शैक्षिक सामग्री व्यवस्थापन खर्च प्रत्येक सामुदायिक विद्यालयका विद्यार्थी संख्या यकिन गरी विद्यार्थी संख्याको आधारमा तोकिएको दरमा एकमुष्ट रकम निकासा दिनुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष कार्यक्रम नं. २.९.६.३.१ देखि २.९.६.३.५ सम्मको शैक्षिक सामग्री व्यवस्थापन खर्च वापत पहाडी क्षेत्रको आधारबाट तोकिएको तह र प्रति विद्यार्थी लागतको आधारमा २०७२।९।२ मा रु.१,३४,३४८६०।- विभिन्न विद्यालयहरुको खातामा निकासा पठाएको छ । रकम निकासा गर्दा फ्लास रिपार्ट१, २०७२ को विद्यार्थी संख्याको आधार देखाएको भएतापनि कक्षा ९ र १० सम्म संचालित माध्यमिक विद्यालयहरुको विद्यार्थी संख्या फ्लास रिपार्ट१ को आधारमा कूल विद्यार्थी संख्या उल्लेख गर्दा ११३ विद्यालयमा छात्रा संख्या दोहोरो गणना गरी सोही संख्याको दर र आधारबाट रकम निकासा पठाएकोले स्वीकृत कार्यक्रम संचालन निर्देशिका भन्दा बढी खर्च लेखी निकासा गरेको रकम रु.९,५७,९६०।– असुल हुनु पर्दछ ।

२. **निकासाको आधार** : कार्यक्रम कार्यान्वयन पुस्तिमा अनुसार शैक्षिक सामाग्री लगायतका शीर्षकबाट रकम निकासा गर्दा वास्तविक विद्यार्थी संख्या र फ्लास रिपोर्टको आधारमा निकासा गर्नुपर्ने व्यवस्था

छ । कार्यालयले यो वर्ष शैक्षिक सामाग्री वापत उच्च माध्यामिक विद्यालयतह (११-१२ कक्षा) को लागि समेतमा प्रति विद्यार्थी रु.३००।- का दरले ४१ विद्यालयहरुलाई रु.९,९४,२००।- निकासा पठाएको छ । लेखापरीक्षणमा प्राप्त फ्लास रिपार्ट१ २०७२ मा उच्च माध्यामिक विद्यालयतहका विद्यार्थीको संख्या समावेश नरहेको र रकम निकासा गर्दा समेत उल्लिखितविद्यालय र कक्षामा विद्यार्थी संख्या पुष्टि हुने हाजिरी प्रमाण समेत प्रमाणित नगरी रकम निकासा दिएको र लेखापरीक्षणमा समेत उक्त निकासा रकमको पुष्टि हुने विद्यार्थी संख्याको प्रमाण पेश नभएकोले निकासा गरिएको रकमका सम्बन्धमा पुनः यकिन गरी भिडान गर्नुपर्ने र निकासा वरावरको विद्यार्थी संख्या पुष्टि नभएमा यकिन गरी असुल गर्नुपर्दछ ।

३. **कानून र निर्देशिकाको पालना** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ मा अर्थ मन्त्रालयबाट कर्यालयगत बजेट र खर्च गर्ने अख्तियारी प्राप्त हुनासाथ सम्बन्धीत मन्त्रालयले विभागीय प्रमुखलाई र विभागिय प्रमुखले मातहत कार्यालय प्रमुखलाई खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) (ख) मा स्वीकृत बजेटबाट खर्च गर्दा रकम कुनै योजनाको भए सो योजना स्वीकृत भई सकेको छ भने खर्च गर्नुपर्ने व्यवस्था छ । शिक्षा विभाग अन्तर्गत संचालन गरिने विद्यालयको भौतिक सुधार र विकासको काममा रकम खर्च गर्दा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७२।७३ (क) (१) मा उल्लेख भएका निर्देशिका बमोजिम गर्ने भनी तोकिएका कार्यहरु निर्देशिकाको व्यवस्था बमोजिम नै गर्नु पर्नेछ भन्ने समेत व्यवस्था भएकोमा पालना नभएका व्यहोराः

३.१. यो वर्ष कार्यालयलाई शिक्षा मन्त्रालयको चालु खर्चको बजेट शीर्षकबाट २०७३।३।२१ मा विद्यालयको भौतिक सुधार विकास कार्यक्रममा खर्च गर्ने गरी विभिन्न ६ प्रकारका कार्यहरु गर्न पाउने उल्लेख गरी ७ विद्यालयहरुको नाममा शिक्षा मन्त्रालयका सचिवले सोझै जिल्ला शिक्षा अधिकारीलाई अख्तियारी पठाएको पाइयो । जिल्ला शिक्षा कार्यालयले उक्त रकम सोही दिन कोष तथा लेखा नियन्त्रक कार्यालय बाट निकासा लिई विद्यालयका खातामा जम्मा गरिदिएको छ ।

३.२. निकासा पठाइएका विद्यालयहरुमा २०७२।७३ को विद्यालयको भौतिक सुधार निर्माण समेतको कार्य गराउने बजेट शीर्षकबाट समेतको रकम पठाइ सकेको र निर्माण कार्य को कार्य सम्पन्न समेत नभएकोमा स्वीकृत कार्यक्रम निर्देशिका अनुसारको काम गराउने सम्झौता खडा नगरी र गत वर्षको कामको कार्य सम्पन्न प्रतिवेदन समेत नलिई निकासा गरेको छ ।

३.३. मन्त्रालयको लागि छुट्याईएको चालु खर्चबाट पूँजीगत सशर्त अनुदानमा रकमान्तर गराई ऐन विपरित खर्च गर्ने अख्तियारी पठाई निर्देशिका विपरित निकासा दिएको रकमबाट भए, गरेको कामको कार्य सम्पन्न प्रतिवेदन तयार नगरेको र सो रकम तोकिएकै कार्यमा मात्र खर्च गरेको मान्ने आधार नदेखिएकाले खर्च नियमित मान्न सकिएन ।

| विद्यालयको नाम | २०७२।७३ मा कार्यालयले पठाएको भौतिक सुधार तथा निर्माण | | मन्त्रालयबाट सोझै निकासा |
|---|---|---|---|
| माध्यामिक विद्यालय सल्लेपोखरी | २ कोठे भवन | १३५०००० | ५००००० |
| सिहदेवी माध्यामिक विद्यालय, माडीवास | २ कोठे भवन | १३५०००० | ५००००० |
| जनमुखी माध्यामिक विद्यालय, बसेरी | भूकम्प पुर्नस्थापना | १००००० | ५००००० |
| सरस्वती माध्यामिक विद्यालय, भोर्ले | ४ कोठे भवन | १४००००० | ५००००० |
| माध्यामिक विद्यालय कालीखोला, त्रिवेणी | छात्रा शौचालय | ४००००० | ४००००० |
| कालिका प्राथामिक विद्यालय, खलगाखोर भञ्ज्याङ | २ कोठे भवन | १३५०००० | ३००००० |
| माध्यामिक विद्यालय, मयँखु | गत वर्षको कार्य बाँकी रहेको | | ५००००० |

४. **दिवा खाजा** : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।७३ मा सीमान्तकृत वर्गका (१-५ तह अध्ययन गर्ने) वालवालिकाको लागि दिवा खाजा कार्यक्रम निकासा दिँदा विद्यालय संचालन भएको दिनलाई आधार मानी विद्यार्थीको दैनिक हाजिरी प्रमाणको प्रतिलिपी विद्यालयका प्रधानाध्यापक र विद्यालय

व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई जिल्ला शिक्षा कार्यालयमा संकलन गरी यकिन पश्चात् मात्र थप निकासा दिने र तेस्रो चौमासिक निकासा दिँदा पहिलो र दोस्रो चौमासिकमा निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्ने गरी तोकिएको छ। यो वर्ष कार्यालयले २०७३।३।३१ मा विभिन्न ६० विद्यालयमा १६९२ जना विद्यार्थीलाई ६८ दिनको हुने रु.१३,६७,६१६।- विद्यालयहरुको खातामा निकासा दिएको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार सम्बन्धीत शैक्षिक वर्ष भित्र भर्ना भई अध्ययन गर्ने सीमान्तकृत विद्यार्थीहरुको लागि उपलब्ध गराउनु पर्ने दिवा खाजाको रकम सोही शैक्षिक सत्र (२०७२ वैसाख १५ देखि २०७२ चैत्र) भित्र निकासा नदिएको र वर्षान्तमा मात्र निकासा गरेको छ।

४.१. कार्यालयले खाजा रकम निकासा गर्दा देखाएको विद्यार्थी संख्या र विद्यालयहरुले पेश गरेको संख्यामा फरक समेत देखिएकोमा यकिन नगरी २ विद्यालयमा फरक तथ्यांकको आधारमा रु.१,३९,५३६।– निकासा गरेको छ। सम्बन्धीत शैक्षिक सत्र भित्र रकम नपठाई वर्षान्तमा मात्र रकम निकासा गर्दा कार्यक्रम कार्यान्वयन निर्देशिकाको व्यवस्था अनुसार विद्यार्थीको हाजिरीको प्रमाणित विवरण समेत खडा नगरेको र विद्यालयहरुले समेत फरक फरक संख्यामा विद्यार्थी देखाई दावी गरेकोमा समेत यकिन नगरी वास्तविक संख्या भन्दा बढी संख्यामा रकम निकासा गरेको देखिएकोले थप यकिन र छानविन गरी यस वर्ष निकासा गरेको रकमबाट विद्यालयहरुमा तोकिएकै अवधि भित्र सुविधा पाउने विद्यार्थीले मात्र खाजा वापतको रकम प्राप्त गरेको प्रमाण पेश हुनुपर्ने र यस्तो फरक तथ्याङ्कको आधारमा रकम निकासा दिने कार्यमा नियन्त्रण गरी जिम्मेवार बनाइनुपर्दछ।

५. **म्याचिङ फण्ड :** कार्यक्रम कार्यान्वयन पुस्तिकाले विद्यालयहरुमा भएका निकासा र जोड कोष समेतबाट भए गरेको कामको कार्य सम्पन्न खडा गरी राख्नु पर्ने व्यवस्था गरेको छ। यस वर्षको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विद्यालयहरुले म्याचिङ फण्ड समेतबाट कम्प्युटर ल्याब सुदृढीकरण गर्दा छुट्टै ल्याव र प्रोजेक्टर समेतको व्यवस्था गरी अनलाईन लाइब्रेरीको कार्य गराउने कामको लागि ४ विद्यालयहरुको खातामा वर्षान्तमा रु.४,००,०००।– निकासा गरेको पाइयो। निकासा गरिएको उक्त रकम सम्बन्धीत काममा गरिएको खर्च विवरण तथा कार्य सम्पन्न भएको अभिलेख २०७३।१०।२५ सम्म कार्यालयमा लिएको र कार्यक्रमको रकम तोकिएकै काममा मात्र प्रयोग भएको देखिने अभिलेख पेश भएन। निश्चित कार्यका लागि शर्त सहित दिएको निकासा रकमबाट तोकिएको काममा खर्च गरेको प्रमाण अभिलेख लिई लेखापरीक्षणमा समेत पेश गर्नुपर्नेमा सो सम्बन्धी शर्त अनुसारको कार्य सम्पन्न भएको प्रमाण पेश नभएकोले खर्च यकिन गर्न सकिएन।

६. **छात्रवृत्ति अनुगमन :** कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम जिल्लालाई प्राप्त बजेटबाट तोकिएको विभिन्न प्रकारका विशेष छात्रवृति लगायतका रकमहरु सम्बन्धीत विद्यार्थीहरुको लागि वितरण गर्ने प्रयोजनामा विद्यालय खातामा निकासा पठाई खर्च लेखेकोमा सम्बन्धीत विद्यालयहरुले निर्धारित कोटा अनुसार छात्रवृत्ति वितरण गरे, नगरेका अनुगमन गर्ने र वितरित छात्रवृत्तिको विवरण सम्बन्धीत विद्यालयबाट संकलन गरी सो को एकमुष्ट प्रतिवेदन सम्बन्धीत क्षेत्रिय शिक्षा निर्देशनालय र शिक्षा विभागमा समेत पठाउनुपर्ने व्यवस्था छ। छात्रवृत्तिहरु मध्ये माध्यमिक शिक्षा छात्रवृत्ति बैंक सुविधा भएका स्थानहरुमा विद्यालयबाट विद्यार्थीका नाममा व्यक्तिगत खाता खोल्ने व्यवस्था मिलाई वैंक मार्फत छात्रवृत्ति भुक्तानी दिने व्यवस्था मिलाउने गरी तोकिएको छ। कुनै पनि छात्रवृत्ति दोहोरो नपर्ने गरी वितरण गर्ने गरी छात्रवृत्ति रकम २०७२ साल वैशाख देखी भर्ना भएकाहरुले मात्र पाउने लगायतका व्यवस्था भएको छ। लेखापरीक्षणको क्रममा उपरोक्तानुसार व्यवस्थाहरुको प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको समेतको परीक्षण गर्दा सबै प्रकारका छात्रवृत्ति रकम विद्यालयहरुले वितरण गरी तोकिएकै विद्यार्थीले मात्र प्राप्त गरेको स्पष्ट अभिलेख खडा गरेको पाइएन, वैंक मार्फत छात्रवृत्ति वितरण कार्य भएको देखिएन, शैक्षिक सत्र अनुसार पाउने छात्रवृत्तिहरु २०७२ साल बैसाखमा भर्ना भएकाहरुले मात्र पाउने छात्रवृत्तिहरु शैक्षिक सत्र

भित्र पुरै निकासा दिएको देखिएन, विद्यालय खुलेको दिनको आधारबाट पाउने कम्तीमा नियमित हाजिरी पछि पाउने गरी मात्र वितरण गरिएको छात्रवृति सुनिश्चित हुने अभिलेख खडा गरेको पाइएन र छात्रवृत्तिको अभिलेख शिक्षा कार्यालयमा अद्यावधिक गरी राख्ने र सो को विद्यालयगत विवरण शिक्षा विभाग पठाउनुपर्ने व्यवस्था को पूर्ण पालना भएको देखिएन ।

७. **परक्यापिटा फण्डिङ्ग तलव** : कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७२ बमोजिम परक्यापिटा फण्डिङ्ग का आधारमा शिक्षकलाई तलव अनुदान निकासा गर्दा शिक्षा मन्त्रालयबाट परिमार्जन भई जारी हुने निर्देशिकाको आधारमा गर्नुपर्ने व्यवस्था छ। परक्यापिटा फण्डिङ्ग अनुदान कार्यान्वयन निर्देशिका, २०६७ को ६.२ (ङ) बमोजिम विद्यालयमा विद्यार्थी संख्या बढेमा यस किसिमको अनुदान रकम बढ्ने र घटेमा अनुदान रकम घट्ने तथा सेवा पुऱ्याउने पर्ने भौगोलिक क्षेत्र अनुसारको कक्षागत विद्यार्थी संख्याको ५० प्रतिशत भन्दा बढी विद्यार्थी नभई प्रति इकाई लागत पाउन योग्य नहुने व्यवस्था रहको छ । उदयपुर जिल्ला पहाडी क्षेत्रमा भएको र शिक्षक विद्यार्थी अनुपात १:४५ हुने व्यवस्था छ । कार्यालयले यो वर्ष यस कार्यक्रमबाट रकम निकासा गर्दा शिक्षक विद्यार्थी अनुपातको आधार दरवन्दी भएका र नभएमा विद्यालय तथा फ्लास रिपार्ट१ २०७२ को विद्यार्थी संख्याको आधारमा रकम वितरण गर्ने निर्णय गरी २०७३।३।१९ मा मात्र विद्यालयहरुमा रु.२,४८,१६९४८।- निकासा गरेको पाइयो । २०७३ वैशाख देखि नयाँ शैक्षिक सत्र शुरुभै फ्लास रिपोर्ट २०७३ जेष्ठ महिना भित्र विद्यालयहरुले  जिल्ला शिक्षा कार्यालयमा बुझाउने र जिल्ला शिक्षा कार्यालयले इमेल मार्फत विभाग पठाउनुपर्ने व्यवस्था छ । परक्यापिटा फण्डिङ्ग तलवमा निकासा भएको रकमबाट सम्बन्धीत विद्यालयहरुले शिक्षक नियुक्ति गरी पठन पाठन कार्यमा मात्र रकम खर्च गर्न सक्ने व्यवस्था छ । परक्यापिटा फण्डिङ्ग तलव रकम बाँडफाँड गर्दा फ्लास रिपार्ट१ २०७२ को आधारबाट २०७३।३।१९ मा रकम निकासा गरेको र शैक्षिक सत्र २०७३ शुरु भै सकेपछि शैक्षिक सत्र २०७१ र २०७२ को तथ्याङ्कको आधारमा रकम निकासा पठाएकोमा लेखापरीक्षण अवधि (२०७३।१०।२२) सम्म सम्बन्धीत विद्यालयहरुले उक्त रकमबाट शिक्षक नियुक्ति र तोकिएको कार्यमा मात्र खर्च गरेको अभिलेख समेत पेश भएन । निर्देशिकाको उल्लिखितव्यवस्था र गत वर्षको लेखापरीक्षणबाट निर्देशिका भन्दा फरक गरी रकम निकासा गरेको सम्बन्धमा औंल्याइएकोमा यस वर्ष समेत ८ विद्यालयहरुमा रकम निकासा दिँदा परक्यापिटा फण्डिङ्ग निर्देशिको व्यवस्था भन्दा फरक गरी रु.११,०२,७४०।– निकासा दिएको कार्य नियमित मान्न सकिएन । स्वीकृत प्रक्रियाको आधारमा मात्र रकम निकासा गर्नुपर्दछ ।

८. **वढी निकासा** : माध्यामिक विद्यालय कालिखोलामा परक्यापिटा फण्डिङ्ग तलव वापतको रकम निकासा गर्दा विद्यार्थी संख्या ११० र एक शिक्षक दरवन्दी देखाई ४५ जनाको हुने रु.३,१७,१६०।- निकासा पठाएकोमा उक्त विद्यालयको विद्यार्थी संख्या शैक्षिक सामग्री अनुदान निकासा गर्दा ८६ मात्र देखिएकोले बढी विद्यार्थी संख्या देखाई परक्यापिटा फण्डिङ्ग तलव बढी निकासा दिएको रकम असुल गर्नुपर्दछ ।

९. **कार्यक्रम स्वीकृति** : आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार सम्बन्धीत विभागिय प्रमुखले आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र बजेट खर्चको अख्तियारी र कार्यक्रम पठाउनु पर्ने व्यवस्था छ । स्वीकृत कार्यक्रम अनुसार संचालन नहुने अवस्था भएमा कार्यक्रम मन्त्रालयबाट संशोधन गर्नुपर्ने गरी तोकिएको छ । प्राविधिक धार तर्फको कार्यक्रम संचालन गर्ने विद्यालयहरुमा नयाँ प्रशिक्षक तथा सहायक प्रशिक्षक र ल्याब टेक्निसियन  समेतको लागि तलव भत्ता र त्यस्ता विद्यालयमा थप शैक्षिक सुविधा विस्तार समेतको काममा रकम निकासा दिई खर्च गर्ने गरेको छ । जिल्लामा ३ उच्च माध्यामिक विद्यालय हरुमा प्राविधिक धार तर्फको अध्ययन गराउने गरी पुरानो विद्यालय र यो वर्ष थप २ विद्यालयहरुलाई प्रशिक्षक कोटा र रकम निकासा गर्न २०७३।२।२१ मा मात्र अख्तियारी र कार्यक्रम पठाएको पाइयो । प्राप्त अख्तियारी साथ संलग्न कार्यक्रम अनुसार

ल्याव सामग्री सहयोग अनुदान प्रथम चौमासिक अविधमा रु.६०,००,०००।- रहने र तेस्रो चौमासिकमा रु.२,७८,२८०।- मात्रको कार्यक्रम भएकोमा उक्त कार्यक्रम शंसोधन नगरी नयाँ विद्यालयमा स्थापना गरिने ल्याब सामग्री खरिद वापतको पुरै रकम निकासा दिई खर्च गराएको पाइयो । कार्यक्रम संशोधन नगरी खर्च गराउनु उपयुक्त देखिएन ।

१०. **नियमावलीको पालना :** सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम वार्षिक रु.१० लाख भन्दा बढी खरिद गर्ने निकायले वार्षिक खरिद योजना तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष २ विद्यालयहरुमा ल्याव सामग्री खरिद गर्ने प्रयोजन देखाई रु.६०,००,०००।– विद्यालयहरुको खरिद योजना वेगर नै आर्थिक वर्षको अन्तमा मात्र रकम विद्यालय खातामा पठाई खर्च लेखेकोमा लेखापरीक्षण अवधि (२०७३।१०।२५) सम्म कार्य सम्पन्न भएको समेत नपाईएको खर्च नियमित मान्न सकिएन ।

११. **सरुवा तथा काज :** शिक्षा नियमावली, २०५९ बमोजिम सामुदायिक विद्यालयमा कार्यरत शिक्षकलाई निजको दरबन्दी रहेको विद्यालयबाट अन्यत्र काजमा राखी तलव भत्ता खुवाउन नमिल्ने व्यवस्था छ । यस सम्बन्धमा नमूना परिक्षण गर्दा कार्यालयले यो वर्ष एक प्राथामिक विद्यालय, हडियाका एक शिक्षकलाई अर्को माध्यामिक विद्यालय वर्रेमा वर्षभरि काजमा राखी रु.२,६९,१३९।- भुक्तानी गरेको पाइयो । नियमको व्यवस्था भन्दा फरक गरी तोकिएको विद्यालयमा पठन पाठन नगराई अन्यत्र काजमा राखी तलव भुक्तानी गरेको कार्य नियमित मान्न सकिएन ।

१२. **राहत सरुवा :** राहत कोटामा कार्यरत शिक्षकलाई अन्य विद्यालयमा सरुवा वा काज खटाउने कार्य गर्न नपाउने गरी नीतिगत निर्णय भएको छ । कार्यालयले यो वर्ष २०७२।३।२० को पत्रबाट एक प्राथामिक विद्यालयमा राहत कोटामा कार्यरत एक शिक्षिकालाई राहत कोटा सहित एक नि.माध्यामिक विद्यालयमा सरुवा गराई प्रथम चौमासिकबाट वर्ष भरिमा रु.२,४३,४९०।- तलव भत्ता वापत निकासा दिएको पाइयो । विद्यार्थी शिक्षक अनुपातको आधारमा पठन पाठन गराउनका लागि शिक्षक नपुग भै राहत कोटा दिएकोमा उक्त विद्यालयमा कार्यरत शिक्षक कोटा सहित अन्यत्र सरुवा गरी तलव भत्ता निकासा गर्ने कार्य उपयुक्त देखिएन ।

१३. **तलवी प्रतिवेदन र निकासा :** विद्यालयमा कार्यरत शिक्षकहरुको तलव भत्ता निकासा गर्दा शिक्षक किताबखाताको तलवी प्रतिवेदन पारित भए अनुसार निकासा खाता खडा गरी शिक्षकले पाउने तलव भत्ता र ग्रेड समेत यकिन गरेर निकासा दिनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा नमूना छनौट गरी परीक्षण गर्दा कार्यालयले विभिन्न विद्यालयहरुमा कार्यरत शिक्षक मध्ये स्थायी दरवन्दी शिक्षकहरुको तलवी प्रतिवेदन विद्यालय शिक्षक वितावखानाबाट प्रमाणित गराएको भएतापनि अस्थायी र अन्य दरवन्दीका शिक्षकहरुको नाममा रकम निकासा गर्दा विद्यालय निकासा खाता तयार नगरेको र चौमासिक तलव निकासा गर्दा विद्यालयबाट पेश भएका माग फारमहरुलाई विद्यालय प्रशासनबाट भिडान गराउने गरेको भएतापनि अधिकांश दरवन्दी संख्या मात्र उल्लेख हुने र एकै शिक्षकको नामको विभिन्न महिनाको तलव भत्ता र अन्य सुविधा रकम फरक फरक देखाई माग गर्दा दरबन्दी भिडेको वा संख्या माग उल्लेख गरी प्रमाणित गरिदिने, जिल्लान्तर भई गएमा शिक्षकको तथा अवकाश, मृत्यु भएका शिक्षकहरुको नाममा रकम माग भएमा सोलाई हटाई वा संशोधन गरी भुक्तानीको लागि सिफारिश गर्ने गरेको पाइएन । यो वर्ष स्थायी दरवन्दीमा नयाँ नियुक्ति भएका शिक्षकहरुको समेत तलवी प्रतिवेदन शिक्षक किताव खानाबाट प्रमाणित नगराई माध्यामिक विद्यालय तहका १२ र निम्न माध्यामिक विद्यालय तहमा १७ जना शिक्षकहरुको नाममा तलव भत्ता निकासा दिएको छ । कार्यालयले यो वर्ष जिल्लान्तर सरुवा भएका, मृत्यु भएका, राजिनामा दिएका, नयाँ नियुक्ति भएका र सरुवा भएका शिक्षकहरुको नाममा समेत वढी निकासा दिएको रकम रु.६,७०,५३६।– असुल गर्नु पर्ने देखिएको छ । तोकिएको प्रकृया र आधारलाई पूर्ण पालना गरेर मात्र तलव भत्तामा रकम निकासा गर्नुपर्दछ ।

१४. **आन्तरिक नियन्त्रण** : शिक्षा ऐन, २०२८ तथा नियमावली, २०५९ ले शिक्षकहरुको जिल्ला स्थित अभिलेख प्रमाणीकरण व्यवस्थापन र विद्यार्थी तथा विद्यालयको अभिलेख व्यवस्थापन लगायतमा कार्य गर्ने गरी जिल्ला शिक्षा कार्यालयलाई तोकिएको छ। विद्यालयमा कार्यरत र अन्यन्त्रबाट सरुवा भै आउने र जाने शिक्षकहरुको अभिलेख दुरुस्त गरी खडा गरेको पाइएन । विद्यालयाका शिक्षक अवकाश भै वा अन्यन्त्र गै खाली स्थानमा पदपूर्ति गर्दा सम्बन्धीत विद्यालयहरुलाई दिएको स्वीकृति र शिक्षक भर्ना समर्थनको अभिलेखलाई अद्यावधिक गरी राखेको देखिएन । जिल्लान्तर सरुवा शिक्षकहरुको अभिलेख दुरुस्त गराएर मात्र तलव भत्ता निकासा गर्नुपर्नेमा सो अनुसार नगरी विद्यालय माग फारमको आधारबाट मात्र तलवभत्ता निकासा दिने गरेको छ। छात्रवृत्ति लगायतका अन्य अनुदान रकम र कार्यक्रमहरुको लागि निकासा भएका रकमहरुको खर्च पुष्टि हुने पर्याप्त प्रमाण र अभिलेख दुरुस्त राखेको पाइएन। विद्यालयहरुमा निर्माण गरिने विभिन्न भौतिक संरचना र सुधारका कामको लागि पठाइएका रकमबाट भए गरेको कार्यहरुको स्थिति खुलेको एकीकृत अभिलेख खडा नगरी विद्यालय पिच्छे र काम पिच्छे फरक फरक विवरणहरु खडा गरिएकोमा सो को व्यवस्थित तवरले अभिलेख राखेको पाइएन। विद्यालयहरुमा कर्मचारी व्यवस्थापन तर्फको रकम निकासा गर्नु अगावै विद्यालय, शिक्षक, कर्मचारीको अभिलेख खडा गर्नुपर्नेमा खडा गरी राखेको पाइएन। विद्यालयहरुमा निर्माण गरिने विभिन्न संरचनाहरुको कामहरुको लागि विद्यालयहरुले अन्य निकायहरुसँग सम्झौता गरी रकम प्राप्त गर्दा छुट्टै खाता खोली कारोवार गर्ने गरेको पाइयो। चालु आर्थिक वर्ष बाट अभिलेख व्यवस्थित गरी अद्यावधिक गरिने प्रतिकृया कार्यालयले दिएको छ।

१५. **हाजिरी र तलव** : एक उच्च माध्यामिक विद्यालयका एक शिक्षक २०७२ मंसिर २८ बाट राजीनामा दिई सेवाबाट अलग भएकोमा निजको नाममा २०७२।१२।१४ को पत्रबाट विद्यालयको माग अनुसार विद्यालय खातामा रकम निकासा पठाएकोमा निजले रकम बुझेको प्रमाण पेश नभएको, विद्यालयबाट प्राप्त हाजिर उतार प्रमाणमा निजको हाजिरी कट्टी गरेको समेत देखिएकोले छानविन गरी काम नगरेको अवधिको रकम लिएको रु.२८,३७०।– असुल हुनुपर्दछ ।

१६. **छनौट प्रक्रिया** : विद्यालयका शिक्षक अस्थायी वा करारमा नियुक्ती गर्नुपर्दा घटीमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गरी कार्य गर्न जिल्ला शिक्षा कार्यालयले स्वीकृति दिनु पर्ने व्यवस्था छ। एक उच्च माध्यामिक विद्यालयमा प्रथम चौमासिकमा एक शिक्षिका र एक शिक्षकको नाममा निकासा पठाएकोमा दोश्रो चौमासिक अवधिमा एक शिक्षकको स्थान खाली भएर २०७२।८।२३ मा विज्ञापन गर्न स्वीकृति दिएको पाइयो । दोश्रो चौमासिक निकासा गर्दा २०७२।१०।९ सम्म उक्त शिक्षकको र २०७२।१०।१० देखि उक्त शिक्षिकाको नाममा रकम माग गरेको छ । पद रिक्त भई विज्ञापन गर्न स्वीकृति दिएको मिति पछि पनि साविक र नयाँ नियुक्ति हुनेको सेवा नटुटाई तलव भत्तामा रकम निकासा दिएको पाइएकोले वास्तविक रुपमा खाली भएको र भर्ना भएको अवधि यकिन गरी बढी निकासा पठाएको रकम असुल गर्नुपर्दछ।

१६.१. एक उच्च माध्यामिक विद्यालयका एक शिक्षकलाई दोश्रो चौमासिकमा रकम निकासा गर्दा २०७२।७।१९ मा नियुक्ति समर्थन भएको आधार देखाई रु.१२४८२०।- निकासा दिएको छ । कार्यालयमा रहेको निजको अभिलेखमा परीक्षा संचालन गरी छनौट भएको आधार प्रमाण समावेश नभएकोले विज्ञापन गर्न स्वीकृति दिएको, र छनौट समितिले सिफारिश गरेको प्रमाण नरहेकोले यस सम्बन्धमा यकिन गरी खुल्ला प्रतिस्पर्धा भए, नभएको प्रमाण पेश हुनुपर्दछ।

१६.२. एक उच्च माध्यामिक विद्यालयलाई जिल्ला शिक्षा कार्यालयको प.सं. ६०९।०७२।७३० बाट कोटा शिक्षकको विज्ञापन सूचना कम्तीमा १५ दिनको हुनुपर्ने र स्थानीय पत्रिकामा प्रकाशित गर्नुपर्ने गरी शिक्षक नियुक्तिको अनुमति दिएको छ। उक्त विद्यालयमा शिक्षक भर्नाको विज्ञापन भएको अभिलेख प्रमाण पेश भएन। तर सो विद्यालयमा प्रथम चौमासिकमा २ शिक्षकलाई रकम निकासा दिएकोमा दोश्रो चौमासिकमा १ शिक्षकलाई १ महिना १९ दिन र निजको स्थानमा नियुक्त हुने अर्का एक

शिक्षकलाई २ महिना ११ दिनको गरी पुरै चौमासिक निकासा गरेकोले विज्ञापन अवधि समेतको रकम निकासा गरेकोमा थप यकिन गरी बढी रकम असुल हुनुपर्दछ ।

१७. **भौतिक पूर्वाधार विकास** : कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७२ बमोजिम विद्यालयहरुमा विभिन्न कामको लागि दिएका भौतिक पूर्वाधार सम्बन्धी निर्माण कार्यको अनुदान रकमबाट भए गरेका कामको कार्यसम्पन्न प्रतिवेदन तयार गरी प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, सम्बन्धीत प्राविधिक र जिल्ला शिक्षा अधिकारीले प्रमाणित गरी एक प्रति विद्यालय तथा एक प्रति जिल्ला शिक्षा कार्यालयमा अभिलेख खडा गरी राख्नु पर्ने व्यवस्था छ । यो वर्ष विभिन्न विद्यालयहरुलाई गएको पूर्वाधार कार्यमा निकासा दिएको रु.२७,७६,००,०००।– मध्येको रकमबाट लेखापरीक्षण अवधि (२०७३।११।१) सम्मको कार्य सम्पन्न प्रतिवेदन परीक्षण गर्दा प्रतिवेदन तयार गर्न बाँकी रहेको ११४ विद्यालयहरुमा निकासा दिएको रकम समेतको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्दछ । (अधिकांश विद्यालयहरुको निर्माण कार्यहरु भइरहेको र बाँकी काम पुरा गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरीने प्रतिकृया कार्यालये दिएको छ ।

१८. **शैक्षिक तथ्याङ्क** : प्राप्त विवरण अनुसार जिल्लाभित्र रहेका कूल विद्यालय मध्ये ६९ प्राथामिक विद्यालय, ७३ निम्न माध्यामिक विद्यालय र २७ माध्यामिक विद्यालय हरुमा शिक्षक दरवन्दी स्वीकृत नरहेको, निशुल्क पाठ्य पुस्तक वापत यो वर्ष विभिन्न तहमा अध्ययनरत विद्यार्थी संख्याको ९५ प्रतिशत आधारमा रु.१,९०,८९,००० रकम निकासा दिएको छ । २०७२।४।२९ को निर्णयअनुसार २ प्राथामिक विद्यालय हरु बन्द गराएको र २ निम्न माध्यामिक विद्यालयहरुको तह घटुवा गरेको, जिल्लामा सामुदायिक विद्यालयको संख्या क्रमश प्राथामिक विद्यालय २३८, निम्न माध्यामिक विद्यालय १११ र माध्यामिक विद्यालय ७०, उच्च माध्यामिक विद्यालय ४१ रहेको र बाल विकास केन्द्र ४३३ रहेकोमा १४ वटा बाल विकास केन्द्र बन्द भै सकेको पाइयो ।

१९. **पेश्की** : आर्थिक वर्षको अन्तसम्म १४ कर्मचारीहरुको नाममा बाँकी रहेको पेश्की रु.४६,०७,४३०।– आर्थिक कार्यविधि नियमावली अनुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **वजेट फ्रिज** : सार्वजनिक खरिद नियमावली, २०६४ ले कार्यक्रम संचालन गर्ने निकायले स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको कार्य गराउँदा आवश्यकताको निश्चित गरी खरिद योजना बनाई स्वीकृत तालिका बमोजिम प्रतिस्पर्धात्मक र मितव्यायी ढंगबाट खरिद गर्नुपर्ने गरी तोकिएको छ । यो वर्ष कार्यालयले औषधि आपूर्ति र खरिदको कार्य गर्दा सोझै, सिलबन्दी दरभाउपत्र र वोलपत्रको माध्यमबाट समेत गराएको छ । यो वर्ष औषधि खरिद कार्यको लागि रु.५४,१८,०००।- बजेट विनियोजन भएकोमा रु.४८,६०,२५३।- खर्च गरी रु.५,५७,७४७।- फ्रिज गरेको छ ।

२. **खरिद प्रकृयामा ढिलाइ** : नेपाल सरकारले निशुल्क वितरण गरिने ७० प्रकारका औषधि मध्ये ४० लाई विशेष प्राथमिकतामा राखी औषधि खरिद सम्बन्धी कार्य आर्थिक वर्षको शुरुबाटै गराउने गरी विभागले वजेट गत वर्षको भन्दा न्यून नहुने गरी व्यवस्था गरिएको जानकारी सहितको अख्तियारी २०७२/४/२४ मा कार्यालयलाई पठाएको छ । कार्यालयले २०७२।४।१७ मा ५ वटा सप्लायर्सहरुबाट दररेट माग गरी तुलनात्मक चार्टको कार्य गरेको भएतापनि २०७२।९।१२ मा मात्र रु.३२ लाखको लागत अनुमान स्वीकृत गरी वोलपत्र आह्वान भै मूल्याङ्कन र अन्य खरिद सम्बन्धी प्रकृया पुरा गरी २०७२/११/२८ मा मात्र खरिद सम्झौता गरेको छ। खरिद सम्झौतामा औषधिहरु २०७२।१२।१६ देखि शुरु गरी २०७३।१।१५ सम्म आपूर्ति गरिसक्नु पर्ने शर्त रहेको पाइयो । आपूर्ति कर्ताले औषधि आपूर्ति गरी प्राप्त भएका औषधिहरुको समितिबाट परिक्षण गराई कार्यालयमा २०७३।१।२२ मा मात्र बुझिलिएको छ । निःशुल्क औषधि खरिद कार्यमा वोलपत्र मार्फत रु.३२,९३,६१९।– को औषधि खरिद गरेको छ ।

३. **निःशुल्कको छाप :** निशुल्क वितरणको औषधि खरिद गर्दा “नेपाल सरकारबाट निःशुल्क वितरण” भन्ने छाप लगाई वितरण गर्ने गराउने विभागीय नीति रहेकोमा खरिदको लागि ठेक्का वन्दोवस्त गर्दा वोलपत्रको सम्झौताको शर्तमा उल्लेख गरेको भएतापनि यो वर्ष आपूर्तिकर्ताले कार्यालयलाई उपलब्ध गराएका ६७ प्रकारका औषधि मध्ये ४१ प्रकारका औषधीमा मात्र "निशुल्क वितरण" को छाप लगाएको भन्ने व्यहोरा जाँच प्रतिवदेनमा उल्लेख गरेको छ ।

४. **खरिद मूल्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ तथा ८६ मा सोझै खरिद गर्दा विचार गर्नुपर्ने कुराहरुको व्यवस्था गरी सोझै खरिद गर्दा दररेट लिई घटी दरवाला सँग खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निशुल्क वितरणको लागि खरिद गरिएका औषधि मध्ये केही औषधि सोझै खरिद गरिएकोमा तुलनात्मक स्थिती देहाय अनुसार छ ।

| औषधिको नाम | जम्मा परिमाण | सोझै खरिद दर रु. | सोझै खरिद दर रु. |
|---|---|---|---|
| एमोक्सिलिन २५० एम.जि. | २०००० | ६.३(१००००) | ४.५३(१००००) |
| सिप्रोफ्लाक्सिन २५० एम.जि. | १७००० | ६.०३(५०००) | ६.४०(१२०००) |

उपरोक्तानुसारको विवरणबाट एकै प्रकारको औषधिका मूल्यमा सोझै खरिद प्रकृयाबाट खरिद गर्दा समेत फरक फरक दरबाट खरिद गरी भुक्तानी गर्ने गरेको छ। यो वर्ष नमूना परिक्षण गरिएका १० औषधिहरुको मूल्य मध्ये एकै प्रकारका २ औषधिहरु सोझै खरिद गर्दा रु.३६,२४०।- बढी लागत परेको देखियो । नियममा भएको व्यवस्थाको पालना गरेर मितव्ययी ढंगबाट खरिद गर्नुपर्दछ ।

५. **औषधिको म्याद :** नेपाल सरकारले खरिद गर्ने औषधिको उपयोग अवधि घटीमा १८ महिना वा सेल्फ लाइफ दुई तिहाई अवधि भएको हुने गरी तोकिएको छ । कार्यालयले यो वर्ष विभिन्न १४ प्रकारका औषधि र केही अन्य सामग्री समेतको उपभोग अवधि पुरा भएको देखाई २०७३।२।२४ मा उक्त औषधि र सामग्री खाडलमा गाडि नष्ट गरेको विवरणबाट देखिएको छ। नष्ट गरिएका औषधि मध्ये मूल्य खुलेकाहरुको लागत रु.४,२०,१२५।- रहेको पाइयो । कतिपय औषधि केन्द्रीय र क्षेत्रिय मेडिकल स्टोर र अन्य सस्थाहरुबाट प्राप्त भएकोले मूल्य नखुलेका औषधि समेतको मूल्यको आधार लिदा नष्ट गरिएका औषधि र सामग्रीको लागत अरु बढी हुने देखिएको छ । औषधि वितरण र उपयोग नगराई राखेको वा उपयोग अवधि घटी रहेको औषधिहरु आपूर्ति गएिको हो सो सम्बन्धी पूर्ण विवरण उपलब्ध नभएको कारणले उल्लेख गर्न सकिएन । जुनसुकै प्रकारबाट प्राप्त भएको भएतापनि प्राप्त भएका औषधिहरुको उचित व्यवस्थापन गरी आवश्यकता अनुसार स्वास्थ्य केन्द्रहरु तथा अस्पतालमा पुऱ्याई उपभोग मिति अगावै प्रयोग गरिसक्ने व्यवस्था गर्नुपर्दछ ।

६. **सुरक्षित मातृत्व** : कार्यक्रम संचालन निर्देशिका बमोजिम सम्बन्धीत संस्थालाई दिइने इकाईगत अनुदानको भुक्तानी गर्दा अनूसूची-३ को आधारमा गर्नुपर्ने गरी व्यवस्था भएको छ । अनुसूची- ३ मा नर्मल प्रसुतीको लागत रु.१,०००।- र जटिलता युक्त प्रसुती को रु.३,०००।- प्रति इकाई लागत तोकिएको छ । कार्यालयले यो वर्ष १५ बर्थिङ्ग सेन्टरहरुमा सुत्केरी गराइएका कूल संख्यामध्ये जटिलयुक्त प्रसुती तर्फको रकम भुक्तानी गरिसकेको संख्यालाई पुनः नर्मल तर्फ समेत समावेश गरी भुक्तानी दिएको पाइएकोले बढी दरबाट भुक्तानी गरिसकेपछि पुन दोहोरो हुने गरी भुक्तानी गरेको यस्तो रकम रु.७८,०००।– असुल गर्नुपर्दछ ।

७. **दर्ता शुल्क अनुदान :** कार्यक्रम संचालन निर्देशिका बमोजिम गत वर्षको विरामी सेवा संख्याको आधारमा स्वास्थ्य केन्द्रमा आउने नयाँ र पुरानो विरामी संख्या समेतको तथ्याङ्कको आधारबाट रकम बाँडफाँड गरी सम्बन्धीत स्वास्थ्य संस्थाको खातामा निकासा दिनुपर्ने र उक्त रकम सम्बन्धीत संस्थाले निर्देशिकामा तोकेको क्षेत्र र काममा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष यस्तो रकम रु.८,०६,८८५।– निकासा गर्दा प्राथमिक स्वास्थ्य केन्द्रलाई रु.१५।- र अन्यलाई रु.५।- का दरले रकम पठाएको छ । रकम पठाउदा २०७०।७१ मा रु.१,८१,२९७।- र २०७१।७२ मा

१,३५,२९८।– जना विरामी स्वास्थ्य संस्थामा आएको तथ्याङ्कको आधारमा फोकल पर्सनको सिफारिश अनुसार दुवै संख्याको पुन १० प्रतिशत थप गरी कूल विरामी संख्या १,७४,१२७ जना देखाएको छ । कार्यालयबाट प्रकाशित तथ्याङ्क अनुसार जिल्लाको जनसंख्या ३१७५३२ (२०६८ को जनगणनाको आधारमा) रहेकामा उक्त सख्याको ५४.८३ प्रतिशत स्वास्थ्य केन्द्र आइपुगेको विवरण तयार गरी २०७२/११/९ मा ९० प्रतिशतले हुने रकम निकासा गरेकोमा २०७३ आषाढमा नपुग भएका संस्थालाई १० प्रतिशत थप दिएको भएतापनि अघिल्लो अवधिमा पठाइएको र थप अनुदान दिनु नपर्नेहरुको यथार्थ विरामी संख्याको अभिलेख लिई निकासा रकम बढी भए नभएको भिडानको काम लेखापरक्षिण अवधि (२०७३/११/९) सम्म पनि नगरेकोले अनुमानित संख्याको आधारमा निकासा दिएको उक्त रकम खर्च गर्दा यथार्थ संख्याको आधार लिई बढी निकासा भए, नभएको भिडान गर्ने आधिकारीक संख्याको प्रमाण पेश हुनुपर्दछ ।

८. **पेश्की कारोवार :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा सरकारी कामको लागि पेश्की लिनुपर्दा कुन कामको लागि के, कति चाहिने त्यसको विवरण पेश गर्नुपर्ने व्यवस्था गरी कार्यालय प्रमुखले सम्बन्धीत कामको लागि आवश्यक पर्ने रकम भन्दा बढी नहुने गरी पेश्की दिनुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कार्यक्रमहरुमा स्वीकृत कार्यक्रम बजेटबाट रकम खर्च गर्दा कर्मचारीलाई पेश्की दिई पठाउने गरेको छ । कर्मचारीको नाममा पटक पटक अघिल्लो पेश्की फछ्र्यौट नहुँदै थप पेश्की रु.१,३७,४२,५४६।– दिएकोमा वर्षान्त सम्म ८ जनाको नाममा रु.११,३४,७१८।– पेश्की फछ्र्यौट नभएकोमा बाँकी रकम पछिल्लो आर्थिक वर्ष मा नगदै जम्मा गरी तथा फाँटवारी पेश गरी पेश्की फछ्र्यौट गरेको पाइयो । यो वर्षको कार्यक्रममा पेश्की लिई खर्च जनाएकोमा रु.१,६०,७१७।– नगदै दाखिला गरेको समेत देखिएकोले नियममको व्यवस्थाको पूर्ण पालना गरेर मात्र पेश्की दिनुपर्दछ ।

९. **शहरी स्वास्थ्य क्लिनिक :** स्वीकृत वार्षिक कार्यक्रमको रकमबाट कार्यक्रम संचालन गरी खर्च गर्दा तोकिएका आधारबाट मात्र गर्नुपर्ने व्यवस्था कार्यक्रम संचालन निर्देशिकामा तोकिएको छ । आर्थिक वर्ष २०७२/७३ को स्वीकृत कार्यक्रम अनुसार नयाँ स्थापना भएका २ नगरपालिका (वेल्टार बसाहा र कटारी) प्रत्येकलाई रु.४१००००।- का दरले शहरी स्वास्थ्य क्लिनिक संचालनको कार्यक्रम स्वीकृत गरी वेल्टार बसाहाको माडीवासमा संचालन हुने क्लिनिकको लागि खरिद गरिएका रु.३,६८,४६४।- का सामाग्रीहरु सम्बन्धीत क्लिनिकमा नपठाई जिल्लास्थित स्टोर मै २०७३।१०।२८ सम्म मौज्दात राखेको छ । सोही शहरी क्लिनिक संचालन गर्न नगरपालिकाका कार्यकारी समेतको सयुक्त हस्ताक्षरबाट संचालन हुने खातामा यस वर्षको संचालन अनुदान रु.२,१५,७६८।- समेत जम्मा गराई खाता रोक्का गरेको जानकारी दिएको छ । स्वीकृत कार्यक्रम अनुसारको कार्य संचालन भई सेवा प्रवाह नभएतापनि पुरै रकम खर्च भएकोमा उक्त सामग्री तथा संचालन अनुदान रकम समेत तोकिएको स्थलमा सेवा संचालन हुने, नहुने निर्णय नगरी फिर्ता लिने वा संचालन हुने आधार वेगर गरिएको खर्च नियमित मान्न सकिएन । कार्यक्रम संचालन नभएमा रकम फिर्ता गरी दाखिला गर्नुपर्दछ । क्लिनिक स्थान विवादको कारण हाल रकम फुकुवा नगरेको तथा सामग्री नपठाइएको प्रतिकृया कार्यालयले दिएको छ ।

१०. **ग्रामीण स्वास्थ्य सेवा :** स्वीकृत कार्यक्रम अनुसार ग्रामीण सामुदायिक स्वास्थ्य क्लिनिक संचालन गर्ने (भूकम्प प्रभावित क्षेत्रमा) संस्थाहरुलाई उपलब्ध गराइएको रकमबाट सम्बन्धीत संस्थाहरुले समेत जोडकोष म्याचिङफण्डमा राखी कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ । यो वर्ष जिल्लाका नामेटार र हाडेवासमा क्रमशः रु.४२०००० सामग्री सहित रु.२,४१,५९८।- र रु.३,३०,०००।- खातामा निकासा गरेकोमा उक्त रकमबाट सम्बन्धीत इकाईहरुले जोड कोष स्थापना गरी कार्यक्रम संचालन गरे, नगरेको र इकाईमा स्वीकृत कार्यक्रममै खर्च भएको देखिने विवरण पेश नभएकोले

निकासा रकमबाट कार्यक्रम संचालन भई खर्च भएको अनुगमन प्रतिवेदन र संस्थाको आय-व्यय विवरण समेत पेश गर्नुपर्दछ ।

११. **पेश्की** : आर्थिक वर्षको अन्तसम्म १९ संस्थाहरुमा गएको पेश्की रकम रु.२,०८,४००।– बाट फछ्र्यौट नभएकोले आर्थिक कार्यविधि नियमावली २०६४ बमोजिम पेश्की फछ्र्यौट हुनुपर्दछ ।

१२. **अग्रिम कर** : आयकर ऐन, २०५८ को दफा ८९ वमोजिम सेवा वा मालसामान खरिद गर्दा अग्रिम कर कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कामको भुक्तानी र भत्ता वितरण गर्दा अग्रिम कर घटी कट्टी गरेको रु.१०,०२०।– दाखिला गरेको नदेखिएकोले यकिन गरी दाखिला गर्नुपर्दछ ।

१३. **सोझै खरिद** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ र ८६ मा सोझै खरिद कार्य गर्दा दररेट लिई सब भन्दा घटीवाला सँग गर्नुपर्ने व्यवस्था छ । औषधि खरिद सम्बन्धी सूचना प्रकाशन गर्न एक एजेन्सीलाई रु.८८,९८७।– भुक्तानी गरेकोमा सो एजेन्सीले एक दैनिकमा २०७२।९।१३ मा कार्यालयको सूचना प्रकाशित गराई पेश गरेको विल (पत्रिकाको विलमा) सूचना को ६६ सि.मि. परिमाण र दरलाई बढी उल्लेख गरेको र छुट समेत नदिई पुरै रकम माग गरी सोही रकम भुक्तानी भएकोले पुन यकिन गरी बढी रकम असुल गर्नुपर्दछ ।

१४. **विविध खाताबाट कारोवार** : आर्थिक कार्यविधि ऐन, २०५५ ले सरकारी कारोवार गर्दा पालना गर्नुपर्ने व्यवस्था तोकेको छ । आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५ मा स्वीकृत बजेटबाट खर्च गर्ने सम्बन्धी व्यवस्था गरी ३५(४) बमोजिम सम्बन्धीत आर्थिक वर्षमा खर्च नभै बाँकी रकम स्वत निष्कृय हुने व्यवस्था छ । कार्यालयले पेश गरेको यस खाता तर्फको कारोवारमा ५ संस्था समेतबाट रु.२,८४,९५० प्राप्त गरेको विवरण पेश गरेको छ ।

उपरोक्तानुसारको विवरणबाट गैरसरकारी संस्थाहरुबाट प्राप्त रकम यस खातामा जम्मा गराएकोमा ती संस्थाबाट के कस्तो शर्त र कार्यक्रमको लागि रकम प्राप्त भएको हो, सो सम्बन्धी सम्झौता पेश नभएकोले आम्दानीमा देखाइएका रकम सम्बन्धमा यकिन गर्न सकिएन । पेश भएको विवरण अनुसार विनियोजन शीर्षकबाट खर्च भै बाँकी रहेको रु.५२५००।- समेत यस वर्ष सम्म ख–६ विविध खातामा राखिरहेको पाइएकोले उक्त रकम फिर्ता दाखिला गर्नुपर्दछ ।

१४.१. २०७२।७३ मा प्राप्त भएको राष्ट्रिय क्षयरोग केन्द्रको रु.३५६०००।- श्रेस्ता केन्द्रमै पठाएको र सवल परियोजनाको रु.४८,५००।- को श्रेस्ता सम्बन्धीत संस्थालाई पठाएको उल्लेख गरेकोले उक्त रकमको लेखापरीक्षण गरिएको छैन । आर्थिक कार्यविधि ऐन तथा नियमावलीमा भएका व्यवस्थाहरुको पालना गराएर मात्र कारोवार संचालन गर्नुपर्दछ ।

१५. **असम्बन्धित खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(४) मा सम्बन्धित आर्थिक वर्षमा निकासा दिएको आदेश तथा रकम मध्ये खर्च नभई बाँकी रहेको रकम फ्रिज गराउनु पर्ने व्यवस्था छ । यो वर्ष कार्यालयलाई स्थानीय भत्ता समेतको अख्तियारी प्राप्त भएकोमा यो जिल्ला स्थानीय भत्ता नपाउने जिल्ला भएकोले उक्त रकम खर्च नगरी स्वतः फ्रिज गराउनु पर्नेमा सो रकमलाई रकमान्तर समेत नगराई प्राथामिक स्वास्थ्य केन्द्रका कर्मचारीको २०७२ बैशाख देखि आषाढ सम्मको अतिरिक्त भत्तामा रु.६४२२८ र अन्य विभिन्न भत्ता भुक्तानी गर्ने प्रयोजनमा रु.५,७९,०३२।– खर्च गरेको छ । फरक प्रयोजनमा खर्च गर्नु अगावै विभागीय स्वीकृति र रकमान्तर वेगर गरेको खर्च नियमिति मान्न सकिएन ।

## धरान–चतरा–गाईघाट कटारी–सिन्धुली हेटौंडा सडक योजना (पूर्वी खण्ड)

१. **वार्षिक कार्यक्रम** : धरान चतरा गाईघाट कटारी सिन्धुली हेटौंडा सम्मको सडक निर्माण सम्बन्धी कार्य गर्न स्थापना भएको यो योजनाको आर्थिक वर्ष २०७२।७३ को वार्षिक कार्यक्रम तथा अन्य कार्यक्रमहरु लेखापरीक्षणमा पेश भएन । कार्यालयबाट पेश भएको खर्चको विवरण अनुसार चालु

र पूँजीगत कार्यमा रु.९,१४,८७५/ खर्च भएको छ। निश्चित कार्य गर्ने लक्ष्य तोकी खडा भएको कार्यालयको कार्यक्रम स्वीकृत नगराई खर्च गरेको छ। प्रचलित कानुनमा तोकिएको विधि र प्रकृया पुरा गरेर मात्र खर्च गराउनु पर्दछ।

## नापी कार्यालय

१. **दाखिला आधार :** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार कार्यालयमा दाखिला हुने राजश्वको भिडान गरी प्रतिवेदन खडा गर्नु पर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त राजस्वको आर्थिक विवरण १४३११ (न्यायिक दण्ड जरिवाना शीर्षक) मा रु.६३,६१०।७८ आम्दानी र दाखिला देखाएको छ। उक्त न्यायिक दण्ड जरिवाना वापत दाखिला गरेको मध्ये रु.५७,०२७।७८ कार्यालयको १३-३३६-०३ राजस्व खातामा मिति २०७२।७।२४ मा दाखिला गरेको देखियो। उक्त रकम दाखिला सम्बन्धी निर्णयमा वन विभागले २०७१।११।२५ को पत्रबाट एक सर्वेक्षकको नाममा पत्र पठाई अख्तियार दुरुपयोग गरेको र सरकारी सम्पत्ति काठ हानि नोक्सानी पुऱ्याएको जरिवाना दाखिला गर्न पत्राचार गरेको देखियो। वन विभागको उक्त पत्र नापी कार्यालयमा २०७१।१२।८ मा मात्र प्राप्त भएको र रकम दाखिला गर्न आदेश दिएका व्यक्ति यस कार्यालयमा नरहेकोमा कार्यालयले आम्दानी गरेको कारण स्पष्ट भएन। तेस्रो प्रति बैंक भौचरबाट आम्दानी देखाएको र वन विभागलाई कुनै जानकारी समेत नपठाएकोले उक्त दाखिला कारोवारका सम्बन्धमा यकिन गर्न सकिएन। वन विभागले पत्र पठाएको र सम्बन्धित शीर्षकमा दाखिला भएको वैंक भौचर पेश गरेको प्रतिक्रिया प्राप्त भयो।

२. **व्यक्तिगत प्रयोजनमा खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा कार्यालयले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय परिस्थितिलाई समेत ध्यानमा राखी मन्त्रालयको स्वीकृति लिई लागत नबढ्ने गरी कार्यक्रम संशोधन गर्न सक्ने व्यवस्था छ। कार्यालयलाई प्राप्त मेशिनरी औजार खर्च शीर्षकको रकमबाट मोवाईल, टिभी, डिसहोम व्यक्तिगत प्रयोजनका सामानहरु खरिद गरी रु.१,८७,६०४।– खर्च गरेको पाइयो। उक्त मालसामानहरु खरिद गर्दा कार्यक्रम संशोधन तथा विभागीय स्वीकृति समेत नलिई खरिद गरेको कार्य नियमित मान्न सकिएन। नाप नक्शा गर्न फिल्डमा खटिने कर्मचारीको लागि खरिद गरिएको प्रतिक्रिया कार्यालयको रहेको छ।

३. **प्रगति प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा पूँजीगत वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरी तालुक कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था रहको छ। कार्यालयले यस वर्ष पूँजीगत कार्यमा रु.३४,७०,१७०।- खर्च गरेकोमा सो खर्चको उपलब्धि र प्रगति प्रतिवेदन तयार गरेको देखिएन। नियममा भएको व्यवस्थाको पालना गरी कार्य गर्नु गराउनु पर्दछ।

४. **आन्तरिक नियन्त्रण :** आर्थिक कार्यविधि नियमावली, २०६४ मा प्रत्येक कार्यालयले सम्पादन गर्ने कामको आन्तरिक नियन्त्रण र जाँच गरी विश्वस्त रहनुपर्ने व्यवस्था छ। लेखापरीक्षणबाट यस सम्बन्धमा परीक्षण गर्दा खरिद योजना तयार गरी सोही अनुसार खरिद गर्नु पर्नेमा खरिद योजना तयार नगरेको, जिन्सी निरीक्षण गरी प्रतिवेदन खडा गरेकोमा प्रतिवेदनमा उल्लेख भए बमोजिम माल सामानको मूल्य कायम गराइ नराखेका र लिलाम सम्बन्धी कारवाही नगरेको, वार्षिक प्रगति प्रतिवेदन तयार गरी तालुक निकायमा नपठाएको, खरिद सम्बन्धी कार्य गर्दा गराउँदा खरिद इकाई मार्फत कार्य भएको नदेखिएकोले आन्तरिक नियन्त्रणलाई प्रभावकारी वनाउनु पर्दछ।

५. **कार्यक्रम वेगरको निर्माण कार्य :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २३ मा सम्बन्धीत मन्त्रालयले आफू अन्तर्गत संचालन हुने कार्यक्रम स्वीकृत गर्नुपर्ने व्यवस्था छ। यसरी स्वीकृत भएको वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी मन्त्रालयले आर्थिक वर्ष सुरु भएको पन्ध्र दिन भित्र सम्बन्धीत कार्यालयलाई पठाउनु पर्ने व्यवस्था छ। कार्यालयले यो वर्ष सेवाग्राही प्रतिक्षालय,

कार्यालय कम्पाउण्ड भित्रको बाटो बनाउने र अन्य पुँजीगत सुधारका कार्य गराई रु.१५,००,०००।- खर्च गरेको पाइयो । निर्माण सम्बन्धी कार्य गराउदा जिल्ला प्रविधिक कार्यालयले तयार गरेको लागत अनुमान स्वीकृत गरी सोही आधारमा ४ वटा कार्यको लागि पाँच लाख सम्मको ३ वटा लागत अनुमान तयार गरी सोझै खरिद कार्य अन्तर्गत विभिन्न निर्माण व्यवसायीहरु सँग दररेट माग गरी कार्य गराएको छ । यस सम्बन्धमा औल्याउदा उल्लिखितकामहरु अत्यावश्यक भई विभागमा वजेट माग गर्दा लागत अनुमान तयार गरी पठाउन निर्देशन भएको र सोही आधारमा रकम प्राप्त भएपछि कार्य गराएको प्रतिकृया दिएको छ । आर्थिक कार्यविधि नियमावलीमा भएको व्यवस्थाको पालना नगरी विभिन्न निर्माण सम्बन्धी कार्य गराई भुक्तानी गरेकोमा लेखापरीक्षण अवधि (२०७३।१०।१०) सम्म कार्य सम्पन्न प्रतिवेदन तयार गरी स्वीकृत गरेको समेत नदेखिएकोले स्वीकृत कार्यक्रम वेगर गरेको खर्च नियमित मान्न सकिएन ।

## महिला तथा बालबालिका कार्यालय

१. **अनुदान रकम वितरण** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) मा निशर्त एवं सशर्त अनुदान रकमको आय-व्ययको प्राप्तिको विवरण लिई जुन कामको लागि रकम दिएको सो काममा खर्च गरे/नगरेको लक्ष्य अनुसार प्रगति गरे/नगरेको, कानून बमोजिम लेखापरीक्षण भए/नभएको कुराहरुको अध्ययन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष विभिन्न संघ संस्थाहरुलाई रु.२४,२०,५००।- अनुदान दिएको रकमको अनुगमन गरी संस्थाहरुले लिएका अनुदान रकम उद्देश्य अनुरुप कार्यमा खर्च भए/नभएको सम्बन्धमा संस्थाहरुको लेखापरीक्षण प्रतिवेदन समेत लिई अभिलेख खडा गर्नुपर्नेमा सो अनुसारको अभिलेख खडा गरी राखेको पाइएन । अभिलेख वेगर निकासा अनुदान रकमबाट भएको उपलब्धि सम्बन्धमा उल्लेख गर्न नसकिएकोले अभिलेख दुरुस्त राख्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण** : आर्थिक कार्यविधि ऐन तथा नियमावली, २०६४ र अन्य नियममा तोकिएको प्रक्रिया एंव व्यवस्थाको अवलम्वन गरी आन्तरिक नियन्त्रण कायम गर्नुपर्ने व्यवस्था छ । कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्यांकन गर्दा वार्षिक खरिद योजना बनाई खरिद सम्बन्धी कार्य गरेको पाइएन, जिन्सी निरीक्षणबाट औंल्याए बमोजिम मूल्य नखुलेका पुराना मालसामानको मूल्य कायम गराई नराखेको, जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेकोमा सो अनुसारको कार्यान्वयन नगराएको, प्रचालित कानूनमा भएका सबै व्यवस्था पालना गरी आन्तरिक नियन्त्रण व्यवस्थालाई मजवुत बनाउन कार्यालयको ध्यान जानुपर्दछ ।

३. **छुट्टै खाताबाट कारोवार** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६ मा सरकारी अड्डाखानामा खोलिने खाता सम्बन्धमा व्यवस्था छ । नियमको व्यवस्था बमोजिम विशेष अवस्थामा बैंक खाता खोल्नु परेमा महालेखा नियन्त्रक कार्यालयको स्वीकृति लिनुपर्ने व्यवस्था छ । कार्यालयले एक संस्थासंग जिल्ला बाल कल्याण समिति अन्तरगतका कार्यक्रम संचालन गर्ने गरी प्राप्त रकम एक वाणिज्य बैंक, उदयपुरमा छुट्टै खाता खोली कारोवार गर्ने गरेको पाइयो । जिल्ला बाल कल्याण समितिलाई उक्त संस्थाबाट के कति रकम प्राप्त हुनुपर्ने हो, सो सम्बन्धी सम्झौता पेश हुन आएन । कार्यालयबाट प्राप्त आय-व्यय विवरणमा बैंकमा रहेको खातामा गत वर्षको मौज्दात रु.३,८८,३४०।- र यो वर्ष प्राप्त रु.३,००,०००।- गरी जम्मा रु.६,८८,३४०।- बाँकी रहेको बैंक स्टेटमेन्टबाट देखिएकोले सो रकम सरकारी खाता संचालन गर्ने नियमावलीको व्यवस्था बमोजिम संचालन गर्नुपर्दछ ।

## यातायात व्यवस्था सेवा कार्यालय

१. **काज** : निजामती सेवा ऐन, २०४९ दफा १८ क(१) मा निजामती कर्मचारीलाई काज खटाउँदा एक वर्षमा तीन महिना भन्दा बढी अवधिको लागि काज खटाउन नपाउने व्यवस्था छ । यस

कार्यालयमा दरबन्दी रहेका ३ कर्मचारीहरुलाई ऐनको व्यवस्था विपरीत वर्षभरि काजमा खटिएको अवधिमा समेत यस कार्यालयबाट तलव भत्तामा रु.८,४५,२००।– खर्च गरेको नियमिति मान्न सकिएन । ऐनको व्यवस्थाको पालना हुनु पर्दछ ।

## शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय

१. **ठेक्का व्यवस्थापन** : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(३) मा विकास निर्माण सम्बन्धी कार्यक्रम स्वीकृत गरी कार्यान्वयन तालिका वनाउँदा लागत अनुमान तयार गर्ने ठेक्का पट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा सम्पन्न गरिसक्नु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष विभिन्न निर्माण सम्बन्धी कार्यहरुको लागत अनुमान स्वीकृति र ठेक्का पट्टाको विवरण परीक्षण गर्दा ३ मुख्य कार्यक्रम अन्तर्गत ७ ठेक्का वन्दोवस्त भएकोमा सबै ठेक्का पट्टा तेस्रो चौमासिकमा वन्दोवस्त गरेको छ । सो मध्ये आषाढ महिनामा मात्र रु.७ करोड १० लाखका ४ ठेक्का पट्टाको कार्य गरेको छ । नियममा व्यवस्था भए बमोजिम तोकिएको चौमासिक कार्य गर्नु/गराउनु पर्दछ ।

२. **चौमासिक खर्च स्थिति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ मा वजेट निकासा र खर्च गर्ने सम्बन्धी व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष स्वीकृत कार्यक्रम अनुसारको योजना तथा कार्यक्रमहरुमा रकम माग गरी खर्च गरेको सम्बन्धी चौमासिक गत निकासा खर्चको परीक्षण गर्दाकूल खर्च मध्ये ८८.२८ प्रतिशत तेश्रो चौमासिक अवधिमा गरेको र सो मध्ये ५२.१६ प्रतिशत, आषाढ महिनामा मात्र विभिन्न संरचना तथा बाटो निर्माण कार्य गराएको छ । आषाढ महिनामा निर्माण सम्बन्धी कार्य गराई भुक्तानी गर्नाले निर्माण कार्यको गुणस्तर र दिगोपनामा असर पर्न सक्ने हुँदा यस तर्फ कार्यालयको ध्यान पुग्न सकेको पाइएन ।

३. **म्याद थप** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिम तोकिएको म्याद भित्र कार्य सम्पन्न नभएमा निर्माण व्यवसायीले ७ दिन अगावै निवेदन दिनुपर्ने र निवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले जाँचबुझ गराई व्यहोरा मनासिव देखिएमा म्याद थप दिन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत संचालित कार्यक्रमहरुमा ठेक्का वन्दोवस्त भै कार्य गराइएमा विभिन्न स्वास्थ्य चौकी तथा अन्य निमार्णको कार्यमा भएको म्याद थपको अवस्था परीक्षण गर्दा ४ स्वास्थ्य चौकी भवनका निर्माण व्यवसायीहरुको म्याद शुरु अवधिको २५ देखि ५० प्रतिशत सम्म, स्वास्थ्य चौकी रामपुरको कार्य अवधि शुरु अवधिको शतप्रतिशत भन्दा बढी अवधि थप भै सकेको, जाल्पा स्वास्थ्य चौकी खोटाङको निर्माण कार्यको शुरु कार्यावधि २०७०।८।१८ सम्म रहेको र रु.१,२८,९२,३२०।- खर्च भै सकेकोमा यो वर्ष सम्म म्याद थप नभएको कारण यस वर्षको लागि स्वीकृत कार्यक्रम वजेट रु.१८ लाख ८० हजार खर्च नभै फ्रिज भएको छ । सिद्धिपुर प्रसुती गृह, उदयपुरको शुरु अवधि २०७०।१।१६ सम्म रहेको र हालसम्म रु.२,००६,५६९।- खर्च भएकोमा यो वर्ष सम्म म्याद थप नगरेको र कार्य सम्पन्न समेत नभएको, सावा कटरे स्वास्थ्य चौकिका निर्माण व्यवसायीको म्याद २०७०।८।१९ देखि २०७२।८।३० सम्मको म्याद थप यस वर्ष मात्र गरेको, काम सम्पन्न नभएको देखाई पुन १५ दिनको पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गरेकोमा समेत कार्य सम्पन्न भएको पाइएन ।

उपरोक्तानुसारको अवस्थाबाट स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार निर्माण कार्य तोकिएको अवधिभित्र पुरा नगरेको कारण भवन निर्माण पश्चात् प्राप्त हुने सेवा सुविधा र उपचार कार्य प्रभावकारी हुन नसकी सेवा प्रवाहमा असर परेकोले ढिलो कार्य गर्दै म्याद बढाउँदै लैजाने कार्यमा नियन्त्रण गरी बाँकी काम पुरा गराउनु पर्दछ । यस आर्थिक वर्षमा निर्माण व्यवसायीलाई पत्राचार गरी म्याद थप गरेको र बाँकी काम पुरा गरी प्रतिकृया कार्यालयले दिएको छ ।

४. **अधुरो कार्य** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा सम्झौतामा तोकिएको म्याद भित्र कार्य पुरा नभएमा म्याद पुरा हुनु ७ दिन अगावै म्याद थप माग गर्नुपर्ने र छानविन

गरी व्यहोरा मुनासिव भए तोकिएका अधिकारीले म्याद थप गरिदिने व्यवस्था छ। नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीन दिन भित्र निर्माण व्यवसायीले "एज विल्ट नक्सा पेश गर्नुपर्ने र नियम १२४ मा काम सम्पन्न भएपछि कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कटारी अस्पतालको भवन निर्माण कार्य गर्ने एक निर्माण व्यवसायीसँग २०६६।३।२१ मा खरिद सम्झौता भई २०६८।३।१५ सम्म अवधि रहेकोमा पटक पटक म्याद थप गरी अन्तिम पटक २०७०।३।१ देखि २०७०।८।३० सम्म पूर्वनिर्धारीत क्षतिपूर्ति लिने गरी म्याद थप दिएको पाइयो । यो वर्ष सम्म उक्त काममा रु.४,५९,४३,६२२।- भुक्तानी भई सकेकोमा हालसम्म निर्माण व्यसायीको कार्य सम्पन्न गराई कार्य स्वीकार प्रतिवेदन तयार गरेको पाइएन । निर्माण व्यवसायीको म्याद थप नगरेको र अस्पताल भवन हस्तान्तरण नभएको सम्बन्धमा औंल्याउदा निर्माण व्यवसायीले काम सम्पन्न भएको जानकारी नदिएको प्रतिकृया दिएको छ । हाल स्थानीय उपभोक्ता हरुलाई निर्माण व्यवसायीले हस्तान्तरण नगरेको अस्पतालको सेवा सोही भवनबाट संचालन गरिरहेको जानकारी दिएको छ । खरिद नियमावलीको व्यवस्था अनुसारका कार्यहरु पुरा गराई ठेक्काको फरफारक गराउनु पर्दछ ।

५. **गाडी भाडा** : सार्वजनिक लेखा समितिको २०६९।१।८ को निर्णयानुसार निर्माण कार्यको विल अफ क्वान्टीटीमा सवारी भाडा समावेश नगर्न निर्देशन भै सबै मन्त्रालयहरुमा परिपत्र गर्ने गरी निर्णय भएको छ। कार्यालय अन्तर्गत खोटाङ जिल्लामा निमार्ण कार्य गर्न २०७२।६।२५ मा खरिद सम्झौता भएको सिमपानी स्वास्थ्य चौकी भवनको निर्माण व्यवसायी सँग भएको खरिद सम्झौताको आइटममा रु.४,०१,९९४।- २ महिनाको गाडी भाडा समेत समावेश गरी सम्झौता गरेको छ । गाडी भाडा सम्बन्धी व्यहोरा लेखापरीक्षणबाट औंल्याउदा कार्यालयमा गाडी नभएर वाध्य भई फिल्ड जानुपर्दा आइटम राखिएको भएतापनि हाल कार्यालयमा गाडी भएकोले उक्त आइटमको कार्य नगराउने प्रतिकृया कार्यालयले दिएको छ ।

६. **वैंक जमानत** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) मा निर्माण व्यवसायीलाई सम्झौतामा पेश्की दिने व्यवस्था भएमा सम्झौता बमोजिमको काम नगरेमा वा सार्वजनिक निकायले अनुरोध गरेपछि तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी वाणिज्य वैंकबाट जारी भएको वैंक जमानत लिई पेश्की दिनुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष जनस्वास्थ्य कार्यालय खोटाङको भवन निर्मार्ण गर्न नियुक्त निर्माण व्यवसायीलाई २०७३।१।३० मा खरिद सम्झौता गरी कार्यादेश भएको ठेक्कामा २०७२।३।९ मा जारी वैंक ग्यारेन्टी लिई निर्माण व्यवसायीलाई रु.३८,००,०००।- पेश्की दिएको छ। पेश्की लिने प्रयोजनमा पेश भएको वैंक ग्यारेन्टी शर्त सहितको रहेको पाइयो । कार्यालयले खरिद सम्झौता र विडिङ डकुमेन्टबाट समावेश ढाँचामा पेश्की वैंक जमानत नलिई पेश्की भुक्तानी दिएकोले उक्त वैंक ग्यारेन्टीबाट पेश्की दिने कार्य नियमित मान्न सकिएन । नियमानुसारको शर्त रहित वैंक ग्यारेन्टीको प्रमाण पेश हुनुपर्दछ ।

७. **बैंक जमानत र म्याद थप** : सार्वजनिक खरिद नियमावली, २०६४ को ११० मा कार्य सम्पादन जमानतको अवधि निर्माण कार्यको त्रुटि सच्याउने अवधि भन्दा कम्तीमा एक महिना बढीको हुनुपर्ने व्यवस्था छ । नियम ११८ ले सम्झौता बमोजिमको काममा थप घट भएमा तोकिएको प्रतिशत सम्मको काम तोकिएमा पदाधिकारीले भेरिएसन स्वीकृत गरी गराउनु पर्ने व्यवस्था छ । खोटाङ जिल्लामा निर्माण गरिएको पाथेका स्वास्थ्य चौकीको भवन निर्माण सम्बन्धी कार्य गर्न २०६८।६९ मा ठेक्का बन्दोवस्त भई कार्य प्रारम्भ गरिएकोमा २०७३।३।६ मा अन्तिम विल वापत रु.२१,४८,२५२।– भुक्तानी गरेको पाइयो । प्राप्त विवरण अनुसार उक्त स्वास्थ्य चौकी भवनबाट सेवा संचालन गुर्नपरेको देखाई २०७२।३।१२ मा निर्माण व्यवसायीबाट स्वास्थ्य चौकी भवन उक्त स्वास्थ्य संस्थाका प्रमुखलाई बुझाएको, शुरु खरिद सम्झौता मूल्य रु.१,४२,९९,०००।- रहेकोमा २०७३।३।२० मा महानिर्देशकबाट ७.२५ प्रतिशत भेरिएसन गरी दोश्रो पटक रु.१,३२,६२,३४२।-

मात्रको काम गराएको छ । निर्माण व्यवसायीले थप भएको म्यादमा कार्य सम्पन्न नगरेकोमा २०७२।३।२५ को निर्णयबाट २०७१।३।१९ देखि २०७२।३।८ सम्मको म्याद थप भएको छ ।

निर्माण व्यवसायीले पेश गरेको कार्यसम्पादन जमानतको म्याद १६-०८-२०१६ सम्म मात्र रहेको पाइयो । उपरोक्तानुसारका अवस्थाबाट भवन निर्मण कार्यको भेरिएसन स्वीकृति नगराई भवन हस्तान्तरण गरेको तथा भवन निर्माणको कार्य स्वीकार प्रतिवेदन तयार गरेको अवधि पछि त्रुटि सच्याउने अवधि शुरु हुनेमा कार्य सम्पादनको जमानतको अवधि समाप्त भएको देखिएको र कार्य सम्पादन नभए पनि भवन हस्तान्तरण गराएको, निर्माण व्यवसायीको काम गर्ने अवधि पुरा भएपछि म्याद थप नगरी अन्तिम विल भुक्तानी गर्नाले सार्वजनिक खरिद नियमावलीका उल्लिखित ३ वटै व्यवस्थाको पालना हुन नसकेको, यो कार्यको निमार्ण कार्यको कार्य स्वीकार प्रतिवेदन पछि त्रुटि सच्याउने अवधि सम्मको वैंक जमानत लिएको नपाइएकोले, नियमको व्यवस्था र प्रकृया पालना नगर्ने कार्यमा नियन्त्रण गरी कार्यसम्पादन जमानतको अवधि थप गरेको प्रमाण पेश हुनुपर्दछ ।

८. **वीमा र पेश्की जमानत** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ ले दश लाख रुपैया भन्दा बढीको खरिद सम्झौताको निर्माण स्थल सुम्पिएको मिति देखि त्रुटि सच्याउने अवधिसम्मको वीमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले २०७२।९।२ मा ठेक्का वन्दोवस्त गरी २०७४।९।२ सम्म कार्य अवधि भएको याम्खा स्वास्थ्य चौकी भवन निर्माण कार्य गर्ने निर्माण व्यवसायीले पेश गरेको वीमाको अवधि २०७३।९ र पेश्की रु.४८,००,०००।- लिदा पेश गरेको वैंक जमानतको अवधि २०७३।४।१२ सम्म मात्र रहेको पेश्की रु.९५,००,००,०००।– मात्र कट्टी भएकोमा दुवै कार्यको लागि पेश गरिएका प्रमाणहरु खरिद नियमावलीको व्यवस्था बमोजिम नभएकोले उक्त कार्यमा सुधार गरी म्याद पुरा भएमा प्रमाणहरु लिनुपर्दछ ।

९. **बढी भुक्तानी** : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ बमोजिम करमा दर्ता भएको विक्रेताले क्रेतालाई कारोवार मूल्यमा लाग्ने मूल्य अभिवृद्धि कर थप गरी विजक जारी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष याम्खा स्वास्थ्य चौकी निर्माण कार्य गर्न खरिद सम्झौता गरेका एक निर्माण व्यवसायीलाई रनिङ विलको भुक्तानी गर्दा कूल विल रकम रु.४६,१६,१८४।- लाई रकमनपुग भएको कारण देखाई २०७३।३।१२ र २०७३।३।२७. बाट भुक्तानी गरेकोमा निर्माण व्यवसायीले जारी गरेको कर विजक नं.७ मा कारोवार मूल्य भन्दा मूल्य अभिवृद्धि कर रकम रु.२९,५८६।- बढी दावी गरी संकलन गरेकोले उक्त रकम असुल हुनुपर्दछ। यकिन गरी राजस्व खातामा दाखिला गरिने प्रतिकृया कार्यालयले दिएको छ ।

१०. **भेरिएशन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिमको कार्य शुरु गरिसकेपछि कामको परिमाण थपघट भएमा तोकिएको प्रतिशत सम्मको कामको लागि तोकिएमा पदाधिकारीले भेरिएसन स्वीकृत गरी गराउनुपर्ने व्यवस्था छ । कार्यालयले एक निर्माण व्यवसायीसँग भएको सम्झौताको आइटम वाइज कार्य परिमाण प्रथम रनिङ विलमा सम्झौता परिमाण भन्दा बढी गराई भुक्तानी गरेको तथा अर्को एक निर्माण व्यवसायीको थप कार्यको स्वीकृति नगराई रु.५,२४,१३८।– भुक्तानी गरेको कार्य नियमित मान्न सकिएन । नियममा भएका व्यवस्थाको पालना गरेर मात्र कार्य गर्नुपर्दछ ।

११. **बढी भुक्तानी र असुली** : सार्वजनिक खरिद नियमावलीको नियम १२३(१) मा रनिङ विलको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी उल्लेख भएको वास्तविक कामको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत निर्माणाधीन हर्देनी स्वास्थ्य चौकीका निर्माण व्यवसायीलाई गतवर्ष सम्म प्रथम र दोश्रो रनिङ विल साविक कार्यालय सप्तरीबाट भुक्तानी भएको छ। यो वर्ष कार्यालय उदयपुरमा स्थापना भई कार्य चालु गरेको र तेश्रो रनिङ विल वापत खुद कार्य परिमाणबाट अघिल्लो विलको रकम घटाई रु.११,१०,५७६।– भुक्तानी गरेको छ । २०७३।३।२७ मा निर्माण व्यवसायीको चौथो

रनिङ विल भुक्तानी गर्दा खुद कार्य रु.५४,२४,९२८।– वरावरको कार्यको रनिङ विल पेश भएकोमा तेस्रो रनिङ विल सम्मको भुक्तानी रु.४६,९६,५२३।– घटाई बाँकी रु.७,२८,४०४। भुक्तानी गर्नुपर्नेमा दोश्रो रनिङ विल सम्मको रु.३५,८५,९४६।– मात्र घटाई रु.१८,३८,९८२।– भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.११,१०,५७६।– आन्तरिक लेखापरीक्षणबाट औंल्याइएकोमा २०७३।१०।११ मा निर्माण व्यवसायीबाट कट्टा गरी वेरुजू खातामा दाखिला गराएको छ । आन्तरिक लेखापरीक्षणबाट २०७३।५।१४ मै प्रतिवेदन दिई बढी रकम भुक्तानी गरेको सम्बन्धी व्यहोरा प्राप्त भएपछि रकम असुल नगरेको सम्बन्धमा औंल्याउँदा भुलवस बढी भुक्तानी भएको रकम निर्माण व्यवसायीको पछिल्लो विलबाट कट्टा गरिएको जानकारी दिएको छ । रनिङ विल वा विजकको भुक्तानी गर्नु अगावै भुक्तानी दिने पदाधिकारीले वास्तविक रकमको जाँचवुझ गरेर मात्र भुक्तानी दिनु पर्ने मा सो बमोजिम नभएकोले यस्तो कार्यमा नियन्त्रण गरी जिम्मेवार बनाउनु पर्दछ ।

१२. **जनता आवास कार्यक्रम** : आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम स्वीकृत वार्षिक कार्यक्रम र अख्तियारी प्राप्त भएपछि सम्बन्धीत कार्यालयले कामहरुको लागत अनुमान स्वीकृति र ठेक्का वन्दोवस्तको कार्य प्रथम चौमासिकमा पुरा गराई सक्नु पर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत यस कार्यक्रमबाट गत वर्षमा स्वीकृत भई क्रमागत योजनामा रहेका ७० वटा घर र यो वर्षको १३० समेतको लागि कार्यक्रम स्वीकृत भएकोमा क्रमागत तर्फका घरहरुमा सौचालय निर्माणको रकम भुक्तानी नगरेको र नयाँ घर निर्माण तर्फ १३० घरधनीसँग आषाढ महिनामा मात्र सम्झौता गरी घर निर्माण कार्य मात्र शुरु भएको र पहिलो किस्ता वापतको रकम वैंक खातामा पठाएको छ । स्वीकृत कार्यक्रम अनुसारका कार्यहरु तोकिएको चौमासिक मै गर्नुपर्दछ ।

१३. **निर्माण सम्पन्न** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९७(१४) मा उपभोक्ता समितिबाट भएको कामको जाँचपास र फरफारक गराउनुपर्ने व्यवस्था छ । वेल्टार-बसाह नगरपालिका ७ र ८ मा सडक स्तरोनन्ति कार्य गर्न उपभोक्ता समिति मार्फत सम्झौता गरी कार्य गराएको रु.१९,०३,४४२।- भुक्तानी गरेकोमा उक्त कार्यको निर्माण सम्पन्न प्रतिवेदन तयार गरी स्वीकृत गराएको पाइएन ।

१४. **नियमको पालना** : सार्वजनिक खरिद नियमावलीको नियम ९७ मा रु.६० लाख सम्मको लागत अनुमान भएको कार्य उपभोक्ता समितिबाट गराउन सकिने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष वाँसवारी त्रियुगा खोलामा रिटेनिङ वाल निर्माणको कार्य गराउन रु.७२,११,५६९।- को लागत अनुमान तयार गरेकोमा सो काममा उपभोक्ता समितिको योगदान रु.१४,४२,३१३।- रहने देखाई रु.५७,६९,२५५।- को लागत अनुमान कायम गरी उक्त काम उपभोक्ता समितिबाट गराएको छ । काम सम्पन्न गरी तयार गरेको विलमा खुद कार्य रु.६७,८७,९३१।- भएको र सो मध्ये उपभोक्ताको अशं रु.१३,५७,५८६।- कट्टा गरी बाँकी रकम उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । नियमको व्यवस्था बमोजिम रु.६० लाख भन्दा बढीको काम गराई भुक्तानी गरेको लेखापरीक्षणबाट औंल्याउंदा उपभोक्ता समितिको अंश कटाउँदा रु.६० लाख भन्दा तल रहेको प्रतिकृया दिएको छ । नियममा सबै आइटमहरुको लागत रु.६० लाख भित्रै रहनुपर्ने व्यवस्था भएतापनि सोको पालना नगरी कार्य गराउनु उपयुक्तदेखिएन ।

१५. **वीमाको भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौता बमोजिम गरिएको वीमाको अवधि निर्माण व्यवसायीलाई साइट उपलब्ध गराएको मिति देखि हस्तान्तरण पत्र जारी गरिने मिति सम्मको हुनुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष खोटाङ जिल्लाको मातिम स्वास्थ्य चौकी भवन निर्माण कार्य गर्ने निर्माण व्यवसायीको कार्य अवधि २०७२।७।२० देखि २०७४।७।१९ सम्म रहेकोमा पेश भएको वीमाको पोलिसीको म्याद ९ महिना रहेको र त्रुटि सच्याउने व्यवस्थाको छुट्टै प्रिमियम भुक्तानी गरेमा हुने सहितको छुट्टै प्रोभिजन राखी पेश गरेको वीमा भुक्तानीको पोलिसीबाट रु.१,१२,६३२।– भुक्तानी गरेको पाइएकोले त्रुटिपूर्ण वीमा

कागजातबाट गरिएको भुक्तानी सम्बन्धमा यकिन गरी सम्झौताको शर्त र खरिद नियमावलीको व्यवस्था बमोजिमको वीमा गराई प्रमाण पेश हुनुपर्दछ । (उक्त पोलीसी नियमित गराई पेश गरिने प्रक्रिया कार्यालयले दिएको छ ।)

१६. **थप भुक्तानी** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट गराइएको काममा दिएको प्रत्येक किस्ता भुक्तानीको खर्च सार्वजनिक गरी वैठकबाट समेत अनुमोदन गराएर पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष त्रियुगा नगरपालिका वडा नं. ११ मा निर्माण हुने मजदुर संघ भवन निर्माण गर्न रु.११,९०,५३५।- को लागत अनुमान स्वीकृत गरी कार्यालयबाट रु.१०,००,०००।- व्यहोर्ने उपभोक्ता समितिसँग सम्झौता गरी कार्य सम्पन्न समेत गरेको उल्लेख गरी त्रियुगा नगरपालिका वडा नं. ११ बाट सिफारिश प्राप्त भएतापनि भुक्तानी नगरेको पाइयो । तर त्रियुगा नगरपालिकावडा नं. १५ मा निर्माण गरिएको दनुवार समाज सामुदायिक भवन निर्माण गर्न रु.१,१९,१९७- को लागत अनुमान स्वीकृत गरी रु.१,००,०००।- कार्यालयले व्यर्होने सम्झौता गरी उक्त रकम भुक्तानी गरेको छ । उक्त भवन जिल्ला विकास समितिको निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रमवाट समेत रु.१० लाख निकासा गरी कार्य सम्पन्न भएको आधारमा भुक्तानी भएकोमा सोही भवनको लागि २०७३।३।९ मा सम्झौता गरी २०७३।३।२५ मा भुक्तानी गरेको सम्बन्धमा दुवै निकायबाट एकै कार्यमा रकम निकासा भए नभएको छानविन गरी रकम दोहोरा परेमा असुल गर्नुपर्दछ ।

१७. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा अनुसूची- १ को ढाँचामा गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमानमा वर्क चार्ज स्टाफमा २.५ प्रतिशत र अन्य साना तिना खर्चमा २.५ प्रतिशत गरी ५ प्रतिशत सम्म कन्टिन्जेन्सी थप गर्ने व्यवस्था छ । विभिन्न ठेक्कापट्टाहरुको लागत अनुमानमा रहेको सोही कन्टिन्जेन्सी रकमबाट खर्च हुने गरेको आधारमा यो वर्ष कन्टिन्जेन्सी वापत रु.१६,२३,२६१।- खर्च गरेको पाइयो । कन्टिन्जेन्सीबाट खर्च गरिएका शीर्षकहरुमा चालु खर्च तर्फबाट समेत रकम व्यवस्था भएको र उक्त शीर्षक सहितको खर्च र कन्टिन्जेन्सी दुवै तर्फबाट रकम खर्च हुने गरेको छ ।

उपरोक्तानुसारको विवरणबाट कन्टिन्जेन्सी खर्च कार्यको लागत अनुमानमा समावेश गरिए बमोजिम प्रत्यक्ष निर्माण कार्यतर्फमात्र खर्च भएको यकिन हुने आधार देखिएन । यस वर्षको कन्टिन्जेन्सी खर्चमा वर्कचार्ज स्टाफ (प्रशासनिक) तर्फ बढी खर्च गराएको सम्बन्धमा लेखापरीक्षणबाट औंल्याउदा कार्यालयको स्थापना २ डिभिजनहरुबाट छुट्याई (ओखलढुङ्गा र सप्तरी) २०७२ कार्तिक पछि स्थापना गरिएकोले कागजात तथा अन्य मालसामान ढुवानी गराउन र कर्मचारीलाई पटक पटक काजमा पठाउनुपर्ने भएकोले बढी खर्च भएतापनि यसमा नियन्त्रण गरिएको प्रतिक्रिया दिएको छ । यस्तो खर्च गर्दा विभागीय नीति र स्वीकृत लागत अनुमानभित्र रहेरमात्र आवश्यक कार्यमा खर्च गर्नुपर्दछ ।

१८. **उपभोक्ता समितिको कार्य** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ ले उपभोक्ता समितिबाट कार्य गराउँदा पालना गर्नुपर्ने व्यवस्थाहरु तोकिएको छ । कार्यालयले विभिन्न निर्माण सम्बन्धी कार्यहरु समेत उपभोक्ता समिति मार्फतगराई भुक्तानी गर्ने गरेको छ । उपभोक्ता समितिबाट गराएको कामको भुक्तानी गर्नु पूर्व समितिहरुले पाएको कामको परिमाण र उक्त कार्य गर्न चाहिने मालसामान र निर्माण सामाग्रीहरुको खरिद तथा मूल्य र परिमाणको यथार्थता समेत विचार गरी वास्तविक कामको लागि आवश्यक सामग्री खरिद भए नभएको, ज्यामी ज्यालाको तेरिज मष्टरोल सम्झौता अवधि र कार्य अवधि भित्रको रहे नरहेको, तोकिएको म्याद भित्र कार्य गरे नगरेको समेत परीक्षण गरी कामको लागि खरिद सामग्री र ती सामाग्रीको खपतमा देखाएको आधार स्वीकृत लागत अनुमानको दररेट विश्लेषणमा फरक परे नपरेको कामको गुणस्तर कायम

हुने गरी कार्य गरेको र भए गरेका कार्यहरु सम्बन्धीत समितिको बैठक वा भेलाबाट अनुमोदन गराई सार्वजनिक गरे, नगरेको र उपभोक्ताले पाएको काममा मेशिन प्रयोग गरे नगरेको, समेतका कुराहरुमा यकिन गरेर मात्र भुक्तानी गर्नुपर्नेमा कतिपय समितिसँग भएको वा काममा तोकिए बमोजिमका व्यवस्थाको पालना भएतापनि अधिकांशमा माथि उल्लिखितव्यवस्था तर्फ ध्यान दिई कार्य गराएको नपाइएकोले नियममा भएका व्यवस्थाहरुको पूर्ण पालना गरेर मात्र कार्य गराउनु पर्दछ ।

१९. **भाडा भुक्तानी आधार** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ताले पाएको काममा हेभी मेशिनरी प्रयोग गर्न नहुने व्यवस्था छ । एकीकृत वस्ती विकास कार्यक्रमबाट दिक्तेल–छुम्ती–रतन्छा सडक निर्माण कार्य उपभोक्ता समिति मार्फत गराएकोमा उपभोक्ताले मेशिन भाडामा लिई कार्य गराएको विल भर्पाइ समेतका आधारमा रकम भुक्तानी गरेको छ । उपभोक्ता समितिलाई रु.२७,३४०५५।- मध्ये रु.१५,००,०००।- भुक्तानी गरेकोमा उक्त रकम एक निर्माण सेवालाई एक्साभेटर मेशिनको भाडा रहेको छ । उपभोक्ताले पाएको काममा मेशिन प्रयोग गरेको र उक्त रकम भुक्तानी गर्दा वहाल कर कट्टी गरेको समेत नदेखिएकोले यस्तो कार्यमा नियन्त्रण गरी नियमको व्यवस्था वमोजिम कार्य गराउनु पर्दछ ।

२०. **पेश्की** : आर्थिक वर्षको अन्तसम्म ११ निर्माण व्यवसायीहरुलाई दिइएको मोविलाइजेशन पेश्की रु.२,६८,२९,२२८।– असुल फछ्र्यौट नभएकोले खरिद सम्झौताको शर्त र सार्वजनिक खरिद नियमावलीको व्यवस्था बमोजिम असुल फछ्र्यौट हुनुपर्दछ ।

## सिंचाई विकास डिभिजन

१. **चौमासिक खर्च अवस्था** : आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम कार्यालयलाई प्राप्त पूँजीगत बजेट तथा कार्यक्रमहरुमा खर्च गर्दा तोकिएको चौमासिक अवधिमा छुट्याएका कृयाकलाप अन्तर्गतका कार्यहरुमा खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कूलखर्च रु.३,६५,७०,२९०।– मध्ये तेस्रो चौमासिक अवधिमा ८२.७३ प्रतिशत खर्च गरेको र सो खर्च मध्ये ६७.७१ प्रतिशत खर्च आषाढमा मात्र गरेको पाइयो । कार्यालयलाई २०७२।४।१५ मा खर्चको अख्तियारी सहित मर्मत संभार तर्फको कार्यक्रम संचालन गर्न ६ योजनाहरुमा शुरु विनियोजन रु.२३,५०,०००।- भएकोमा २०७३।३।१४ मा उक्त कार्यक्रमको अख्तियारी शंसोधन गरी थप ८ वटा योजनाहरुमा कार्य गर्न रु.३३,००,०००।- (शुरुको तुलनामा १४०.४२ प्रतिशत थप) को अख्तियारी र कार्यक्रम स्वीकृत गरेको छ । तोकिएको अवधि र चौमासिक अनुसार कार्यक्रमको शंसोधन समेत नगराई अधिल्लो चौमासिकका कार्यक्रम समेत पछिल्लो चौमासिकमा पारेर खर्च गर्ने गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ । शंसोधित कार्यक्रम ढिलो प्राप्त भएको कारण अन्तिम चौमासिकमा कार्य गराएको प्रतिकृया कार्यालयले दिएको छ ।

२. **उपभोक्ता समितिको कार्य मूल्याङ्कन** : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ ले उपभोक्ता समिति मार्फत कार्य गराउनु परेको अवस्थामा उपभोक्ता समिति जिल्ला जलश्रोत समितिमा दर्ता भई तथा नियम ९७ मा भएका अन्य व्यवस्था समेतको आधारमा हुनुपर्ने व्यहोराको प्रतिवेदन आन्तरिक लेखापरीक्षण समेतबाट औंल्याइएको छ । यस सम्बन्धमा परीक्षण गर्दा २ वटा आयोजना वाहेक सबै कार्य उपभोक्ता समिति सँग सम्झौता गरी लागत अनुमान दरवाट गराएकोमा उपभोक्ताले व्यहोर्नुपर्ने अंश वापतको मूल्याङ्कन गर्दा ओभरहेड समेतको दरबाट गरी बढी लागत परेको छ । स्वीकृत प्रकृया भन्दा फरक गरी कार्य गर्ने व्यवस्थामा नियन्त्रण हुनुपर्दछ ।

३. **कन्टिन्जेन्सी खर्च** : सार्वजनिक खरिद नियमावलीको नियम १० मा लागत अनुमान तयारी गर्दा अनुसूची-३ को ढाँचा अनुसार हुने व्यवस्था छ । अनुसूची-३ मा निर्माण कार्यको लागत अनुमानमा ५ प्रतिशत थप गरी कन्टिन्जेन्सी वापत रकम समावेश गर्न सकिने व्यवस्था छ । कार्यलयले यो वर्ष कन्टिन्जेन्सी खर्च वापत विभिन्न शीर्षकहरुमा रु.४,२५,३८०।– खर्च गरेको पाइयो ।

कन्टिन्जेन्सी रकम योजनाहरुको निर्माण सम्बन्धी कामको प्रत्यक्ष लागतमा रहेको भएतापनि कार्यालयको अन्य कार्यमा समेत खर्च गर्ने गरेको पाइयो । लागत अनुमानमा समावेश भएको रकम कन्टिन्जेन्सी खर्चमा समावेश गरी कार्यालय संचालन खर्चमा समेत सार्वजनिक निर्माण तर्फको रकमबाट सोझै खर्च गर्ने गरेको छ । कार्यालयको दैनिक सञ्चालनका लागि हुने मालसामान, अनुगमन र भ्रमण खर्च समेतका रकमहरु निर्माण सम्बन्धी कामको प्रत्यक्ष आधारबाट हुने खर्चमा हुने गरेको र यो वर्ष दैनिक भ्रमण भत्ता खर्च समेतको रकममा कन्टिन्जेन्सी खर्चको ५८.१६ प्रतिशत खर्च गरेको छ । अन्य शीर्षक तर्फको रु.१,५८,०००।- समेत कन्टेन्जेन्सीवाट खर्च भए पनि यस वर्षको उक्त खर्च स्वीकृत लागत अनुमान भित्र र योजनाको प्रत्यक्ष खर्चमा मात्र भएको मान्न सकिएन । सार्वजनिक निर्माण कार्यको रकमवाट खर्च गर्दा चालु खर्च शीर्षक तर्फका कार्यमा समेत वढी दरवाट खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४. **उपभोक्ता समितिको काम** : सार्वजनिक खरिद नियमावलीको नियम ९७ मा उपभोक्ता समितिलाई काम दिदा मूल्य अभिवृद्धि कर र ओभरहेड वाहेकको रकममा दिनुपर्ने व्यवस्था छ । कार्यालयले भालु खोला सिंचाई योजनामा उपभोक्ता समितिबाट पाइप प्रणाली मार्फत कार्म गराउने गरी यो वर्ष रु.१३,००,०००।- को लागत अनुमान तयार गर्दा मूल्य अभिवृद्धि कर थप समेतको दरवाट लागत अनुमान तयार गरी सोही लागत अनुमान मा रहेको उपभोक्ताको श्रमदान रु.८८,५२९।– कट्टी गरी रु.१२,५२,८२७।– भुक्तानी गरेको छ । यस वर्ष योजनाको ट्रान्समिसन पाइप लाइनको कार्य गर्न विभिन्न साइजका ९६२ मी. पाइपको रु.५,११,०६१।- खरिद कार्य समेत गराई भुक्तानी गरेको छ ।

स्वीकृत लागत अनुमानमा पाइप लेइङ र ज्वाईन्टिङ समेतको काममा रु.३,७६,१०२।– समेत समावेश भएको छ । कामको लागत अनुमानमा ३००० मीटर पाइपको खन्ने पुर्ने र जोड्ने कार्य हुने गरी व्यवस्था गरेकोमा टूल्सको लागि छुट्टै रु.५४,७१३।- समेत उपभोक्तालाई भुक्तानी दिएको छ । यो वर्ष ९६२ मिटर पाईपको खरिद कार्य भएकोमा जडान कार्य ३००० मी को दिने गरी सम्झौता गरी उपभोक्तालाई विल भुक्तानी गरेको सम्बन्धमा थप यकिन गरी बढी परिमाणको जडान खर्च समावेश भएको देखिएमा रकम असुल गर्नुपर्दछ ।

योजनामा यो वर्षको कार्यक्रमबाट खरिद गरिएका पाइपको जडान वापतको रु.३७६१०२।- तथा पाइप खरिदको रु.५,७६,०११।- समेत रु.९,५२,११३।- भुक्तानी भएकोमा खरिद गरिएका पाइपहरु योजनामा जडान गरी कार्य सम्पन्न नभएकोले पाईपहरु जडान गराउनु पर्दछ । इष्टिमेट बमोजिमको खरिद गरी लेइङ ज्वाइन्टिङ्ग गराएको प्रतिकृया कार्यालयले दिएको छ ।

५. **मेशिन कार्यको भुक्तानी** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई दिइने काममा हेभी मेशिनरी प्रयोग गर्न नपाइने व्यवस्था छ । अपरकाली सिंचाई योजनाको स्वीकृत लागत अनुमानमा उपभोक्ता समितिले गर्नुपर्ने कामको वाँडफाँडमा श्रमदान वापतको काम रु.१०,६७,६७०। र भुक्तानी तर्फको काम रु.३२,२५,८८२। रहेको छ । यो वर्ष उपभोक्ता समितिको भुक्तानी तर्फको कार्यको लागि सम्झौता गर्दा कायम दररेटमा ४८५०.९१ घ.मी. मुख्य नहर भित्रको माटो खन्ने कामको दर मेशिनद्धारा गर्ने गरी प्रति घ.मी. रु.७०।- का दरले खन्ने पुर्ने कामको आधारबाट स्वीकृत गरेको छ । यो वर्ष सो कार्य ४८५९ घ.मी. पुरा गरेको काम नापजाँच गरी रु.३,४५,७१३।- भुक्तानी गरेकोमा उपभोक्ता समितिले मेशिन भाडामा लिएको सम्झौता वा मेशिन प्रयोग गरेको लगशिट समावेश गरेको पाइएन ।

६. **पुनः टेण्डर** : समुदाय व्यवस्थित सिंचित कृषि आयोजना अन्तर्गतका सिंचाई योजनाहरुको लागत अनुमान तथा वोलपत्र लगायतका कार्यहरु स्वीकृत गराउनु पूर्व ए.डि.वि. को स्वीकृति लिनुपर्ने व्यवस्था रहेको छ । कार्यालय अन्तर्गतका तावा वलीया र अपरकाली सिंचाई योजनाहरुको निर्माण कार्य गर्न २०७१/७२ मा कार्यक्रम स्वीकृत गरी २०७१/८/१९ बाट प्रकृया प्रारम्भ भएको र दुवै

योजनाहरुको क्षेत्रीय कार्यालय स्तरीय प्राविधिक समितिले प्राविधिक मूल्याङ्कन गरी छनौट भएका निर्माण व्यवसायीहरुको आर्थिक प्रस्ताव खोली सहमतिको लागि एडिवि पठाएकोमा २०७१।१२।८ मा दुबै योजनाको पुन वोलपत्र गर्नुपर्ने गरी मात्र सहमति प्राप्त भएको उल्लेख गरी खरिद प्रकृया शुरु भएको ५ महिना पछि टेण्डर रद्ध गरी पुनः टेन्डर आह्वान भएको छ । पुनः टेण्डर प्रकृयाबाट समेत दुबै योजनामा पहिलेकै निर्माण व्यवसायी छनौट भई यो वर्ष योजनाको कामको ठेक्का बन्दोवस्त गरी कार्य गराएको छ । योजना निर्माण कार्यमा भएको दातृ निकाय सम्झौताको शर्त बमोजिम प्रकृया पुरा गर्नु पर्ने व्यवस्थाको कारण आर्थिक प्रस्ताव समेत खोली सहमति माग गर्दा सहमति प्राप्त नभएको कारणले एक वर्ष पछि सोही काम गराउन निम्नानुसार रु.३२,९७,६९९।- थप लागत परेको देखियो ।

| सिंचाई योजनाको नाम | शुरुको कवोल अंक | दोश्रो पटकको कवोल अंक |
|---|---|---|
| तावा वलीया | ६२८७६०२ | ६४८९७१७ |
| अपरकाली | २०३४३६६६ | २३४३९२५१ |
| | २६६३१२६८ | २९९२८९६८ |

७. **वोलपत्र जमानतको अवधि :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५३(२) मा वोलपत्रको जमानतको मान्य अवधि वोलपत्रको मान्य अवधि भन्दा एक महिना बढीको हुनुपर्ने व्यवस्था छ । नियम ५३(६) मा वोपत्रको मान्य अवधि बढाउने वोलपत्रदाताले सोही अनुसार सम्बन्धीत बैंकबाट मान्य अवधि समेत थपगरी जमानत पेश नगरेमा वोलपत्रको मान्य हुने अवधि बढाएको नमानिने व्यवस्था छ । कार्यालयले यो वर्ष पुनः टेण्डर आह्वान गरेको तावा वलिया सिंचाई योजनाका निर्माण व्यवसायीले पेश गरेको वैंक जमानतको मान्य अवधि पुरा भएकोमा जमानतको म्याद थप गरी पेश नगरेको तर निर्माण व्यवसायीले कार्यालयको धरौटी खातामा नगद रु.१,५०,०००।- जम्मा गरेको आधारमा वीड भ्यालिडिटी बढेको देखाई वोलपत्र मूल्याङ्कनमा समावेश गरेको छ । पहिलो पटकको टेण्डरबाट छनौट भएको निर्माण व्यवसायीले स्वीकृत वोलपत्र फारमको कूल कवुल अंक तोकिएको स्थानमा उल्लेख नगरेको कारण एडिविबाट सहमति प्राप्त नभएकोमा दोश्रोपटक बढी लागतको वोलपत्र स्वीकृत गरेकोमा वोलपत्रको जमानतको अवधि नबढाई नगद जम्मा गरेको आधारलाई मान्य गरी अवधि बढाएको समेत मिल्ने नदेखिएकोले यस कार्यमा पुन टेण्डरबाट लागत समेत बढेकोले सो सम्बन्धमा यकिन गर्नुपर्दछ ।

८. **भेरिएसन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता बमोजिम कार्य शुरु गरिसकेपछि कामको परिमाण थप घट भएमा तोकिएको प्रतिशत सम्म सम्झौताको काम तोकिएको पदाधिकारीले भेरिएसन जारी गरी गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गतको ज्यामिरे सिंचाई योजनामा हेडवर्क्स र इन्टेक निर्माण गर्ने उपभोक्ता समितिसँग रु.१०,४३०८१।- मा सम्झौता भई कार्यादेश भएकोमा यस वर्ष खुद रु.८०८९५८।– कार्य सम्पन्न भई शुरु सम्झौताको २२.४४ प्रतिशत घटीको कार्य मात्र भई उक्त कामको भेरिएशन १४ प्रतिशत देखिएकोमा सो समेतको अधिकार प्राप्त अधिकारीबाट भेरीएशन स्वीकृति नगराई घटी काम भै कार्य सम्पन्न गरी भुक्तानी गरेको कार्य नियमित मान्न सकिएन । नियममा तोकिएको व्यवस्था अनुरुप कार्य गराई भुक्तानी गर्नुपर्दछ ।

९. **लागत अनुमान :** सार्वजनिक खरिद नियमवली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान स्वीकृत गर्दा लिनुपर्ने आधारहरु तोकिएको छ । कार्यालयले भालुखोला सिंचाई योजनामा उपभोक्ता समितिबाट कार्य गराउन स्वीकृत गरेको लागत अनुमानमा इन्टेक तथा कलेक्सन च्याम्वर निर्माण कार्य मा फिटिङ्स कार्यको लागत अनुमान रु.३,०५,१५८।- स्वीकृत गरी उक्त कार्य सोझै उपभोक्ता समितिसँग सम्झौता गरी खर्च गराएको छ । लागत अनुमानको आइटम (ई) मा अदृष्य आइटम उल्लेख गरी रु.१०,०००।- एकमुष्ट भुक्तानीमा समावेश गरेको पाइयो । योजनामा

उपभोक्ता समितिलाई टूल्स वापत छुट्टै रु.४५,७१३।– भुक्तानी गरेकोमा छुट्टै काम नखुलाई अदृश्य आइटममा रकम राखी भुक्तानी गरेको र उक्त रकमबाट काम भएको प्रमाण समेत पेश नभएकोले वास्तविक कार्य वेगरको भुक्तानी रकम असुल हुनुपर्दछ। अनुमान नगरेको काम पर्न सक्ने भएकोले यस्तो आइटम राखेको प्रतिकृया कार्यालयले दिएको छ।

१०. **तारजालीको गुणस्तर** : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ बमोजिम मालसामानको लागत अनुमान तयार गर्दा स्वीकृत स्पेसिफिकेशन समेतको आधारमा गर्नुपर्ने व्यवस्था छ। सिंचाई मन्त्रालयले आफु मातहत कार्यालयबाट तारजाली सम्बन्धी कार्य गराउँदा मिडियम कोटेट र हेभी कोटेटको जाली प्रयोग गर्ने गरी तोकिएको छ। कार्यालयले विभिन्न उपभोक्ता मार्फत यो वर्षको तारजालीको कार्य गराउँदा कतिपय योजनामा कमर्सीयल तारबाट कार्य गराई भुक्तानी गरेको छ। यस सम्बन्धी व्यहोरा औंल्याउदा हेभी र मिडियम कोटेटको टेष्ट सर्टीफिकेट चाहिने भएकोले उपभोक्ताले ल्याव टेष्ट रिपोर्ट नल्याउने हुँदा कमर्सिलय तारबाट काम गराएको जवाफ दिएको छ। विभागीय नीति भन्दा फरक गरी कार्य गराउने काममा नियन्त्रण गरी तोकिएकै गुणस्तरको मालसामान प्रयोग गर्नुपर्दछ।

११. **धरौटी तर्फ** : कार्यालयले यो वर्ष धरौटी खाताबाट सदरस्याहा गरी रु.१७२०।- राजस्व खातामा जम्मा गरेकोमा आर्थिक विवरणमा सदस्याहा नदेखाई पेश गरेकोले आर्थिक विवरणले कारोवारको यथार्थ चित्रण गरेको पाइएन।

१२. **मोविलाइजेशन पेश्की** : सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खरिद सम्झौताको शर्त अनुसार दिएको मोविलाइजेशन पेश्की सम्झौतामा उल्लिखितदरबाट कट्टा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निर्माण व्यवसायीहरुको विल रकमको भुक्तानी गर्दा मोविलाइजेशन पेश्की रकम तोकिएको शर्त र दरमा कट्टा नगरी घटी रकम मात्र कट्टा गरी भुक्तानी दिने गरेको पाइयो। सम्झौताको शर्तमा २० प्रतिशत कामको विल तयार भएमा २५ प्रतिशत पेश्की कट्टी गरी भुक्तानी गर्नुपर्ने शर्त रहेको योजनाहरुको विल रकम भुक्तानी गर्दा सो अनुसार नगरी घटी दरबाट मात्र पेश्की कट्टी गरेको समेत पाइएकोले सम्झौताको शर्त अनुसार पेश्की कट्टी गरेर मात्र भुक्तानी दिनुपर्दछ। आर्थिक वर्षको अन्तसम्म १ निर्माण व्यवसायीको नाममा रहेको रु.२९,७०,७००।– फछ्र्यौट नभएको पेश्की नियम अनुसार असुल फछ्र्यौट गर्नुपर्दछ।

## स्थानीय विकास कोषको सचिवालय

१. **सापटी** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च सम्बन्धी व्यवस्था छ। गरिवी निवारण कोषलाई सापटी दिएको रकम रु.२,००,०००।– आर्थिक वर्षको अन्तसम्म फिर्ता भएको नपाइएकोले उक्त रकम फिर्ता दाखिला हुनुपर्दछ।

२. **मुद्दती खाता** : कोष सचिवालय अन्तर्गत गत विगत देखि को वैंक मौज्दात रहेको रकम मध्ये रु.५० लाख कोषले कृषि विकास वैंकमा मुद्धति खातामा जम्मा गरेको र उक्त रकमबाट यो वर्ष रु.२,४०,०३७– व्याज आर्जन गरेको छ। उक्त रकम बैंक खातामा राख्ने स्वीकृति तालुक निकायबाट लिएको छैन। उक्त रकम नेपाल सरकरलाई नै फिर्ता गर्ने वा स्वीकृति लिएर मात्र कोष खडा गर्ने सो सम्बन्धी निर्णय हुनुपदछ। कोषमा कार्यरत अस्थायी कर्मचारीहरुलाई सेवाबाट अलग हुँदा रकम दिने कामको लागि राखिएको प्रतिकृया सचिवालयले दिएको छ।

३. **वैंक जम्माको आधार** : कोषले आन्तरिक र अन्तिम लेखापरीक्षणबाट वैंक फरक देखाएको कारण उल्लेख गरी रु.४८१५३०।५५ लाई यो वर्ष आम्दानी गरेको भौचर खडा गरे तापनि वैंक विवरण र जम्मा भौचर नरहेको उक्त रकम प्राप्ति यकिन हुन सकेको छैन। उक्त आम्दानीको प्रमाण पेश गर्नुपर्दछ।

४. **कार्यसम्पन्न अभिलेख** : गरिवसँग विश्वेश्वर कार्यक्रम तर्फको स्वीकृत वार्षिक कार्यक्रमबाट सोरुङ छविसे गाउँ विकास समिति मा फलफुलका विरुवा लगाउने गाउँ विकास समिति सँग सम्झौता गरी समूहलाई रकम भुक्तानी दिन र विल भर्पाइ स्थानीय विकास कोषमा पठाउने गरी वडा नं. ५ मा रु.८०,०००।- र वडा नं. ३ मा रु.७०,०००।- पठाएकोमा उक्त रकम बाट तोकिएको कार्य सम्पन्न भएको तथा समूहले रकम प्राप्त गरेको प्रमाण पेश भएन ।

५. **थप सुविधा** : एक कार्यक्रम अधिकृतलाई विभिन्न मितिको मोवाइल रिचार्ज कार्ड राखी संचार महशुल वापत रु.८,१००।- भुक्तानी गरेको छ । कार्यक्रम अधिकृतलाई छुट्टै संचार सुविधा पाउने आधार नभएको र परिषद्बाट वार्षिक वजेट स्वीकृति गर्दा संचालन तर्फ संचार शीर्षकमा रकम स्वीकृति भएकोले एकै कार्यमा दोहोरो भुक्तानी गरेको रकम असुल हुनुपर्दछ ।

६. **पेश्की फछ्र्यौट** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ ले पेश्की रकम लिने व्यक्तिले तोकिएको म्याद भित्र फछ्र्यौट गर्नु पर्ने व्यवस्था छ । एक सामाजिक परिचालकले आर्थिक वर्ष २०७१।०७२ मा लिएको कार्यक्रम संचालन पेश्की रु.४,६०,०००।- कार्यक्रम संचालन गर्न वन्द, हडतालको कारण नसकेको देखाई २०७२।९।९ मा मात्र कोषमा फिर्ता गरेको पाइयो । अघिल्लो आर्थिक वर्षमा लिएको पेश्की रकम कार्यक्रम संचालन नभएमा तत्काल फिर्ता गर्नुपर्नेमा आर्थिक वर्ष शुरु भएको ६ महिना पछि मात्र रकम बुझाएकोले पेश्की लिने र तोकिएको अवधिभित्र फछ्र्यौट नगर्नेलाई नियमानुसार कारवाही गरी अनावश्यक पेश्की दिने लिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

७. **साझेदारी कार्य** : कोषको रकमबाट जिल्ला परिषदमा कार्यक्रम स्वीकृत गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । यो वर्षको पूँजीगत तर्फको कार्यक्रम संचालन गर्दा पंचावती गाउँ विकास समिति मा रहेको भ्यू टावर निर्माण कार्यमा जिल्ला विकास समिति सँग साझेदारी गर्ने गरी रु.१,५०,०००।- भुक्तानी गरेको छ । भ्यू टावर गरिवी निवारण कोषबाट कार्य शुरु भएकोमा सो कोषले रकम नदिने भएपछि जिल्ला विकास समिति र स्थानीय विकास कोषबाट लगानी गरेको पाइयो । भ्यू टावरमा लगानी गर्ने सम्बन्धी सम्झौता भएको छैन । तसर्थ उक्त लगानीको हिस्सा र आधार तय गर्नुपर्दछ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्लास्थित ४४ कार्यालयको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यलयबाट र २ कार्यालयको जिल्ला विकास समितिबाट सम्पन्न भएको छ । आन्तरिक लेखापरिक्षण प्रतिवेदन अनुसार ११ कार्यलयको बेरुजू नदेखिएको जनाएको छ । यस बर्ष आन्तरिक लेखापरीक्षणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका २६ मध्ये निम्न ११ कार्यालयको रु.५८३८८९।- बेरुजू बाँकी देखिएको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ अनुसार आन्तरिक लेखापरीक्षणबाट औल्याएको बेरुजू अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गर्नुपर्नेमा बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

| सि न | कार्यलय | शीर्षक | व्यहोरा | रकम (रु) |
|---|---|---|---|---|
| १. | उदयपुर जिल्ला अदालत | धरौटी | व्यक्तिगत धरौटी खातामा रहेको रकम र बाँकी मौज्दात फरक परेको | सैदान्तिक |
| २. | कटारी अस्पताल | ३७०२३३ | अग्रीम कर कट्टी नगरेको | १४४०० |
| ३. | करदाता सेवा कार्यालय | राजस्व | राजस्व दाखिला भौचर फरक परेकोमा अनुसूची १५ तयार गरी भिडान नगरेको | सैदान्तिक |
| ४. | घरेलु तथा साना उद्योग विकास समिति | धरौटी | आम्दानी र खर्च फरक परेकोमा भिडान नगरेको | सैदान्तिक |
| ५. | जिल्ला प्रशासन कार्यालय | ३४९१०३ | करार कर्मचारीको सेवाको अनियमित भुक्तानी गरेको | २२३३४४ |
| | | का.सं कोष | कोषको कारोवार कोष तथा लेखा नियन्त्रक कार्यालय. बाट गराउनु पर्ने | सैदान्तिक |

| | | | | |
|---|---|---|---|---|
| ६. | जिल्ला हुलाक कार्यालय | हुलाक वचत वैंक | २०६५।६६ देखि अन्तिम लेखापरीक्षण नगराएको | सैदान्तिक |
| | | | केन्द्रिय धनादेश रकम हिसाव मिलान गरी वासलातमा नदेखाएको | सैदान्तिक |
| ७. | डिभिजन सहकारी कार्यालय | चालु खर्च | लेखा प्रमुखले पेश्की लिई कार्यक्रम संचालन गरेको | सैदान्तिक |
| ८. | तथ्याङ्क कार्यालय | जिन्सी | जिन्सीको खाता अद्यावधिक गरी नराखेको | सैदान्तिक |
| ९. | मालपोत कार्यालय उदयपुर | राजस्व | कार्यालयमा राजस्व संकलनको कार्य सफ्टवेरको माध्यमबाट नगरेको | सैदान्तिक |
| | | धरौटी | धरौटीको व्यक्तिगत खाता खडा नगरेको | सैदान्तिक |
| १०. | मालपोत कार्यालय कटारी | जिन्सी | जिन्सीको खाता अद्यावधिक गरी नराखेको | सैदान्तिक |
| ११. | सगरमाथा अञ्चल आर्यूवेद औषधालय | ३७०१३३ | औषधि खरीद गर्दा विजकबाट भुक्तानी गरेको | २६६१४५ |
| | | | करार कर्मचारीको पारीश्रमिक तलव शिर्षकबाट खर्च लेखेको | ८०००० |
| | | ३७०१३४ | कार्यालयको रङ्गरोगन कार्यको तुलनात्मक चार्टमा फरक देखाएको | सैदान्तिक |
| | | | **जम्मा** | ५८३८८९ |

**(विश्वनाथ रेग्मी)**
**नायब महालेखा परीक्षक**

अनुसूची १

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अंक

**लेखापरीक्षण विधिः विस्तृत** (रु लाखमा)

| क्र.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | ले.प.अङ्क |
|---|---|---|---|---|---|---|
| १. | अस्पताल विकास समिति | ३३६ | २ | ७ | ० | ३४५ |
| २. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ७१ | ०.०७ | ०.११ | ० | ७१.१८ |
| ३. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ११६० | ०.५८ | ११ | २ | ११७३.५८ |
| ४. | गाईघाट-दिक्तेल सडक आयोजना | ८७१ | १० | ३२ | ० | ९१३ |
| ५. | जिल्ला कृषि विकास कार्यालय | ४९० | २ | २ | ४७ | ५४१ |
| ६. | जिल्ला पशु सेवा कार्यालय | ३३९ | ०.७ | २ | ३ | ३४४.७ |
| ७. | जिल्ला प्राविधिक कार्यालय | ९६ | ० | ०.६ | ०.०२ | ९६.६२ |
| ८. | जिल्ला भू-संरक्षण कार्यालय | २१ | ० | ० | ० | २१ |
| ९. | जिल्ला वन कार्यालय | ७२८ | १६३ | ६१ | १७७ | ११२९ |
| १०. | जिल्ला विकास समितिको कार्यालय | ० | ० | ० | १५८३९ | १५८३९ |
| ११. | जिल्ला स्वास्थ्य कार्यालय | ११११ | ५ | १ | ७४ | ११९१ |
| १२. | जिल्ला शिक्षा कार्यालय | ११००५ | १६५ | ० | ०.७५ | १११७० |
| १३. | धरान चतरा गाईघाट कटारी सिन्धुली हेटौंडा सडक योजना | ९ | ० | ० | ० | ९ |
| १४. | नं. १ राष्ट्रिय विकास गण, वेलसोत | १४२७ | ०.२३ | ६ | ० | १४३३.२३ |
| १५. | नापी कार्यालय, गाईघाट | १२३ | १३ | ०.६ | ० | १३६.६ |
| १६. | महिला तथा बालबालिका कार्यालय | १५३ | ० | ०.२ | १५ | १६८.२ |
| १७. | यातायात व्यवस्था सेवा कार्यालय | २१ | ४३ | ० | ० | ६४ |
| १८. | शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय | ११६१ | ७ | १६ | ० | ११८४ |
| १९. | सिंचाई विकास डिभिजन | ३७३ | १ | १५ | ० | ३८९ |
| २०. | स्थानीय विकास कोषको सचिवालय | ३९ | ० | ० | ९५ | १३४ |
| | **जम्मा** | **१९५३४** | **४१२.५८** | **१५४.५१** | **१६२५२.७७** | **३६३५३.८६** |

**लेखापरीक्षण विधिः आन्तरिक लेखा परीक्षण र केन्द्रीय आर्थिक विवरणको आधारमा** (रु लाखमा)

| क्र. स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | ले.प.अङ्क |
|---|---|---|---|---|---|---|
| १. | उदयपुर जिल्ला अदालत | २०१ | ५३ | ६२ | ० | ३१६ |
| २. | जिल्ला निर्वाचन कार्यालय | ४३ | २ | ०.०४ | ० | ४५.०४ |
| ३. | जिल्ला सरकारी वकिल | ३९ | ० | ०.११ | ० | ३९.११ |
| ४. | ईलाका प्रहरी कार्यालय, कटारी | ३८० | ० | ० | ० | ३८० |
| ५. | ईलाका प्रहरी कार्यालय, रामपुर | १४९ | ० | ० | ० | १४९ |
| ६. | ईलाका प्रहरी कार्यालय, वेल्टार | १३९ | ० | ० | ० | १३९ |
| ७. | ईलाका प्रशासन कार्यालय कटारी | ३७ | ० | ० | ० | ३७ |
| ८. | कटारी अस्पताल | १६३ | ०.१७ | २ | १३ | १७८.१७ |
| ९. | करदाता सेवा कार्यालय | ३० | १५०८ | ० | ० | १५३८ |
| १०. | कारागार कार्यालय | ६९ | ० | ०.०८ | ० | ६९.०८ |
| ११. | घरेलु तथा साना उद्योग विकास समिति | १०० | २४ | १४ | ० | १३८ |
| १२. | जिल्ला हुलाक कार्यालय | ३४५ | २१ | ०.०४ | ० | ३६६.०४ |
| १३. | जिल्ला प्रशासन कार्यालय | १२६ | २७८ | १८ | ८ | ४३० |
| १४. | जिल्ला प्रहरी कार्यालय | ९८१ | ०.३२ | १ | ० | ९८२.३२ |

| क्र. स. | कार्यालयको नाम | विनियोज/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | ले.प.अङ्क |
|---|---|---|---|---|---|---|
| १५. | डिभिजन सहकारी कार्यालय | ६१ | ०.४९ | ० | ० | ६१.४९ |
| १६. | तथ्याङ्क कार्यालय | ५२ | ०.०६ | ०.१७ | ० | ५२.२३ |
| १७. | नं. १८ फिल्ड एम्वुलेन्स गुल्म | १८० | ० | १ | ० | १८१ |
| १८. | नं. १८ बाहिनी अड्डा | ९४४ | ०.४६ | ८ | ० | ९५२.४६ |
| १९. | नापी कार्यालय कटारी | २९ | ३ | ० | २ | ३४ |
| २०. | भवानीदल गण | २२१९ | २ | ९ | ० | २२३० |
| २१. | मालपोत कार्यालय, कटारी | ४५ | ३२ | ० | ४० | ११७ |
| २२. | मालपोत कार्यालय, गाईघाट | ७८ | ३१ | १२ | ३२३ | ४४४ |
| २३. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ३९ | ० | ० | ० | ३९ |
| २४. | रोगजार सूचना केन्द्र | १२ | ० | ० | ० | १२ |
| २५. | सगरमाथा अञ्चल आयुर्वेद औषधालय | ५३ | ० | ०.१७ | ० | ५३.१७ |
| २६. | शसस्त्र प्रहरी बल, त्रियुगा गुल्म | ७३१ | ० | ० | ० | ७३१ |
| | **जम्मा** | **७२४५** | **१९५५.५** | **१२७.६१** | **३८६** | **९७१४.११** |
| | **कूल जम्मा** | **२६७७९** | **२३६८.०८** | **२८२.१२** | **१६६३८.७७** | **४६०६७.९७** |

अनुसूची २

# बेरुजूको स्थिति

(रु हजारमा)

| क्र. स. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियाबाट फछ्यौट र समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को क्रममा | प्रतिक्रियाबाट | जम्मा |
| १. | उदयपुर जिल्ला अदालत | १ | सैदान्तिक | | | १ | ० | ० | ० | ० | | ० | ० |
| २. | अस्पताल विकास समिति उदयपुर | १२ | ९१२ | ६ | ० | ६ | ४९ | ८६३ | ० | ९१२ | २९० | ० | ० |
| ३. | कटारी अस्पताल | १ | १४ | ० | ० | १ | १४ | ० | ० | १४ | ० | ० | ० |
| ४. | करदाता सेवा कार्यालय | १ | सैदान्तिक | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ५. | कोष तथा लेखा नियन्त्रक कार्यालय | ८ | सैदान्तिक | २ | ० | ६ | ० | ० | ० | ० | ० | ० | ० |
| ६. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | २२ | ९००९ | ६ | ० | १६ | ४ | ६४०५ | २६०० | ९००९ | ० | ० | ० |
| ७. | गाईघाट-दिक्तेल सडक आयोजना | २२ | १५४७९ | ६ | ० | १६ | १३०९ | ६४७० | ७७०० | १५४७९ | ० | ० | ० |
| ८. | घरेलु तथा साना उद्योग विकास समिति | १ | सैदान्तिक | ० | ० | १ | | | | | ० | ० | ० |
| ९. | जिल्ला कृषि विकास कार्यालय | १४ | १४६९ | ३ | ० | ११ | | १४६९ | | १४६९ | ० | ० | ० |
| १०. | जिल्ला पशु सेवा कार्यालय | १२ | १९७३ | ३ | ० | ९ | १३ | १९६० | ० | १९७३ | ० | ० | ० |
| ११. | जिल्ला प्रशासन कार्यालय | २ | २२३ | ० | ० | २ | | २२३ | | २२३ | ० | ० | ० |
| १२. | जिल्ला प्राविधिक कार्यालय | ८ | ७००२ | ० | ० | ८ | ८६ | ४७७१ | २१४५ | ७००२ | ० | ० | ० |
| १३. | जिल्ला भू-संरक्षण कार्यालय | १० | १०७६ | ४ | ० | ६ | ० | १०७६ | | १०७६ | ० | ० | ० |
| १४. | जिल्ला वन कार्यालय | ४७ | ८७४५ | २१ | ९१४ | २६ | १६७ | ७१६४ | ५०० | ७८३१ | ० | १७ | १७ |
| १५. | जिल्ला विकास समितिको कार्यालय | ५४ | ४१८५३ | १ | ० | ५३ | ६३५ | ३४७६२ | ६४५६ | ४१८५३ | ० | ० | ० |
| १६. | जिल्ला स्वास्थ्य कार्यालय | २५ | २८३० | १० | ० | १५ | १२५ | २४९७ | २०८ | २८३० | ० | ० | ० |
| १७. | जिल्ला हुलाक कार्यालय | २ | सैदान्तिक | ० | ० | २ | | | | | ० | ० | ० |
| १८. | जिल्ला शिक्षा कार्यालय | ३६ | १०३२०६ | १७ | ० | १९ | १३२७ | ९७४८७ | ४३९२ | १०३२०६ | ० | ० | ० |
| १९. | डिभिजन सहकारी कार्यालय | १ | सैदान्तिक | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| २०. | तथ्याङ्क कार्यालय | १ | सैदान्तिक | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| २१. | धरान चतरा गाईघाट कटारी सिन्धुली हेटौंडा सडक योजना | २ | सैदान्तिक | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| २२. | नं. १ राष्ट्रिय विकास गण वेलसोत | १ | सैदान्तिक | १ | ० | | ० | ० | ० | ० | ० | ० | ० |
| २३. | नापी कार्यालय गाइघाट | ८ | १२३७ | ३ | ० | ५ | ९ | १२२८ | ० | १२३७ | ० | ० | ० |
| २४. | महिला तथा बालबालिका कार्यालय | ६ | ६९१ | ३ | ३ | ३ | ० | ६८८ | | ६८८ | ० | ० | ० |
| २५. | मालपोत कार्यालय उदयपुर | २ | सैदान्तिक | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| २६. | मालपोत कार्यालय कटारी | १ | सैदान्तिक | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |

| क्र.स. | कार्यालयको नाम | सूरु बेरुजू | | प्रतिक्रियाबाट फछ्यौट र समायोजन | | बाँकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेश्की | जम्मा | ले.प.को क्रममा | प्रतिक्रियाबाट | जम्मा |
| २७. | यातायात व्यवस्था सेवा कार्यालय | ४ | ९६१ | ३ | ० | १ | ० | ९६१ | ० | ९६१ | ० | ० | ० |
| २८. | सगरमाथा अञ्चल आर्यूवेद औषधालय | ३ | ३४६ | | ० | ३ | ० | ३४६ | ० | ३४६ | ० | ० | ० |
| २९. | शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय | २८ | ४७७८८ | ८ | ० | २० | १९१ | २०७६८ | २६८२९ | ४७७८८ | ० | ० | ० |
| ३०. | सिंचाई विकास डिभिजन | १५ | ५७७५ | ३ | ० | १२ | २६५ | २५४० | २९७० | ५७७५ | ० | ० | ० |
| ३१. | स्थानीय विकास कोषको सचिवालय | ७ | ९९० | ० | ० | ७ | २०० | ७९० | | ९९० | ० | ० | ० |
| | **जम्मा** | **३५७** | **२५१५७९** | **१०१** | **९१७** | **२५६** | **४३९४** | **१९२४६८** | **५३८००** | **२५०६६२** | **२९०** | **१७** | **१७** |

**द्रष्टव्यः**

- *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ।*
- *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्यामा प्रतिकृयाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरीएको छ।*

# जिम्मेवार पदाधिकारीहरुको नामावली

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १. | उदयपुर जिल्ला अदालत | श्री राज कुमार निरौला<br>श्री ऋतु ब. पुलामी | श्री टीकादेवी आचार्य<br>श्री पुनम घिमिरे |
| २. | अस्पताल विकास समिति उदयपुर | श्री चुमन लाल दास<br>श्री विष्णु बहादुर वस्नेत | श्री महेश वाग्ल |
| ३. | कटारी अस्पताल | श्री नन्द किशोर चौधरी<br>श्री हरी ब. खड्का | श्री महेश पन्न<br>श्री टीका देवी आचार्य |
| ४. | करदाता सेवा कार्यालय | श्री राम कुमार श्रेष्ठ<br>श्री रमानाथ दहाल | श्री विष्णु ब. खड्का |
| ५. | कोष तथा लेखा नियन्त्रक कार्यालय | श्री रुद्र बहादुर कार्की | श्री विष्णु बहादुर खड्का |
| ६. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | श्री राम कुमार श्रेष्ठ<br>श्री रमाकान्त दुवाडी | श्री नित्य प्रसाद भट्टराई |
| ७. | गाईघाट-दिक्तेल सडक आयोजना | श्री विनोद प्रसाद सापकोटा | श्री रोहित कुमार श्रेष्ठ |
| ८. | घरेलु तथा साना उद्योग विकास समिति | श्री गोपाल प्र. शर्मा<br>श्री गोकर्ण राज जोशी | तारानाथ आचार्य |
| ९. | जिल्ला कृषि विकास कार्यालय | श्री पवन गिरी | श्री यादव प्रसादपोखरेल |
| १०. | जिल्ला पशु सेवा कार्यालय | श्री जगवीर यादव<br>मो. मुस्ताफा | श्री शिव कुमार कुंवर |
| ११. | जिल्ला प्रशासन कार्यालय | श्री कृष्ण चन्द घिमिरे | श्री वर्ष तिमिल्सीना |
| १२. | जिल्ला प्राविधिक कार्यालय | श्री नवीन कुमार सिंह | श्री हुतराज पौडेल |
| १३. | जिल्ला वन कार्यालय | श्री देवेन्द्रलाल कर्ण | श्री क्षेत्र बहादुर कटुवाल<br>श्री हेमराज पौडेल |
| १४. | जिल्ला विकास समितिको कार्यालय | श्री कपिताम्वर अधिकारी | श्री नारायण प्रसाद दुलाल |
| १५. | जिल्ला भू-संरक्षण कार्यालय | श्री इन्द्र प्रसाद अधिकारी | श्री रमेश ढुगांना |
| १६. | जिल्ला स्वास्थ्य कार्यालय | श्री चुमनलाल दास | श्री नारायण प्रसाद आचाय |
| १७. | जिल्ला हुलाक कार्यालय | श्री कोमल राज निरौला | श्री चन्द्रमणी पौडेल<br>श्री संजिव पाण्डे |
| १८. | जिल्ला शिक्षा कार्यालय | श्री हरि प्रसाद वस्ती<br>श्री दिलिप कुमार ठाकुर | श्री राम सेवक शाह<br>श्री सुनिल न्यौपाने |
| १९. | डिभिजन सहकारी कार्यालय | श्री पुण्य पौडेल<br>श्री ध्रुव कुमार भण्डारी | श्री विरेन्द्र प्र. शाह<br>श्री चित्र प्रसाद आचार्य |
| २०. | तथ्याङ्क कार्यालय | श्री शिव नारायण महत्तो | श्री कविन्द्र कु. प्रसाई |
| २१. | धरान चतरा गाईघाट कटारी सिन्धुली हेटौंडा सडक योजना (पूर्वी खण्ड) | श्री उमेश विन्दु श्रेष्ठ | श्री दहलमान राई |
| २२. | नापी कार्यालय गाइघाट | श्री आनन्द कुमार देव | श्री तोयानाथ तिवारी |
| २३. | महिला तथा बालबालिका कार्यालय | श्री भोजकला दवाडी<br>श्री निर्मला कार्की | श्री नेत्र प्रसाद रिजाल |
| २४. | मालपोत कार्यालय उदयपुर | श्री चन्द्रमणी घिमिरे<br>श्री ठाकुर प्रसाद सिग्देल | श्री यादव प्र. निरौला<br>श्री विनोद काफ्ले |
| २५. | मालपोत कार्यालय कटारी | श्री बुगु प्रसाद आचार्य | श्री यादव प्र. निरौला |
| २६. | यातायात व्यवस्था सेवा कार्यालय | श्री सुरेन्द्र कुमार कर्ण<br>श्री शिव कुमार तिमिल्सिना | श्री चन्द्र प्रसाद गुरागाई |
| २७. | सगरमाथा अञ्चल आर्यूवेद औषधालय | श्री डा. राम प्रवोध चौधरी | श्री रन्जना अधिकारी |
| २८. | शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय | श्री व्रहमदेव चौधरी<br>श्री प्रदिप कु. सिंह | श्री गुन प्रसाद दुलाल |
| २९. | सिंचाई विकास डिभिजन | श्री सुरेन्द्र कुमार झा<br>श्री रन्जित कुमार झा | श्री हेमराज पौडेल<br>श्री दयाराम काफ्ले, श्री अनिल ढुङ्गेल |
| ३०. | स्थानीय विकास कोषको सचिवालय | श्री राजकुमार खड्का | श्री भूपध्वज रायमाझी |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np